

अभिलेख

श्री ५ को सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

–राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख

ABHILEKHA

वर्ष १० ● २०४१ ● अंक १०

सम्पादक-मण्डल
सानीमैयां राणा
अम्बिका प्रसाद रेग्मी
पूर्णरत्न वज्राचार्य

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मितिः– २०४६ साल आश्विन १७ गते

प्रथमवारः- ५०० प्रति

मूल्यः– १०/–

मुद्रक : संकटा प्रेस, ख १–८३ टेवहाल, काठमाडौं–३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

"अभिलेख" पत्रिकाको यो अङ्क राष्ट्रिय अभिलेखालयको २५ औं जन्म-दिनको उपलक्ष्यमा प्रकाशनमा ल्याइएको छ। राष्ट्रिय अभिलेखालय र राष्ट्रिय सम्पत्तिका रूपमा संरक्षित अभिलेखहरूको चिनारी गराउने खालका सामग्रीहरू समावेश गरी प्रकाशित गर्दै जाने उद्देश्यअनुरूप नै विगतका अंकहरूमा जस्तै यस अङ्कमा पनि अग्निमठबारे थप सामग्री, कौसी तोषाखानाबाट प्राप्त लालमोहर, ताम्रपत्र, राजा जगज्ज्योतिमल्ल विरचित नीतिसार संग्रह एक अध्ययन, राजा योगनरेन्द्र मल्लले सामाजिक व्यवस्था सम्बन्धमा गरिदिएको लालमोहर, भूमि सम्बन्धी केही ताडपत्र-तमसूक, कोलिग्राम (कान्तिपुर) केही अध्ययन सामग्री-हरू समावेश गरिएका छन्।

अन्तमा, अभिलेखसम्बन्धमा रूचि राख्ने विद्वान्‌हरूको सुझाव स्वागतयोग्य हुनेछ। अस्तु।

सानीमैयाँ राणा
का. मु. प्रधान अनुसन्धान अधिकारी
राष्ट्रिय अभिलेखालय

मिति : १७ आश्विन २०४९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय–सूची

विषय	लेखक	पृष्ठ संख्या
१. अग्निमठबारे थप सामग्री	–ऐश्वर्यधर शर्मा	१
२. कौसी तोषाखानाबाट प्राप्त लालमोहर		६
३. ताम्रपत्र		३१
४. राजा जगज्ज्योतिमल्ल विरचित नीतिसार संग्रह एक अध्ययन	–डा. जनकलाल वैद्य	७४
५. राजा योगनरेन्द्र मल्लले सामाजिक व्यवस्था सम्बन्धमा गरिदिएको लालमोहर	–उद्धव आचार्य	८०
६. The Tibetan Section of the Nepal–German Manuscript Preservation Project (NGMPP) in the Year 1992 Actual Archievements and Future Prospects	*–Dr. Franz–Karl Ehrhard*	८२
७. भूमिसम्बन्धी केही ताडपत्र–तमसूक	–पूर्णरत्न वज्राचार्य	८७
८. कोलिग्राम (कान्तिपुर) केही अध्ययन	–तीर्थलाल नःघःभनी (राजभण्डारी)	१२३
९. वार्षिक गतिविधि		

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक परिचय

ऐश्वर्यधर शर्मा	अनुसन्धानकर्ता
डा. जनकलाल वैद्य	सह-प्राध्यापक, त्रिचन्द्र क्याम्पस
उद्धव आचार्य	पुरातत्त्व अधिकृत, पुरातत्त्व विभाग
डा. फ्राञ्जकार्ल एहार्ड	निर्देशक, नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना
पूर्णरत्न वज्राचार्य	स. धर्मशास्त्राचार्य, राष्ट्रिय अभिलेखालय
तीर्थलाल नःघभनी (राजभण्डारी)	अनुसन्धानकर्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्निमठबारे थप सामग्री

–ऐश्वर्यधर शर्मा

ललितपुर, मङ्गलबजारको दरबारक्षेत्रको दक्षिण र पश्चिमको कोणमा पर्ने थबुटोलमा अवस्थित अग्निमठ प्राचीनतम मठमध्ये एक प्रसिद्ध मठ हो। यहाँ हरेक वर्ष मकर सङ्क्रान्ति (माघे सङ्क्रान्ति) को दिन भक्तजनहरूको घञ्चोमञ्चो लाग्दछ। यस मठको कक्षभित्र गार्हपत्य, दक्षिणाग्नि, सभ्य, आहवनीय तथा आवसथ्य नामक पञ्चाग्नि हवन हुन्छ।[1] साथै मित्रावरुणदेव पनि प्रतिष्ठापित छन्।

यहाँका यी पञ्चाग्निका हवनकुण्डहरूमा नित्य प्रातःसायं हवन, यजन तथा पूजनक्रिया पुरातनकालदेखि अविरल चलिरहेकै छ। कारणवश यदाकदा पञ्चाग्नि-विषयक कृत्यहरू अवरूद्ध पनि हुने गर्दछन्। हाल क्रान्तिद्रष्टा देवलऋषिको सुधार-वादी मतमुताविक अवस्था अनुरूप विधानान्तरहरूका स्वरूपहरूमा फेरबदल भएका छन्। सो कदमलाई सबैले सराहनाका साथ पूर्णतः स्वागत गरेका छन्।

वैदिक तथा तान्त्रिक महत्ता र सत्ताको सम्मिश्रणले युक्त उक्त अग्निमठको अन्तःकक्षमा अग्निहोत्रका अन्तर्गत पर्ने ब्रह्म, विष्णु, रुद्र, सूर्य तथा सभ्य नामक कुण्डहरूमा पाटनका प्राचीन निवासी ब्राह्मणहरूले सदादेखि हवनाधिकार कायम राखेका छन्।

त्यहाँका अग्निहोत्रशालाका कुण्डरचना–प्रकारहरू पृथक् पृथक् छन्। सुषमा र समुच्च भूमिमा बनेका ती कुण्डहरू कुण्डनिर्माणपद्धति अनुसार भएका छन्।

---

१. आवसथ्याहवनीयौ दक्षिणाग्निस्तथैव च।
अन्वाहार्यो गार्हपत्य इत्येते पञ्च वह्नयः॥
–हलायुधः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोही चतुष्कोणाकार, कोही वृत्ताकार तथा कोही अर्द्धवृत्ताकारका कुण्डहरू छन् । यहाँका आज्यस्थाली, चरुस्थाली, प्रणीता, पुरोडाश पात्रविशेष तथा स्रुक्स्रुव आदि यज्ञीय साधनस्रोतहरू सबैका आकृतिहरू श्रौतस्मार्तशास्त्रानुसार निर्माण भएका छन् ।

यहाँका सम्पूर्ण हवनकर्म पाटनका षट्कुल ब्राह्मणपरिवारका प्रतिनिधिमार्फत् हुने गर्दछन् । यी षट्कुल ब्राह्मणहरू मध्यदेश (कान्यकुब्ज) बाट धेरै अगाडि यहाँ आएका हुन् भन्ने मङ्गलानन्द राजोपाध्यायको भनाइ छ ।[1] यी षट्कुल ब्राह्मणहरूका खलकहरू नै सदादेखि ज्येष्ठक्रम अनुसारै अग्निहोत्रसम्बन्धी कार्यकलापमा सहभागी रहँदैआएका छन् । मध्यकालमा मल्लराजाहरूले पनि यस अग्निमठमा चाख राख्ने गर्दथे ।[2]

यहाँ नित्य–नैमित्तिक हवनकर्मका अतिरिक्त ग्रह–शान्तिहवन कर्म पनि हुने गर्दछन् । वेला वखतमा सार्वजनिक तथा पार्वणिक विशेष हवनविधिहरू पनि हुने गर्दछन् । वैशाख पूर्णिमाका यवान्नविधि, श्रावण–पूर्णिमाका पवित्रारोहणविधि, आश्विनपूर्णिमाका नवान्नविधि, कार्तिकपूर्णिमाका वर्षवन्धनविधि, कृष्ण र शुक्ल-पक्षका अग्निष्टोमविधि तथा इन्द्राग्नीष्टोमविधिहरू विशेष उल्लेखनीय छन् ।

पूर्वीय जीवनमा अग्निहोत्रले ठूलो ठाउँ ओगटेको छ । प्राचीन कालमा नित्य अग्निहोत्र हुन्थ्यो । विवाह-संस्कार उपरान्त भने छुट्टाछुट्टै अग्निहोत्रविधि गर्नुपर्ने अनिवार्यता थियो । तर कालान्तरमा जनघनत्व र इन्धनको विकराल समस्या टड्कारो रूपले खडा हुन आउँदा यस प्रकारको जीवनशैली अव्यावहारिक र असम्भवप्राय: वन्दैगयो । यो अग्निमठ त्यसैको रूप हो । यसकारण अब अग्नि केवल प्राच्य अवशेषको रूपमा मात्र ग्रहण गर्न सकिन्छ ।

अग्निमठको इतिवृत्त, शिल्प तथा शीलपक्ष केलाउँदा, यहाँका वास्तुकला-पद्धतिपट्टि दृष्टिपात गर्दा वैदिक र तान्त्रिक मतसमवेत मौलिकताको चुलीतर्फ

१. उहाँले पयाकदेव आदि षट्कुल ब्राह्मण यहाँ आएका हुन् भनी केही पद्य सुनाउनुभएको थियो । तर सबै याद रहेन । एक पाद मात्र याद छ । सो याद यसप्रकार छ:–

"मध्याद्देशत अग्रवर्णकुलजा: श्रीपयाकदेवादिका:"

यसबारे पछि अरू जिज्ञासा राख्दा आजसम्म लिखितरूपमा केही भेट्टिएका छैनन् ।

२. ऐश्वर्यधर शर्मा– 'अगिँमथ:या ऐतिहासिक सामाध्री' (अग्निमठको ऐतिहासिक सामग्री) नामक कृति हेर्नुहोला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रो ध्यान हठात् आकर्षित गर्दछ। त्यहाँका क्रियायोगान्तर्गतका तान्त्रिक प्रयोग, उक्त मठको भवनमा प्रयुक्त काठका टुँडालहरूमा अङ्कित खुला कामकलाका विचित्र चित्रहरू तथा हवनकालमा उच्चरित ऋचाका हिन्दोल रागका ध्वनि आदिले वेद र तन्त्रको समन्वयात्मक पक्षका ज्वलन्त दृष्टान्त हुन्।[1]

अग्निमठबारे थप सामग्री–

मूल पाठ

रागविभास ।।
हाय २ गथिन मित्रावरुणदेव ।। ध्रु ।।
ओपिमूलन बिज्याक ललितापुरि थेन देव ।।
लोकयात रक्षा याङाम्रो बिज्यात ।।१।।

ब्रह्मा विष्णु महेश्वर अग्निरूप केन देव ।।
ग्रहपति शान्ति याङाम्रो बिज्याक ।।२।।

जपत ध्यान थास छि विना मेव मदु ।।
पर मुक्ति लाय स्वय नरदेह जुयाम्रो ।।३।।

राजमुषखण्डलसाल थुगु संवत साल जुल ।।
कार्तिकया पूर्णतिथि सोमबार दिन ।।४।।

अनुवाद

हाय हाय कस्ता मित्रवरुणदेव हुनुहुन्छ ।।
ओपिमूलबाट ललितपुरमा आउनुभयो ।।
लोकलाई रक्षा गर्नुभयो ।।१।।

ब्रह्मा, विष्णु र महेश्वर यी त्रिमूर्तिले
अग्निदेवको स्वरूप धारण गर्नुभयो ।।
ग्रहपतिलाई शान्ति गराउनुभयो ।।२।।

---

१. यो सामग्री शुक्रलाल श्रेष्ठको सौजन्यले मैले पाएको हुँ। यो मोटो दाफा भजनको 'पञ्चाग्नि'को भजन हो। यो भजनसंग्रह हरिताल लगाएको नेपाली पाको कागजमा नेवारी लिपिमा लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जप र ध्यानस्थान हजुर विना अरू हुनुहुन्न ।।
मान्छेको चोला लिएर परम मुक्ति लिन सकूँ ।।३।।

गज (८) मुख (६) खण्डल (?) को सालको
कार्तिकपूर्णिमाको सोमवार दिन भयो ।।४।।

दाफा भजनसंग्रहको पाण्डुलिपिमा पुष्पिका पनि लेखिएको छ । सो पुष्पिकाको वाक्यांश पनि महत्त्वप्रद जँचेकोले प्रामाणिकताका लागि दुरुस्त यहाँ उतार्दैछु ।

पुष्पिकावाक्य

नेपालाग्नियुग्मधरणिसहिते सम्बत्सरे भाद्रके
शुक्ले प्रतिपदसूर्य्यवारलिखिने सिद्धयन्ति गीतं मिदम् ।।
मुक्तिवांछितमानकृष्णवैस्यलिखितं श्रीदेवीप्रितिकृतं
स्वेष्टैदैवतमातापूर्णचण्डीचरणे साष्टांगनृत्ये कृतः ।।१।।

यादृष्टं पुष्टकं दृष्ट्वा तादृष्टं लिखितं मया ।
यदि सुद्धं असुद्धं वा मम दोषो न दीयते ।।१।।

श्रेयोस्तु ।। श्री शाके सम्बत १८०५ विक्रमादिते सम्वत १९४० नेपालि शंखधर सम्वत १००३ भाद्रपद मासया प्रतिपदा आदित्यवार थ्व कुन्हु ववथु तौझ्यालया पाववंश राओट् मानकृष्ण बाबु भारोस्न थमन मे संग्रहि याङाओ थ्व किताप चोसें सिधयका जुलो थ्व किताप चोकह्म अग्यानी थुका ज्ञानीगुणिपनिसन स्वयाओ सेङाओ चोङ दक्व मे ह्लोङाओ बिय माल ।।

थ्व किताप लोभ यातसा पञ्चमहापाटक लाक श्री ३ पूर्णचण्डीया कुदृष्टि जुलो शुभं ।। ।।

अनुवाद

नेपाल संवत् १००३ भाद्रशुक्ल प्रतिपदा तिथि आदित्यवार यो गीत (पुस्तक) लेखिसिद्धियो । श्री देवीलाई खुशीपार्न तथा मुक्तिको इच्छाले मानकृष्ण वैश्यले लेखेको स्वेष्टदेवता माता पूर्णचण्डीको चरणमा साष्टाङ्ग दण्डवत् नृत्य गरियो ।

जस्तो पुस्तक देखें तस्तै मैले लेखें । यदि शुद्ध अशुद्धको त्रुटि भएमा मलाई दोष न दिनुहोला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कल्याण होस् । शक संवत् १८०५, विक्रम संवत् १९४०, नेपाल संवत् १००३ भाद्र (शुक्ल) प्रतिपदाको आदित्यवार यो दिन क्वथु तौझ्यालको पात्रवंश रावत मानकृष्ण बाबु भारोले आफूले गीत (भजन) सङ्ग्रह गरेर यो किताप लेखी सिद्धयाएको भयो । यो किताप लेख्ने अज्ञानी जानी ज्ञानी–गुणीहरूले हेरी त्रुटि रहेको सबै गीत सच्याइदिनुपऱ्यो ।

यो किताप कसैले लोभ नगर्नू । लोभ गऱ्यो भने पञ्चमहापाप लागोस् । श्री पूर्णचण्डी देवीको कुदृष्टि पर्ला । शुभम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

(अभिलेखको प्रत्येक अङ्कमा विविध ऐतिहासिक सामग्रीहरू प्रकाशित गर्दै जाने योजना अनुसार यस अङ्कमा पनि कौसी तोषाखानाबाट प्राप्त २० थान लाल-मोहर प्रकाशित गरिएको छ ।)

विषयः– भादगाउँका प्रजाहरूका लागि वर्षामा वेसाहाको थिति गरिबक्सेको ।

मितिः– १८९७।६।६ खाम संख्या १११

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का– – – – – – – – – – – – – –
२. आगे लक्ष्मिदास प्रति सहर भादगाउँका प्रजाहरूले वर्षामा वेसाहा
३. गर्न नपाइ षान पाउदैनन् भंन्या कुरो हाम्रा हजूरमा जाहेर हुदा ता
४. हिका ९७ सालका आम्दानी मध्ये रूपैया ५००१ ले मंसिर महिनामा
५. धान चावल षरीद गरि ताहिका दर्वारमा वढिया जगामा थनक्या
६. ई चौकी पहरा राषी चैत वैसाषमा किफायतसित विक्री गरि ष
७. रीद वीक्रिको ज्मा षर्च बुझाइ फारषति लिन्या गर इति सम्वत १८
८. ९७ साल मिति आश्वीन सुदि ६ रोज ६ शुभम– – – – – – – – – – – –

विषयः– शहर पाटनका प्रजाहरूका लागि वर्षाका वेसाहा गर्ने थिति गरिबक्सेको ।

मितिः– १८९७।६।६ खा. सं. ११२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रूक्का
२. आगे धनसुन्दर प्रति सहर पाटनका प्रजाहरूले वर्षामा वेसाहा गर्न
३. नपाई षान पाउदैनन् भंन्या कुरो हाम्रा हजूरमा जाहेर हुदा ताहिका
४. ९७ सालका आम्दनी मध्ये रूपैया ५००१ ले मंसिर महिनामा धान चा
५. वल षरीद गरि ताहिका दर्वारमा बढिया जगामा थनक्याई चौकी
६. पहरा राषी चैत वैसाषमा किफायतसित वीक्रि गरी षरीद विक्री
७. को ज्मा षर्च बुझाइ फारषति लिन्या गर इति सम्बत १८९७ साल मि
८. ति आश्वीन सुदि ६ रोज ६ शुभम्-----------------

विषयः– इन्दीवर जोसीलाई वंगलटोल (इन्द्रचोक) ठठु लायकु सरकारिया घरपसलको सुना विर्ता लालमोहर गरिबक्सेको ।

मितिः– १८७५।९।४।४ खा. सं. ११३

श्री १

श्री कुसेश्वर ३ | कासी ६ | श्री देवी ८

श्री जिज्यु वाज्या पृथ्विनारायण साह १ | श्री वाज्याज्यू रणवहादूर साह ४

श्री जिज्यु वज्या राजेन्द्र लक्ष्मि २ | श्री वुवाज्यू ७

श्रीगुरु स्यामलाल मिश्रज्यू ५

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानो
२) न्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रम साह वहादुर सम्सेर जंङ देवानां
३) सदा समरविजयिनाम्---------------------
४) आगे. इन्दीवर जोसीके अघि तिम्रा वावा वालकृष्ण जोसीलाई नेपाल अम्वल भया पछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) --१--काठमाडौं वंगलटोल. ठठु लायकु सर्कारीया घरपसल समेत जा
६) गीर गरी वक्स्याको. १२ वर्ष सम्म वेहोरी वसी चलन भयाकोमा संग्रामसिं माधर्वसिं नेवारले
७) घरका दैल्हानेराका पसल र हाम्रा मुना विर्त्ता हुंन् भनी विन्ति गरी लाल-मोहर गराई कच
८) वच गर्दा. तिम्रा वावाले--२--का हजूरमा. वेवरा विन्ती पुऱ्याउंदा अघिदेषि ग्रा
९) ज तक वेहोऱ्याको थामी वक्स्याकै छ तिमी दुमजा--३--मा पुरश्चरण गर्न जाउ भ
१०) नि हुकुम हुदा. दुमजा गै पुरश्चरण गरी सकि आया पछि. सम्वत १८३८ साल आषाढि
११) संक्रातिका दिन पुरश्चरणको दक्षिणा--४--वाट संकल्प गरी घर कच-वच पऱ्या
१२) को संक्रार्मसि माधोर्सि नेवारका पसल समेत विर्ता गरी वक्स्याको. तस्को साध पू
१३) र्व टौढिक उंदासको घर र सहर वाटाको साध. दक्षिण. ढुंगाको देवल र वाटाको सांध
१४) पश्चीम सहर मैदानको सांध. उत्तर मुलगल्लीको सांध. एति चारकिल्ला भित्रको घर षा
१५) ११ जवा ३ चोक पाताल षा ६ जंवा १ हात १।।. तिनै पट्टीका पसलषा १० जवा ३ हात १५।।.
१६) पाताल षा ३ जवा १ हात २।।. संकल्प हुदाका रूजू--५--काजी अभिमान
१७) सिं वस्न्यात. न्याय केशरी पंडित. पानी हालन्या देवान वलभद्र साह. संकल्प गराउं
१८) न्या. जज्ञश्वर पुरोहीत रघुनाथ पंडित हरिकृष्ण वैद्य. सधियार छेभडेल हरिवंस उं
१९) पाध्या अधिकारी जयकृष्ण थापा. जै भद्र वोहोरा. काशि पाध्या षनाल. सत्येश्वर रेग्मी वि
२०) जयानन्द पाध्या वासकोटा. नापन्या कर्मि नाईक्या. घनसिरि कृष्ण (ना) रानहरू गै साधसी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२१) वाध गरी विर्त्ता भयाका १६।१७ वर्ष पछि डिट्ठा साढ्या वैद्यसीत संग्राम-
सिको छोरो देवी

२२) दासले. हाम्रा सुना विर्त्ता लालमोहर गरी वक्स्याको वल मिच्या भनि अघि
भयाका मो

२३) हर देषाइ पसल वाहाली गरेछ. ५८ सालमा. तिम्रा वावा – –६– – वास
गर्न जा

२४) नालाई हजूरमा विदाहुदा – –७– – वाट अघि विर्त्ता वक्सदा. साध किल्ला

२५) भीत्र पऱ्याको घर पसल थामी वक्सेको छ. छेभडेल थर घर जाई वाहाली
चलाइदे

२६) उ भनि हुकुम हुदा थर घर जेठा वुढा लक्ष्मिदास पंथ दल्या थापा. मैदानी
सभा पाली

२७) अनर्थ डिठ्ठावाट आयाका जन विन्नर्रसि १ घनवंन्त १ चिगढि १ अघिका
साध सिवाध

२८) वमोजीम देवीदास गैन्ह नेवारहरूले वाहाली गऱ्याका पसल समेत साध धुमी
वाहाली

२९) चलाइ दियाको रहेछ. फेरी नेवारहरूले. मिच्याछन् पछि – –४– – का
पावर षवार – –६– – वा

३०) ट तिमी आउंदा अघि वक्स्या वमोजिम नेवारहरूले जफत गऱ्याका पसल
समेत वक्स्यैको छ

३१) वाहाली चलाई देउं भनि श्री जनरल भिमसेन थापा काजी दलभंजन पाडे-
लाई हुकुम हुदा. स.

३२) र्दार भैरवंसि वस्न्यातलाई षटाई – –८– – दत्त कंपनीका हुदा सीपाही
पठाई वाहाली भया

३३) को रहेछ अघि साध सिवांध भया वमोजिम आजतक षाई चर्चि आयाको घर
देवीदास गै

३३) न्ह नेवारहरूले सुना विर्ताको मोहर तारपत्र छ भनि कचवच गऱ्याका पसल
समेत सच्याई वि

३४) र्त्ता घर पसलको मोहर गरी वक्स्याको ताम्वापत्र गरी वक्स्यौं. आफ्ना पती-
र्ज्यासीत घर पसल संतान दर सं

३५) न्तान सम्म विर्त्ता जानी भोग्य गर ईति सम्वत १८७५ साल मिति पौष वदि
४ रोज ४ शुभम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– कप्तान वीरभद्र कुवरलाई काठमाडौं प्याफलटोलका घर-वारीमा कवुतरखाना वनाई दिराखेको घरवारी पाताल विर्ता गरिवक्सेको ।

मिति:– १८८७।७।९।१ खा. सं. ११४

श्री दुर्गाज्यू १

श्री ५ वाज्याज्यू
१

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमा

२) न मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज राजेन्द्र विक्रम साह वहादू

३) र सम्सेर जङ देवानां सदा समरविजयिनाम्-------------

४) आगे कपतान विरभद्र कुवरके सम्वत् १८८५ साल मार्ग वदि १० रोज २ का दिन

५) औ सम्वत् १८८७ साल ज्येष्ट शुदि १ रोज १ का दिन घर पाताल विर्ता गरिवक्स्या.

६) को मोहर ताम्वापत्र गरिवक्स्यौं. सहर काठमाडौं प्याफल टोल भुईछे घर अ

७) घि नेपालका पालादेषि घर वनाई राख्याको. हाम्रो प्रवेस नेपाल हुदा. टक्सार

८) वनाई वारि समेत रैकर भै रह्याको सोहि वारिमा --१-- वाट कवुतर-षाना वनाई प

९) रेवा पालन्याहरूलाई घर वनाई दि राष्याको सोहि घरवारि. पछि गवैया र कस

१०) वी दंमाइहरूलाई वास दि राष्याको घर पाताल. तस्को सांध पूर्व टक्सारका

११) घरका. वल्यानि पाताल. भाच्चा जैसिका पर्षाल वल्यानि देषि पश्चिम दषि

१२) न. भाच्चा जैसिका वल्यानि र. गोपाल जैसिका वल्यानि मुलको साधदेषि उं

१३) तर पश्चिम. मुगल सालका. पाताल. हिरालाल झाहरूका घर पाताल. भि

१४) मनारायेन नेवारहरूका घर. पाताल साधदेषि पुर्व उंत्तर. वंजारहिटि जा

१५) न्या वाटोका सांधदेषि दछिन येति सांध भित्र ८५ साल मार्ग वदि १० रोज २ का

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१६) दिन. पायाको घर षा ३ जवा २ हात २ अंगुल ९ पाताल षा २९ जवा ३ हात
१७) ७ अंगुल २० साल ८७ का ज्येष्ट शुदि १ रोज १ का दिन पायाको पाताल षा
१८) ३ हात ६ अंगुल १ दुवैपटक पायाको ज्मा घर पाताल षा ३६ जवा १ हात
१९) १६ अंगुल ६ विर्ता जानि भोग्य गर. साघ लाउन्या सवियार थर घर मोद
२०) नाथ अर्ज्याल्. मित्र सर्म पंथ. गोकुल षनाल्. हरिवंस वहोरा. सुव्वा कुलान
२१) न्द झा. कोत्या डिठ्ठा सरुप विष्ट छेभडेल् कालिदास रामचन्द्र पाध्या. सिपाव
२२) वस्न्या इन्द्रसिं जैसि. कर्मिनायेक विन्नरसिं लक्ष्मी. भानारायेन. गोपालचन्द्र
२३) मनि. थकुमन. तेजलाई सिधिनारायेन. तेजपति. लन्हपति. छेभडेल काज
२४) न धन्तसि. धमदेउं पलिसिं. राजमनि. विर्तवारले सांध भंदा आर्घ्यालो नचा
२५) पनु विना तकसिर जफत नगर्नु इति सम्बत १८८७ साल मिति कार्तिक वदि
२७) ९ रोज १ शुभम्

विषयः– हिन्दूधर्म. गौ ब्राह्मणको रक्षागरी भविष्यपुराण पुस्तक पठाउनु भन्ने बारेको चिठ्ठीपत्र ।

मितिः– १८९४।१०।१३।४ खा. सं. ११५

श्री दुर्गासिहायः १

श्री अंकटरमणाजी

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि
२) विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज रा
३) जेन्द्र विक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम्
४) स्वस्ति श्रीपतपरमपुरुषोपलब्धि भावनांग भूताशन प्राणायाम
५) प्रत्याहार ध्यान धारणादि सद्योगी जनकर्म मलीनीकृत समन
६) पराक्रमेषु श्रीवामन रूप पुजाजाहारी स्वामिजीकेषु. प्रणाम. पू
७) र्वक पत्रमिदम् ज्याहां कुशल है वाहाका कुशल चाहते है आगे वा
८) हाका चिठि. श्रौ प्रसाद. रंगदास पंडाके हस्ते आय पहुंचा– – – – – – – –
९) के लीला संक्षेप वुझलिया – – – – – के चरणमे हमारा जय म
१०) नावना चाहिए हमारे उपर शुभाशीर्वाद वारवार कर्ना चाहिए

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११) १४ वर्ष पिछे हमारे हजुरमे. अर्थ मालुम हुवा. वडा भरोसा मनको
१२) हुवा. वाहाका लिषाहुवा वचन अनृत होने नपावै. हिंदु धर्म ठ
१३) हर्नेका. गौव्राह्मणके रक्षा होनेका उपाय ------ के चरणमे
१४) प्रार्थना कर्त्ते रहना चाहिए. वाहा भविष्य पुराण जेतना मि
१५) लै. सो तलास् कर्के भेजना चाहिये. इति सम्वत १८९४ सा
१६) ल मिति माघ वदि १३ रोज ४ मोकाम कांतिपूर शुभम्---------

विषयः- तपसील वमोजिमका वैद्य-खानामा काम गर्नेहरूलाई वाली खर्च रू १६०५।- तनुषाह गरिबक्सेको ।

मितिः- १९००।११।४।५ खा. सं. ११६

श्री दुर्गाज्यू १

१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का--------------
२) आगे सर्दार. हेमदल थापा सुवा हिरालाल झा पृथिलाल झा मित्रलाल
३) उपाध्या. रमाकांत जोसि. सिद्धिमानप्रति. सागासिंधु पुर्व नाग्न्या षानी
४) का १९०० सालका इजारामध्ये तपसील वमोजीमका वैद्य र वैद्यषाना
५) मा काम गर्न्याहरूके वालीषर्च पैसा रु १६०५ तनुषाह गरिवक्स्यौं
६) भरि देउ वहि वुझदा असुलीका रसीद वमोजिम मोजरा पर्ला
७) **तपसील**

८) तेनरसिं वैदके	१९०० सालको	–	३००
९) कालीदास वैदके		–	३७५
१०) ९९ सालको – १७५	१९०० सालको – २००		
११) कुलानन्द वैदके	१९०० सालको	–	३००
१२) रामनारान वैदके	१९०० सालको	–	२००
१३) सिनारान वैदके		–	२६०
१४) ९९ सालको ११०	१९०० सालको – १५०		
१५) वैद्य षानाको साचा कुचि लिन्या किष्णसिके		–	१२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१६) ९९ सालको – ६० १९०० सालको – ६०

१७) गजाधर नाउके १९०० सालको – ५०

१८) इति सम्वत १९०० साल मिती फागुन वदी ४ रोज ५ शुभम् ------

विषयः– महाराज गीर्वाण युद्धबाट कनका, तिष्ठा पश्चिम महाकाली, पूर्व यति राज्यभरमा कामकाज गर्ने सवाल वनाई खडा गरिबक्सेको ।

मितिः– १८६३।१।३।१ खाम संख्या ११७

श्री दूर्गा सहाय १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराजे गीर्वाणयुद्ध विक्रम साह वहादुर समसेर जंङ्ग देवानां सदा समरविजयीनाम्-----

२) आगे. सुवा माधौ साहि श्रीनाथ पंथ जगन्नाथ घिमीऱ्या. राम सुन्दर थापा. गजाधर पंथ. कृस्तानन्द लोहनी. कृस्तानन्द पाध्या. रामचन्द्र थपलिया. रामचन्द्र सिवाकोट्टी. श्रीविलास पाध्या. कर्नविर अधिकारी. हरिनारायन डोटयाल. राधावल्लभ पाध्या. श्रीकृष्ण पंथके कनका तिष्ठा पश्चिम. महाकाली पुर्व. येति राज्य

३) भरमा राहाऱ्या पारी. कर्मको मोहव्वत पछि नलागी. पेसकि नषाई. हाम्रा नीमकको सोझो चिताई गर्ना काजको सवाल गरी वक्स्यौं. सवाल वमोजिमको जाच गर. एति राज्ये भित्रका छोट्टा वडा मानिसले. तिमीहरूको नालीस चुगली कसैले विंति गर्न आया. एकहोरो कुरा सुनेनौ. दोहरो कुरा सुनी ज

४) स्को तकसिर ठहर्ला तसलाई. तकसिर माफिक. तम्वीह गरौला आफ्ना षातिरज्मा सित जाच गर--------------------

५) **तपसिल**

५) १. सवाल.।। ६० साल फागुणदेखि वढो कसैले कसै छेउँ घुस षायाको भया काएल मुकाएल गरि घुसको तेवर डंड गर्नु. ६० साल देषि घुस षाई. राजाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गीराई नोकसान पाऱ्याको भया वुझि काएल मुकाएल गरि षान्यालाई घुसको तेवर लिनु – – – – – – – – १

६) २. सवाल. कसैले वेतकसिर वेहुकुम घरवट्टिलाई उठाई घर अम्वल गऱ्याको भया. सहि साच हेरि घरवट्टिलाई घर थामि दिनु घरमा वस्न्याले घर वनायाको मरमत र घरको भाडा जाचि वुझि वाकी रह्याको भाडा घरवट्टिलाई दिनु घरवट्टिलाई दिलाई दिनु घरवट्टिवाट सलामी लि. दर्वार दाषिल गर्नु–२

७) ३. सवाल. कस कस सभारा अम्वालिले सर्कार दाषिल हुन्या कलम रकम सिर्तो विना हुकुम छाडी दियाको घुस षाई नाता हेरि माया मोह राषी घटायाको दवायाको विचमा षायाको रहेछ. सो षसोषास वुझि लेषिलि. हाम्रा हजुर दाषिल गर्नु – – – – – – – – ३

८) ४. सवाल. विना षत विना हाम्रा मर्जिले अजापुत्र मास्न्यालाई डंड गर्नु भसीयाकालाई छोडाई दिनु – – – – – ४

९) ५. सवाल. विर्‍हौटा विर्‍हार्उन्याले. विर्‍हाई वट्टकरार पुग्याका विर्‍हौटाको पूर्जि गरि कंम्पनीमा भर्ना गर्नु. विर्‍हौटा विर्‍हार्उछौ. भनि मुचलका लिषि मोहर लैगी. सर्कारको जगा वाझो राषन्यालाई वेवरा वुझि कसैले नअडकाई वाझो राष्याको भया षेत १ को २५ रूपैयाका हिसावले वर्ष वर्षका वालि वुझि लिनु – – – – – – – – ५

१०) ६. सवाल. दर्वारवाट अमानत रह्याको सेरागोठ गैरह जगामा कति आमदनि हुंछ. तेस्मा कति दर्वार आर्उछ. त्यो जांचि वुझि विचमा रह्याको असुल गरी दर्वार दाषिल गर्नु विचमा दवार्उन्यालाई तेवर डंड गर्नु – – ६

११) ७. सवाल. अम्वालि रकमि ईजारदारले तनषादारको तनषा कत्ति नगरि. रसिद नदेषाई सर्कारवाट मोजरा लीयाको ठहऱ्या हिसाव गरि तनुषादारलाइ दिलाई दिनु तनषादारले माया मारी छोडी गयाको असुल गरि दर्वार दाषिल गर्नु. ईजारदारलाई र. विना हाम्रा हुकुम मोजरा दि

१२) न्या भारालाई दोवर डंड गर्नु – – – – – – ७

१३) ८. सवाल. पंचषतको आमदनी विना हाम्रा हुकुम कस्‌कस्‌ले विचमा षायाको रहेछ. सो वुझि षोजि दर्वार दाषिल गर्नु – – – – ८

१४) ९. सवाल. नया पोता सलामी भैसीको पुछही जैसीको डंड तामापत्र गुठ जांच दुदमा पानी मिसायाको डंड गादीममा रषी. वट्टा डंड. वलक महंन्त मंडलीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आमदनी उंघाउंन्याहरूले कत्ति उंघाएछन्. कति विचमा षाएछन्. कत्ति रैयत उंठाएछन्. सो जाचि वुझी काएल मुकाएल गरि. विचमा

१५) षाया दवायाको षोजि दर्वार दाषिल गर्नु. विचमा षान्या दवाउंन्यालाई तेवर डंड गर्नु — — — — — — — — ९

१६) १०. सवाल सेराका चिताई गर्न्या अडै हिट्टि चौक्या गैन्हले लेवी देवीका माना पाथी चलाई षोट्ट चलन गरि. विचमा किफाईत षायाको झिकी दर्वार दाषिल गर्नु. छाप नलाग्याका मानापाथी तुलो ढकले लेनदेन नगर्नु भनि अडै हिट्टि चौक्यालाई चेताई दिनु — — — — — १०

१७) ११. सवाल. मामुली फरफर्माईस र सरसौगात विचविचैमा षाई राषन्यालाई. काएल मुकाएल. डंड गर्नु काएल भयाको चिज विज दर्वार दाषिल गर्नु — ११

१८) १२. सवाल. पुरोहितहरूले अरू व्राह्मणको हक दक्षिणा. दर्वारवाट लि. व्राह्मणलाई नदियाको ठहरिया काएल गरि. जो आफ्ना घर ठहरियाको झिकी जस्जस्को दक्षिणा हो. तसतसलाई वाडि दिनु. विचमा षान्या दवाउन्यालाई डंड गर्नु — — — — — — १२

१९) १३. सवाल. देउंताको पुजा देउंताको गहना षजाना मास्न्यालाई काएल मुकाएल गरि षायाको फिर्ता गराई हाम्रा हजूर विंति गरि. देउंताको षजाना मा दाषिल गरि दिनु मास्न्यालाई डंड गर्नु — — — १३

२०) १४. सवाल. नेपाल्या राजाको धनमाल कसैले षायाको र कहैं काजमा पठाई षर्च नभयाको ठहऱ्या. काएल मुकाएल गरि. माल फिर्ता गरि दाषिल गर्नु डंड पनी गर्नु — — — — — — — १४

२१) १५. सवाल कसाईं कुसल्या धोवी कुलुका छोरीलाई स्वास्नी तुल्याउंन्या पानि चलाउंन्यालाई काएल मुकाएल गरि डंड गर्नु — — — १५

२२) १६. सवाल पाटी देवल. सांघु हाम्रा विना हुकुमले भदकाई आफ्ना काजमा लाउंन्यालाई. काएल मुकाएल गरि काएल हुन्यालाई डंड गर्नु — — १६

२३) १७. सवाल. षानी महालको आमदनी षर्च वुझी विचमा कसैले दवाई छपाई षायाको भया काएल मुकाएल गरि. दर्वार दाषिल गर्नु. षान्या दवाउंन्यालाई डंड गर्नु — — — — — — — — १७

२४) १८. सवाल. हाम्रा अम्वल भरका चारवर्ण छत्तिसै जातले नचल्याको रित गरि. नाता मिची स्वास्नी तुल्यायाको काएल मुकाएल गरि. विराव माफिकको डंड गर्नु १८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२५) १९. सवाल. हाम्रा भर मुलुकका रैयतले अघिका राजाहरूलाई तिरि-
आयाको. रकम कलम हाम्रो अम्वल भयापछि. कति दवाई राष्याको छ रहेछ.
हाम्रो अम्वल भयापछि कति रकम कलम कौन कौन अम्वालीको पालामा
अर्घ्यालो भयाको रहेछ. सो षसोषास वुझि जाचि हाम्रा हजूर विंति गरि
पठाउंनु हुकुम

२६) भया वमोजिम गर्नु - - - - - - १९

२७) २०. सवाल. ६० सालदेषि वढो भांग चरस. षान्या जुवा षेलन्यालाई काएल
मुकाएल गरि अघि डंड गर्‍या वाहिक. अरूलाई डंड गर्नु. आज उंप्रान्त षेलन्या
षान्यालाई जात अनुसार जीय सासना होला भनि अदल फिराई दिनु - २०

२८) २१. सवाल. ईजारदार. रकमिहरूले १०० रूपैयादेषि उंभो डंड गरि षाया-
को भया काएल गरि. फिर्ता गरि दर्वार दाषिल गर्नु - - २१

२९) २२. सवाल कनका पश्चीम. गढ पुर्व. हाम्रा अम्वल भया देषि उंढो चौरि
वाहिक गोवध गर्न्या. अघि डंड नतिर्‍याका डंड तिरि फेरि गोवध गर्न्यालाई
काएल गरि हाम्रा हजूर पुर्‍याउंनु गोवध गर्‍याको चालपाई दवाउंन पर्स्या
अम्वाली गाउंल्यालाई डंड गर्नु आजदेषि गोवध नगर्नु. गर्न्याको जिय

३०) धनमा पर्ला. भनि सुनाई दिनु. अव उंप्रान्त गोवध गर्न्याको. अम्वालीले जिवै
मारि दिनु - - - - - - - - २२

३१) २३. सवाल. आज सम्मको मगरको अपुताली कहैद विछपिरहवाको भया.
षोजि ल्याउंनु. ईजारा र जागीरको पट्टा भित्र पर्‍याको छाडी दिनु - २३

३२) २४. सवाल. कनका पश्चीम. गढ पुर्व. पालपा गुलमि अर्घाषाचि समेत.
वासठि सालमा. जाच्याका षेत सबै कंम्पनीलाई भर्ना भयाको षेत. सवै
डगोलले नपाई. रैंवन्दी भन्दा वढता ठहर्‍याको षसोषास लेषि हाम्रा हजूर
चर्‍हाई पठाउंनु हामिले हुकुम वक्सी पठाया वमोजिम गर्नु - - २४

३३) २५. सवाल कम्पनीमा भर्ना भै वाकी रह्याको षेत. सवै डगोलले नपाई षसो-
षास लेषि हाम्रा हजुर चर्‍हाई पठाउंनु हामिले हुकुम वक्सी पठाया वमोजिम
गर्नु - - - - - - - - २५

३४) २६. सवाल सहि सांच नभयाका. जाचन ज्यानाहरूसित मिलि अजान मानिस-
लाई सधियार हो भनि अघिसारी धर्म्म भषाई थामियाका विर्ता गुठि गैरह
सवै जफत गरि. डोगोलले नपाई तिलंगालाई भर्ना गर्नु. थामिदिन्या थामि-
लिन्या. धर्म भाषन्यालाई डंड गर्नु २६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३५) २७. सवाल. षेत जाचन्याहरूले घुस षाई थामी दियाको र नतागोता पछे हेमाईत गरि छाडी दियाको सवै जफत गरि डोगोलले नपाई कंपनीमा भर्ना गर्नु. घुस षाई मोहवतमा पसि थामि दिन्यालाई डंड गर्नु – – २७

३६) २८. सवाल पुरा छाप जाची षसोषास फर्द उंतारी हाम्रा हजुर चन्हाई पठाउंनु – – – – – – – – २८

३७) २९. सवाल. मोहर चार किल्ला भन्दा वढता चाप्याको भया सांध सिमाना हेरि अर्घ्यालो जफत गरि डोगोल नपाई. तिलंगालाइ भर्ना गर्नु साध भन्दा वढता षायाको भया डंड गर्नु – – – – – २९

३८) ३०. सवाल. अघिका राजाहरूले वाधा राष्याको छ. भनि मानिसले षाई राष्याको षेत. सवै डोगलले नपाई वेहोरावार. वुझि टागा देषि वढ्ता ठह-न्याका येति वाधा राष्याको. येति रूपैया पऱ्याको वेहोरावार. लेषि हाम्रा हजुर चन्हाई पठाउंनु. हामिले हुकुम वक्सी पठाया वमोजिम गर्नु – ३०

३९) ३१. सवाल षेत जाचन्याहरूले सेराको वहना गरि राष्याको षेत ठहऱ्या डोगोलले नपाइ तिलंगालाई भर्ना गर्नु – – – – ३१

४०) ३२. सवाल. षेत जाचन्याहरूले. षेत थामि षेतका धनि छेउं कत्ति सलामी लियाको रहेछ. सो षसोषास लेषि हाम्रा हजूर चन्हाई पठाउंनु. हुकुम वक्सी पठाया वमोजिम गर्नु – – – – – – – ३२

४१) ३३. सवाल. तमसुक भयाको साहुलाई हकवाजवी कौडी हेमाईत गरि अडि-याको र रिनिलाई मिचि दसउंद भन्दा वढता व्याज षायाको छ. भनि फिऱ्याद आया निसाफ वुझि छिनि दिनु. दसउंद भन्दा वढता षायाको थैलीमा कट्टा गरि तिराई दिनु. चौथाई हाम्रा हजुर दाषिल गर्नु – – ३३

४२) ३४. सवाल ६१ साल. ६२ सालदेषि जफत भयाका षेत. थुम थुम सहर सहर. गाउं गाउंमा कति षेत जफत भयाछन्. वेक्त वेक्त गरि लेषनु. ई २ सालको वाली कस्‌कस्‌ले षायो. कस्का पेट्टमा गयो. सो षसोषास लेषि ६३ सालको वाली षान्या गरि आली कुन कुन कं

४३) पनीलाई गयेछ. कंम्पनी वाहिक कस कसले पायाको रहेछ. सो वुझि लेपि हाम्रा हजुर चन्हाई पठाउंनु नवक्सी षान्यालाई दोवर डंड लिनु – ३४

४४) ३५. सवाल. ब्राह्मण छत्रीले जांड षायाको भया जात वाहिर गरि सर्वस्व गर्नु ई २ वर्ण वाहिक अरू जांड षान्या नागाधारीलाई भारी डंड गरि. जात वाहिर गरी दिनु – – – – – – – ३५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४५) ३६. सवाल. नेपाल्या राजाका पाला जागिर गरि षायाको षेत् हाम्रो अम्वल भया पछि. पोता तीरी विर्त्ता हो भनि आजसम्म षान्यालाई डंड गर्नु षेत जफत गरि कम्पनीमा भर्ना गर्नु — — — — — — ३६

४६) ३७. सवाल. सिरिस्ता अदालतभर मुलुक्का अमालि गैन्हले अन्याय गऱ्या भनि फिऱ्याद गर्न आया भन्या सुनि कायल मुकायल गरि छिनि दिनु. डंड जिताउँरि हाम्रा हजुर दाषिल गर्नु — — — — ३७

४७) ३८. सवाल. राजाको झारा माफ गरि. विचमा पैसा षायाको हिसाव गरि हाम्रा हजुर दाषिल गर्नु — — — — — — ३८

४८) ३९. सवाल नेपाल्या राजाहरूले सर्कारको षेत जागिर माना चावल दिराष्या-को आफुलाइ सेरा राष्याको. हाम्रा अम्वल भया पछि. मेरो सुना विर्त्ता हो भनि ढाठि पोता तिरि षायाको वादी दि कायल गरि षेत झिकनु. डंड पनि गर्नु. गर्दा हाम्रा हजुर सांधि गर्नु — — — — — ३९

४९) ४०. सवाल. दर्वारको माल. हाम्रो विना हुकुम वाहिर निकास्याको षोजि कायेल गरि. हाम्रा हजुर दाषिल गर्नु — — — — ४०

५०) ईति सम्वत १८६३ साल मिती वैसाष वदि ३ रोज १ शुभम्

मार्फत भीमसेन थापा		मार्फत सेरवहादुर साह
मार्फत प्राणसाह	मार्फत् रणध्वज थापा	मार्फत् वहादुर भडारी
मार्फत वालनरसिं कुमर	मारफत रणजीत पांडे	मार्फत नरसिंह

विषयः— वाली आधा आधा गरि खानु भनि वन्देज गरिवक्सेको ।

मितिः— १८९९।१०।९।१ खा. सं. ११८

श्री

१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — — — — — — — —

२) आगे कपर्दार दलवहादुर पाडे प्रति ९८ साल वैशाष सुदि १२ रोज १ का दिन तैले

३) कपर्दारी दर्सन गर्दा तैले पजनी गऱ्याको मानिस र कपर्दार कुलराज पाडेले

४) पजनि गऱ्याको मानीसको वाली आधा आधा गरी दिनु भंन्या हाम्रो हुकुम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) भै तलाइ दर्सन गराइ वक्स्याको हो सोही वमोजीम आधा आधा गरी वाली
६) वाडी दिनु भंन्या गरि वन्देज वाधि वक्स्यौं आफ्ना षातिरजामा संग आ
७) धा आध वाडी देउ इति सम्वत् १८९९ साल मिति मार्ग सुदि ९ रोज १ शुभम्

विषयः– सर्वकर अकर सर्वाङ्ग माफ समेत गरी गुठी राखेको शिलापत्र वमोजिम चलाउनु भन्ने मोहर तामापत्र गरिवक्सेको ।

मितिः– १८९०।४।२।४

खा. सं. ११९

श्री दुर्गाज्यूः १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरु
२) दावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री
३) महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा
४) समरविजयिनाम् – – – – – – –
५) आगे. कम्यांडर कर्णैल रणविर सिंह थापाके. अघि सर्वकर अकर
६) सर्वांक माफ विर्ता वितलपको ताम्वापत्र गरिवक्स्याको जगा म
७) ध्ये. भोतांङ घुप गाउँमा वनायाका पौवालाई र. ताहा आउंन्या जा
८) न्या वस्न्यालाई. षाना निमित्तः तैंले भोताङ गुठि राष्याको सि
९) लापत्र वमोजिम. मोहर ताम्वापत्र गरिवक्स्यौं. तेरा सन्तान दरस
१०) न्तान पर्यंतः गुठि चलाउंनुः यस गुठिमा कसै पापात्माले वल जफ
११) त लोभानि पापानि गर्ला तसलाई यस श्लोकमा भन्याको पातक्
१२) लागलाः स्वदत्तां परदत्ताम्वा यो हरेद्वै वसुन्धराम्ः षष्ठि वर्ष सह
१३) स्राणि विष्ठायां जायते कृमिः ईति सम्वत् १८९० साल मितिः श्राव
१४) ण वदि २ रोज ४ शुभम्

मार्फत् भीमसेन थापा — मार्फत् रणोद्योत साह

मार्फत् फत्त्यजङ्ग साह — मार्फत रणजोर थापा — मार्फत् दलभन्जन पांडे

मार्फत् कुलमानसिंह वस्न्यात — मार्फत् उमाकान्त पाध्या — मार्फत् वालनरसिं कुंवर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– भादगाउँका प्रजाहरूले वेचविखन गरिएको पाताल जग्गा जमिनको सरकारी दस्तूर ली सुना विर्ता जानी भोग गर भन्ने लालमोहर गरिवक्सेको ।

मितिः– १९१० खा. सं. १२०

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि वि
२) राजमान मानोन्नत श्रीमन्महाराजाधिराज. श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम सा
३) ह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयीनाम् – – –
४) आगे सहर भादगाउँका प्रजा वेहरि गोल्मधिटोलका चूकुटी चूकुटी. भाजु.
५) रा. भेर्तासि. घनदत्त. धिर्ज. जगत. महंन्त. विष्णुदत्त. धनांरा. सिनारां. जसनारां.
६) संग्रासि. संर्षासि. संषनारां. कसनारां. वषत. जैकृष्ण. मोचामासि जना १८ अं
७) सि भाईले सो टोल ञाछे. मलाका आफ्ना सुना विर्ता पाताल. जिमिन फछर्या
८) गरि वेच्यो तस्को साध पुर्व हात १५॥. अंगुल ६ वाटो दक्षिन हात ११ अंगुल ७
९) लामनारां. ताचामोको पाताल पश्चिम हात १७॥. अंगुल ९ धंनाराव्याको. पाता
१०) ल उत्र हात १०॥. अंगुल ४ वाटो. येति हातको पाताल जिमिन १ को मोल रू
११) पैंञा २६ दफे सोहि टोलका धनारां. पन्दो. भाजुनारां जगनारांव्या जना ४
१२) काका भटीजाले सो टोल ञाछेमलाका आफना सुनाविर्ता पाताल जिमिन फ
१३) र्छागरि वेच्यो. तस्को साध पुर्व हात १५॥. अंगुल ६ चुकुटि मोचामासिको
१४) पाताल. दक्षिन हात ११ अंगुल ७ लामनारां ताचामोको पाताल पश्चिम हात १७
१५) अंगुल १० धंनारां वासिको घर उत्र हात १०॥. अंगुल ४ वाटो येति हातको पाता
१६) ल जिमिन १ को मोल रूपैंञा २० ज्मा पाताल जिमिन २ सुक्रिविक्री गरि वेच्यो
१७) ञाछे टोलको जुजु धमुल्याले किन्यो. सिवकार ज्मा २ को मोल रूपैंञा ४६ त
१८) स्को दस वधक रुपैया ४॥/॥ २ छेभडेल प्रभुराम विष्ट मार्फत हाम्रा हजु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१९) र दाषिल भयो वेचन्याको दाम पाको किन्याको पाताल जिमिन पाको.
२०) आफ्ना षातिरजामासित वान्ह हजारका सरहसित आफ्ना सुनावीर्ता जा
२१) नि पाताल जिमिनको भोग्य गर इति सम्वत १९१० साल मिति

विषयः– काठमाडौ ज्याठा टोल छ्यावहालको आ आपना भाग घर सट्टा लिएको वारे ।

मितिः– १९१० खा. सं. १२१

श्री दुर्गाज्यू १

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि वि
२) राजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र वि
३) क्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम् ––––––
४) आगे सहर काठमाडौ ज्याठाटोल छ्यावाहाल वश्न्या आनन्द कुह्मालके आ
५) फ्ना मुनाविर्ता सोहि वाहाल मुननिको आफ्ना भाग घर धिर्ज कुम्हाल ला
६) इ दि धिर्ज कुह्मालको भागघर सट्टा लियो तस्को साध देव नेवारको घरदेषि
७) पश्चिम् आफ्ना घरदेषि उत्तर आफ्ना वारिदेषि पुर्व आफ्ना घरदेषि दक्षिन्
८) यति साधभित्रका घर जवा १ हात् ८ अंगुल १६ वावत् सम्वत् १९१० साल जे
९) ष्ट सुदि ११ रोजमा आफ्ना भाग घर दि धिजका घर सट्टा लियो तस्को मो
१०) ल रुपैया २९॥ऽ॥१ तस्को दसवन् रुपैया ३ छेभडेल प्रभुराम विष्ट मा
११) र्फत् हाम्रा हजुर दाषिल भयो तस्को दृष्ट साछि धिर्जका छोरा भिमनर
१२) सिं जोगनरसिं कुह्माल दाज्यू धनसिरि कुम्हाल् थाक स्थापित कर्मि नाः
१३) यक तेजवंन्त मषं तेजवन्त सिनारान् वेचनु किनु आफ्ना मनोग्य गर्नु आ
१४) फ्ना षातिरज्मा संग सट्टालियाको सुनाविर्ता जानि भोग्य गर इति सम्व
१५) त १९१० साल मिति

मार्फत प्रभुराम विष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– सुना विर्ता घर वेचदा वेचनेको दाम षाको किन्नेको घर पाको गरिएको ।

मितिः– १९१० खा. सं. १२२

श्री दुर्गाज्यू १

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मा

२) नोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम् साह वहादुर सम्सेर जंङ्ग

३) देवानां सदा समरविजयिनाम् – – – – – –

४) आगे सहर काठमाडौ चिकंमुगुल टोल वश्न्या राजविर धोविलाइ ञटाषा टोल वश्न्या धर्म ना

५) रांन् ज्यापुले आफ्ना किनुवा सुना विर्ता तलवो टोलको घर वेच्यो तस्को साध चिकिढि नाउका:

६) घरदेषि पश्चिम् साजालि विर गोविन्दजिका घरदेषि उत्तर स्यावजिका घर पातालदेषि पु

७) र्व वाटोदेषि दक्षिन यति साध भित्रको घर जावषा १ जवा १ हात १५ अंगुल २० वावत् संम्वत्:

८) १९१० साल श्रावण वदि ३ रोज ७ मा अंत घर किनालाई कर्जालि दिन भरको भाषा राषि दिया

९) को सुक्रि विक्री गरि वेच्यो तस्को मोल रुपैया १८०॥. तस्को दसवनरुपैया १८/ छेभडेल प्रभुरा

१०) म् विष्ट मार्फत् हाम्रा हजुर दाषिल भयो वेचन्याको दाम पाको किन्याको घर पाको तस्को दृ

११) ष्ट साछि सो पुत्र धिजमान् कुलवन्त अन्तर भादगाउको केसव नेवार षडवुजा ज्ञाननारान्:

१२) थाक स्थापित कर्मिनायेक रूपनारांन् मध्याक् वेचनु किनु आफ्ना मनोग्य गर्नु आफ्ना

१३) षातिरज्मासंग सुनाविर्ता जानि भोग्य गर इति सम्वत १९१० साल मिति

मार्फत प्रभुराम विष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– आ आपना भागका सट्टा लिएको घर सुना विर्ता जानि भोग गर भन्ने ।

मितिः– १९१० खाम संख्या १२३

श्री दुर्गाज्यूः १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि
२) विराजमान मानोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र वि
३) क्रम साह वहादुर सम्सेर जंङ्ग देवानां सदा समरविजयिनाम्– – – – – –
४) आगे सहर काठमाडौ ज्याठा टोल् ष्यावाहाल मुननि वश्न्या धिर्जसिं कुह्माः
५) लके आफ्ना सुनाविर्ता सोहि वाहालको आफ्ना भागघर आनन्द कुह्माल ला
६) इ दि आनंन्द कुह्माल्को भागका घर सट्टा लियो तस्को साध कांछिआमा पु
७) नमति काजिवन्त घरदेषि पश्चिम गल्लिका वाटोदेषि उत्तर दाज्यू घनसि
८) रिका घरदेषि पूर्व साजा मुननिदेषि दक्षिन यति साध भीत्रका घर जवा १
९) हात ६ अंगुल १८ वावत् संम्वंत् १९१० साल मिति जेष्ट सुदि ११ रोजमा आः
१०) फना भाग घर दि आनंन्दका भाग घर सट्टाघर सट्टा लियो तस्को मोल रुपैया २७///।।।२
११) तस्को दसवन् रुपैया २।।///।। छेभडेल प्रभुराम् विष्ट मार्फत् हाम्रा हजूर दा
१२) षिल भयो तस्को दृष्ट साछि छोरा भिमनरसिं जोगनरसिं दाज्यु घनसिरि था
१३) क थापित कर्मिनायेक तेजवंन्त मषं तेजवंन्तसिं नारान् वेचनु किनु आः
१४) फना मनोग्य गर्नु आफ्ना षातिरजमा संग सट्टालियाको सुना विर्ता जानि
१५) भोग्ये गर इति सम्वत १९१० साल मिति

मार्फत प्रभुराम विष्ट

विषयः– सहर पाटनको चस्वांडो टोलको सुना विर्ता वेचदा वेचनेको दाम र किन्नेको घर पाको गरि सुनाविर्ता जानि भोग गर भन्ने ।

मितिः– १९१० खा. सं. १२४

श्री दुर्गाज्यू १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विधिध विरुदावलि विराजमान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) मानोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम साह वहादुर सम
३) सेर जंङ्ग देवानां सदा समर विजयिनाम् - - - -
४) आगे सहर काठमाडौ न्ह्याटाषाटोलको धर्मनारांन् ज्यापुलाई सहर पाटन्को चस्वांडो टोल
५) मा वश्न आउन्या हर्षमान् लोहर्कमिले आपना किनुवा सुना विर्ता लाटेपगालको घर:
६) व्येच्यो तस्को साध जोगविर ज्यापुका किलास गारो र साजा लिविदेषि पश्चिमगढ प्रषा
७) ल र साजा लिविदेषि उत्तरगढ प्रषालदेषि पुर्व विष्णु ज्यापुका घरको वल्यानि र वाटो दे
८) षि दक्षिन् यति साध भित्रको जाव घर षा २ हात २ अंगुल ९ वावत् सम्वत् १९१० साल श्राव
९) ण वदि ३ रोज ७ मा दिन्भरको अलि राषि दियाको सुक्रि विक्रि गरि वेच्यो तस्को मोल रूपै
१०) या १३०।। तस्को दसवन् रूपैया १३/ छेभडेल प्रभुराम विष्ट मार्फत हाम्रा हजुर दाषिल भ:
११) यो वेचन्याको दाम पाको किन्याको घर पाको तस्को दृष्ट साछि छोरा कुलमान् अंतर चिकं
१२) मुगुटोलको राजविर धोवि भाडगाउको केसव नेवार थाक स्थापित कर्मि नायेक् रुपनारां
१३) मथ्याक् वेचनु किनु आपना मनोग्य गर्नु आपना षतिरज्मा संग सुनाविर्ता जानि भोग्य गर
१४) इति सम्वत् १९१० साल मिति

मार्फत् प्रभुराम विष्ट

विषयः– काठमाडौ ज्यावहाल टोलका सुना विर्ता वेचेको र सुनाविर्ता जानि भोग गर्नु भन्ने ।

मितिः– १९१० खा. सं. १२५

श्री दुर्गाज्यूः १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराज

२) मान मानोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम साह् वहा

३) दुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम् – – – –

४) आगे सहर काठमाडौ ज्यावाहाल टोल चिभालननि वश्न्या धिर्जभालाई सयव न

५) नि वश्न्या कृश्नमुनि वाडाले आफ्ना भाग सुना विर्ता सयव ननिको पाताल वेच्यो

६) तस्को साध ईनारका जिमिदेषि पश्चिमः राजाविर वाडाका वारि पर्षालदेषि उ

७) त्तरः साजा लिविदेषि पुर्वः भुक्ताका घरदेषि दक्षिनः यति साधभित्रका पाता

८) ल जवा २ हात १६ अंगुल ८ वावत् सम्वत् ९७३ फागुन वदी ५ रोज मा ष

९) र्च गर्नलाई लि मंन्हा १ का भा राषि दियाको सुक्रिविक्रि गरि वेच्यो तस्को मोल रू

१०) पैया १५ तस्को दसवन रूपैया १।।. छेभडेल प्रभुराम विष्ट मार्फत् हाम्रा हजुर

११) र दाषिल भयो वेचन्याको दाम पाको किंन्याको पाताल पाको दृष्ट साछिः

१२) भाइ हर्षमुनि गुभाल लगंटोलको हर्नासि वाडा थाक स्थापित कर्मिनायक

१३) मषं तेजवन्त थायमदु तेजवन्तः वेचनुंकिनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिरज

१४) मा सग सुनाविर्ता जानि भोग्ये गर इति सम्वत १९१० साल मिती

मार्फत प्रभुराम विष्ट

विषयः– काठमाडौ म्हयपीस्थानको वारी पाताल सुक्रि विक्रि वेचदा र त्यस्को सुना विर्ता जानि भोग गर्नु भन्ने गरिदिएको ।

मितिः– १९१० | खा. मं. १२६

श्री दुर्गाज्यू १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि

२) विराजमान मानोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सु

३) रेन्द्र विक्रम साह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम् – – –

४) आगे सहर काठमाडौं टेवडोटोल सोकं इंनाय घर वश्न्या पांडौ ज्यापुलाइ स

५) यव टोल वश्न्या ग्यानसिरि ग्यानवंन्तले आफ्ना सुनाविर्ता ह्म्यपि देवताका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६) वारिको पर्षाल्देषि उत्रपट्टिको पाताल वेच्यो तस्को साध विर कसाइका पा
७) तालदेषि पश्चिम् जैनर भाजुविर विलंत कसंचा कसाइका पातालदेषि
८) उत्तर जैनर भाजुविर विलंत कसाइका पाताल र म्हैपि देवताकां वा
९) रि पर्षाल् र विर कसाइका वारि पातालदेषि पुर्व विर कसाइका वारिदेषि द
१०) क्षिन यति साध भित्रको वारि पाताल षा ४ जवा १ हात १२ अंगुल १० वाव
११) त् सम्वत ९६० मार्गसिर वदि १२ रोजमा साहुतिर्नाके कर्जालि मैन्हा २
१२) को अलि राषिदियाको सुक्रिविक्रि गरि वेच्यो तस्को मोल रुपैया ७१ तः
१३) स्को दसवन् रूपैया ७।। छेभडेल प्रभुराम् विष्ट मार्फत हाम्रा हजुर दा
१४) षिल भयो वेचन्याको दाम पाको किन्याको वारि पाताल् पाको तस्को दृष्ट
१५) साछि भागिवंन्त ज्यापु जगनासिं थाक् स्थापित कर्मिनायक् थायमदु
१६) तेजवंन्त रुपनारांन् वेचनु किनु आफ्ना मनोग्य गर्नु आफ्ना षातिरज्मा
१७) संग सुनाविर्ता जानि भोग्य गर इति सम्वत् १९१० साल मिति

मार्फत् प्रभुराम विष्ट

विषयः– काठमाडौ तंलाछि टोलको सुना विर्ता घर सुक्रि विक्री गरी वेच्दा त्यसको सुना विर्ता जानी भोग गर्नु भन्ने गरिदिएको ।

मितिः– १९१० खा. सं. १२७

श्री दुर्गाज्यू १

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि
२) विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज
३) सुरेन्द्र विक्रम साह वहादुर सम्सेर जंङ्ग देवानां सदा समरविजयिनाम्
४) आगे सहर काठमाडौ तंलाछि टोलको थुननि वश्न्या गुहेनारांन् नेवा
५) रलाइ सयव ननि वश्न्या सिवनरसिं नेवारले सोहि ननिको आफ्ना भा
६) ग सुनाविर्ता घर वेच्यो तस्को साध भिमनरका घरदेषि पश्चिम साजा न
७) निदेषि उत्तर भुक्ताका घरदेषि पुर्व धर्मनारांनका घर ननिदेषि दक्षिः
८) न् यति साधभित्रका जाव घर जवा १ हात् १८ अंगुल ७ वावत् नेपालि सं
९) म्वत ९७३ फागुन वदि ८ रोजमा अरू घर किनलाइ लि दिन १५ को भा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०) षा राषि दियाको सुक्रि विक्री गरि वेच्यो तस्को मोल रुपैया ११६ तस्को द
११) सवन् रूपैया ११॥/॥२ छेभडेल प्रभुराम् विष्ट मार्फत् हाम्रा हजुर दाषि
१२) ल भयो वेचन्याको दाम पाको किन्याको घर पाको तस्को दृष्ट साछि सो पु
१३) त्र राजमान् काजिमान् कालुमान् भातृ सहकं साछि भाजुधं हर्ष जसः
१४) विर नेवार थाक्स्थापित् कर्मिनायेक् मषं तेजवन्त थायमदु तेजवन्त वेः
१५) चनु किनु आपना मनग्य गर्नु आफ्ना षातिरज्मा संग सुना विर्ता जानि
१६) भोग्य गर इति सम्वत् १९१० साल मिति

मार्फत प्रभुराम विष्ट

विषयः– कप्तान् कुलदीपले झोछेटोलको गजिन्द्रवाडालाई काम गरेको ज्यालावापट सुनाविर्ता दि त्यस्को रू. ३५।– मात्र लिई सुक्री विक्री गरिदिएको ।

मितिः– १९१० खा. सं. १२८

श्री दुर्गाज्यू

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि वि
२) राजमान मानोन्नत् श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम
३) साह वहादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम् – – – – – – –
४) आगे सहर काठमाडौं झोलछेटोल वश्न्या गजिन्द्र वाडालाई सोहि टोलमा व
५) श्न्या कप्तान कुलदिप थापाले आफ्ना घरमा काम गर्न लायाका ज्याला भ
६) नि आफ्ना सुनाविर्ता पाताल दियो तस्को साध भुक्ताका घरदेषि पश्चिमः
७) लिविचादेषि उत्तरः देविन्द्र गुभालका घरको वल्यानि देषि पुर्वः ईनारका
८) जिमि र पर्षालदेषि दक्षिन यति साधभित्रका पाताल जवा २ हात १९ अं
९) गुल ७ वावत सम्वत् १९०६ साल कार्तिक वदि ११ रोजमा ज्याला वावत् दि
१०) राष्याको सुक्रि विक्रि गरिदियो तस्को मोल पंचकिर्ति रूपैया ३५ तस्को द
११) सवन रूपैया ३॥ छेभडेल प्रभुराम विष्ट मार्फत् हाम्रा हजुर दाषिल भयो
१२) तस्को दृष्ट साछि ज्मादार लालसिंः दुवल्याः वाक्या हंसविर थापा गंगा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३) दत्त सुवेडि थाकस्थापित कर्मिनायक थायमद्र तेजवन्तः मथ्याकः वेचनु
१४) किनु आफना मनोग्य गर्नु आफना षातिरज्मा सग सुनाविर्ता जानि भोग्ये गर ई
१५) ति सम्वत १९१० साल मिति

मार्फत प्रभुराम विष्ट

विषयः– शहर काठमाडौ तवोटोलको अपुताली आयाको पाताल वेच्दा आफ्ना भागमा परेको सुनाविर्ता जानि भोग गर्नु भन्ने गरिदिएको ।

मितिः– १९१० खा. सं. १२९

१) स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराज
२) मान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम साह व
३) हादुर सम्सेर जङ्ग देवानां सदा समरविजयिनाम् –––––––––––
४) आगे सहर काठमाडौ तवोटोल नौननि वश्न्या जोगनारान् नाउलाइ सयव टोल
५) वश्न्या पंचसिः तेजवन्तसि ज्यापुले दाज्यू घ्यांसि ज्यापु मरि अपुतालि आयोको पा
६) ताल वेच्यो तस्को साध भुक्ताका घरदेषि पश्चिम साजा धालापातदेषि उत्तर वेवासि
७) ज्यापुका घरको गारोदेषि पुर्व गोविन्दजिका घरको र भुक्ताले किन्याको यहि पाता
८) लका गारोदेषि दक्षिन यति साधभित्रका पाताल जवा ३ हात १५ अंगुल १५ वाव
९) त् हाम्रो वावुका साहु तिर्नाकन लि सम्वत् १९०८ साल श्रावण वदि ४ रोज ५ मा मै
१०) न्हा १ को अलि राषि दियाको सुक्रि विक्रि गरि वेच्यो तस्को रूपैया ५०। तस्को
११) दसवन् रुपैया ५ऽ।२ छेभडेल प्रभुराम् विष्ट मार्फत हाम्रा हजुर दाखिल भयो वे
१२) चन्याको दाम पाको किन्याको पाताल पाको तस्को दृष्ट साछि काछा वावु वेषासि
१३) अन्तर साछि सोहि ननिको लांनरवैद ल्हुगल टोलको लांनर नाउ राजप्रसाद ने
१४) वार थाक स्थापित कर्मि नायक् रूपनारांन् मथ्याक वेचन् किनु आफ्ना मनोग्य
१५) गर्नु आफ्ना षातिरज्मा संग सुनाविर्ता जानि भोग्य गर इति सम्वत १९१० साल
१६) मिति

मार्फत प्रभुराम विष्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयः– तोषाखानामा ५ जना नोकर राखी तपसिल वमोजिम चाड-पर्वको लागि कपडा रूपैयाँ दिई निमकको सोझो चिताई न्याय निसाफको कामगर्नु भन्ने गरिदिएको ।

१८ गजा चरेस १ गीमटी १ फलाटेन १ ज्मा रकम् ३ के कोरी १ को	।।।/।	।।३।।।
२४ गजा तुल १ गवन १ कुचिन् १ धुपछाञ्गा १ अलपका १ पनेला १ किमरिष १ गिरंट १ वास्कट १ ज्मा रकम ९ के कोरि १ को	१/।।।	।।।३।।
४० गजा जीन १ गवन १ ज्मा रकम् २ के कोरी १ को	१।।।/।।।	१।।।/।।।
३६ गजा कस्मिरा १ वनाथ १ ज्मा रकम २ के कोरी १ को	१।।२।।।	१।३।
४।। गजा किमषाव १ वाफटा १ षरवा १ गुलवदन् १ वम्वै च्यादर १ ज्मा रकम ५ के कोरी १ को	३।।	३
६ गजा दोपट्टा १ सारि १ अलवान् १ लोहिया १ दोसल्ला १ धुसा १ फेट्टा १ पिताम्वर १ ज्मा रकम ८ के कोरि १ को	।.।।	।.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३ गजा च्यादर १ दोलाई १ ज्मा रकम् २ के कोरी १ को	२।	२
१२ गजा जरिगाछ १ जरिसाटन् १ पगरी १ वुष १ ज्मा रकम ४ के कोरी १ को	।।/।	।३।।।
७२ वम्वै कोरा कोरि १ को	३।/।	२।।।२।।
२। गजा सतरंजा १ सुजनि १ ज्मा रकम २ के कोरी १ को	/।।।	/।।
९ गजा धोती १ अर्धसि १ ज्मा रकम २ के कोरी १ को	।२।।।	।२
घोस् कोरा कोरि १ को	।।/।।	।।.।।।
वुचिकोरा कोरि १ को	।३	।२।।
जमोट् काम्लो कोरि १ को	।।।२।	।।।२।
एँ गोरषपुरे कोरि १ को	।३	।३
छिट् १ कटरंगित् १ ज्मा रकम् २ के ३ गजादेषी ४० गजा तकको कोरि १ को	।२।।	×
रजाई १ कालिफ १ ज्मा रकम २ के कोरि १ को	।२।।	×

असामी	दक्षिण वाटावाट ल्यायाका मालको मोहरू	पूर्व वाटावाट ल्यायाका मालको मोहरू
हुडाहा जीम्मा पडाडा वर वालाके सहलीया दर भंदा घटि लाग्ने दर		
चिनी १ जुवानु १ धागो १ रूवा १ ज्मा रकम् ४ के मन १ को	।।/।	×
नुन् मन १ को	।२	×
मंजुर १ चोना १ ज्मा रकम् २ के मन १ को	।।२	×
भेली १ तेमा १ ज्मा रकम् २ के मन् १ को	।.।।।	×
१२ गज महन घुवाको कोरी १ को	।३।।	×
सलम् कोरी १ को	।।।.	×
नैनसुत १ तंजेप १ मलमल १ माताफुला १ ज्मा रकम् ४ के कोरी १ को	।।।.	×

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मार्कीन कोरी १ को	१।।	×
१८ गजा चरेस १ गीमती १ फलाटेन १ ज्मा रकम ३ के कोरी १ को	।।।	×
२४ गजा तुल १ गवन १ कुचीन् १ धुपछाग्गा १ अलपका १ पनेला १ कीमरीष १ गिरंट १ वास्कट् १ ज्मा रकम् ९ के कोरी १ को	१	×
४० गजा जीन १ गवन् १ ज्मा रकम २ के कोरी १ को	१।।२।।।	×
४।। गजा किनषाव १ वाफ्ता १ षरूवो १ गुलवदन् १ वंवै च्यादर १ ज्मा रकं ५ के कोरी १ को	३	×
६ गजा दोपत्ता १ सारी १ अलवान् १ लोहिया १ दोसल्ला १ धुसां १ फेटा १ पिताम्वर १ ज्मा रकं ८ के कोरी १ को	।.	×
३ गजा च्यादर १ दोलाग्गी १ ज्मा रकं २ के कोरी १ को	२।	×
१२ गजा जरिगाछ १ जरिसाटन् १ पगरी १ वुष १ ज्मा रकम् ४ के कोरी १ को	।।	×
२। गज सतरंजा १ सुजनि १ ज्मा रकम् २ के कोरी १ को	/।।	×
२ गजा ध्वति १ अधरसि १ ज्मा रकं २ के कोरी १ को	।/	×
छीत् १ कट्रंगीत् १ ज्मा रकं २ के ३ गजादेषि ४० गजातकको कोरी १ को	।/	×
रजाई १ कालपि १ ज्मा रकं २ के कोरी १ को	।/	×
३६ गजा कस्मिरा १ वनाथ १ ज्मा रकं २ के कोरी १ को	१।।	×

राकीर पुर्विया स्मेतको सहलिया दर भंदा घटि लाग्ने दर

१२ गजा सहन धुवा कोरी १ को	।३।।	।२।।
सलम कोरी १ को	।।।.।	।।।.।
नैनसुत १ तजेप १ मलमल १ माताफुला १ ज्मा रकं ४ के कोरी १ को	।।३।	।।/।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मार्किन कोरी १ को	१।२।	१–३
१० गजा चरस १ गिमटि १ फलाटेन १		
ज्मा रकं ३ के कोरी १ को	।।३।	।।/।।
१४ गजा तुल १ गवन १ कुचिन १ धुपछाञ्ना १		
अलपका १ पनेला १ किमरिष १ गिरंट १		
वास्कट १ ज्मा रकं ९ को कोरी १ को	।।।३	।।।.।।
४० गजा जिन १ गवन १ ज्मा रकम् २ के कोरी १ को	१।।.।।।	१।/
३६ गजा कस्मीरा १ वनाथ १ ज्मा रकम् २ के		
कोरी १ को	१।२।	१–३
४।। गजा किनषाव १ वाफटा १ षरूवा १		
गुलवदन १ वम्वै च्यादर १ ज्मा रकम् ५ के		
कोरी १ को	३	२।।
६ गजा दोपट्टा १ सारि १ अलवान् १ लोहिया १		
दोसल्ला १ धुसा १ फेट्टा १ पिताम्वर १		
ज्मा रकम् ८ के कोरी १ को	३।।।	३।
३ गजा च्यादर १ दोलाई १ ज्मा रकम् २ के		
कोरी १ को	२	/।।
२ गजा सतरंजा १ सुजनी १ ज्मा रकम् २ के		
कोरी १ को	/।।	/।
९ गजा धोति १ अर्धसि १ ज्मा रकंम् २ के		
कोरी १ को	।/।।।	।.।।।
छिट् १ कट्रंगीत् १ ज्मा रकम् २ के ३ गजादेषि		
४० गजा तक कोरी १ को	।/।	।/।
रजाई १ काल्फि १ ज्मा रकम् २ के कोरी १ को	।/।	।/।

गंगाप्रसाद रसोगोके सहलोया दर भंदा घटि लाग्ने दर

काल्फी १ रजाई १ छीट् १ ज्मा रकम ३ के		
कोरी १ को	।।।।	×
देशी पश्चिम महाजन् वेपारिको		
काल्फी झारेडोरेको कोरी १ को	३	×

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेवुर साञ्ी मेन्हावुलको सहलिया दर भंदा घटि लाग्ने दर

मनिहारि विसादी काट्पातको वट्टा स्मेत धार्नि २२ को काढी १ को	।।।/	।।।/

माथि लेषियाका कपडा वानादेषी वढता र गजमा घटी वढी भया यही दरले लिनुदिनु

निकासि मालको अघि ठेकही अपारहि फी रूपैया २ ठेकहि र घ्यूमा वानकिदु २ सो अदावाट र मनगत्मा चौतरा अदाले महसुल लिने भयामा हाल ठेकही स्मेत महसुलमा गाभि ठह्र्याको – – – – – – – – –

असामो	दक्षिण वाटावाट गयाको सहलिया के मो.रू.	हुदाहा जिम्मा वडाडा वखालाके सहलियाके भंदा घटी लाग्न्या दर मो.रू.	पुर्व वाटावाट गयाको सहलियाके मो.रू.
कागज मन् १ को	१।।.।।	१।।.।	१।।
कायफर वोका मन् १ को	।३।।।	।२	।२
कुट्की १ सुगंधवाल १ ज्मा रकं २ के मन १ को	१ऽ।	×	।।।.।।।
कार्कसिंगि मन् १ को	१/	×	।।३।।
काठ्पात देसि पश्चिमे महाजनको मन् १ को	।/।।	×	।/।।
कस्तुरि १ चरेस १ चवर १ ज्मा रकं ३ के सेर १ को	।.।	×	।.।
पयेर १ विषमा १ ज्मा रकं २ के मन् १ को	१।३।।	×	१।/।।।
गौषरी मन १ को	।।	।२।।	।२।
गाजासेर १ को	।/	×	।/
गाई भैसी माहुर कस्तुरिको छाला कोरी १ को	१।।।.।	×	१।।।.।
घ्यू मन् १ को	२।३	२।/।।	२।/।
घोखचमन १ को	।।।/।।	×	।।३।।।
घोडा गोटा १ को	५।।३	×	५।/।
घोडि गोटा १ को	५ऽ।।।	×	४।।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐं २० रूपैञ्जादेषि मुनि गोटा १ को	।।।३	×	।।।३
चूक मन् १ को	।।।३	×	।।।/
चिरैटा १ च्या १ ज्मा रकम् २ के मन् १ को	१/	×	।।।३।।
चिफ १ सिलाजित् १ निर्वेसि १ अतिस १ ज्मा रकं ४ के मन् १ को	१३।	×	१।।
जटामास मन् १ के	१२।	×	१ऽ।।।
झूलमन् १ को	।।.।।।	।२	।३
टिमुर १ तजी १ ज्मा रकम् २ के मन् १ को	।।/।	।३।।	।३।।
तेजिपात मन् १ को	।।	।२।	।२
तापके कोरी १ को	।।३।।।	×	।।३।।।
त्माषु १ फापर १ ज्मा रकम् २ के मन १ को	।२।।	×	।.।।
दावाहर्द मन् १ को	।३।।	।/।।।	।/।।
धुप मन् १ को	।।	।२।	।२

असामी	दक्षिण वाटावाट गयाको सहलिया के मो.रू.	हुदाहा जिम्मा वडाडा वखालाको सहलियाके भंदा घटी लाग्न्या दर मो.रू.	पुर्व वाटाबाट गयाको सहलियाके मो.रू.
नूनमन १ को	१–३।।	।२	।२
निगालि मन् १ को	।२।।	।.।।।	।.।।
पद्मकाठ मन् १ को	।३।।	।/।।।	।/।।
पिप्पलामुड १ सहत १ अजेपाल १ ज्मा रकं ३ के मन १ को	१।.।।	×	३।
पद्मचाल मन १ को	।।।२।	×	।।।.।।
पत्रुभाडा १ माहारंगी १ ल्हसुन १ सूर्ति १ भुजापत्र १ लाहा १ सालधूप १ मेथि १ ज्मा रकम् ८ के मन् १ को	।।२।।।	×	।।/
तावाके भाडा मन् १ को	।।।.।	।।२।।।	।।२।।
वीरौजा मन् १ को	।२	।।.।	।।.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाज गोटा १ को	।३	×	५।/।
वाजिनि गोटा १ को	५ऽ।।।	×	४।।३
भांग्रा कोरी १ को	१ऽ।।	×	१ऽ।।
भैंसिको सिङ १ वंचरो ज्मा रकम् २ के कोरी १ को	।.।।।	×	।.।।।
मौम मन् १ को	३।।/।।।	३।।.।	३।।.।
मिर्चा मन् १ को	१–२।।	१ऽ।।।	१ऽ।।।
मुडीला मन् १ को	।।।.	×	।।२।।
मुलाको व्यू मन १ को	।।।३।	×	।।।/।।
मैना गोटा १ डाफे गोटा १ मोहनाल गोटा १ ज्मा रकं ३ के गोटा ४ को	/।।।	×	।/।।।
मोहर सैक्रा १ को	१	×	१
लाहा १ लोहाकार १ लोहादारू १ ज्मा रकं ३ के मन् १ को	।।।/।।	।।३।।।	।।३।।।
लोहावान मन् १ को	।।।२।	।।।/।।।	।।।.।।
सोठी मन् १ को	।।।/।	।।२।।।	।।
सुपेला कोरी १ को	/	×	/
सुन्तोला सैक्रा १ को	ऽ।।	×	ऽ।।
सिघ भांग भोल १ को	३।।.।।	×	३।।.।।
हर्दि मन् १ को	।३।।।	।.।।।	।२
अलैचि मन् १ को	३।।।/।।	३।।।.	२।।३।।।
मतित मन् १ को	।।।/।।	।।।	।।३।।।
मुलाको व्यू मन १ को	।।।३।	×	।।।/।।

ईती सम्वत् १९५० साल मीती वैशाष वदि ९ रोज २ शुभम् – – – – –

विषयः– श्री जगज्ज्य मल्लले विश्वामित्र पाध्यालाई जग्गा वेचेको वापत जय प्रकाशलाई साक्षि राखी गरिदिएको ।

ल. सं. ५३ मितिः– ने. सं. ८५० फागुन शुदि २

१ स्वस्ति ।। श्रीमत्पशुपति चरण कमल धूलि धूसरित शिरोरूह श्रीमन्मानेश्वरीष्ट-देवतावलब्ध प्रसाद देदीप्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मान मानोन्नत श्री लघूवंशावतार श्री रविकूलतिलक हनुमद्द्वज नेपालेश्वर महाराज-धिराज राजराजे

न्द्र सकर राज चक्राधीश्वर निजेष्टदेव देवेश्वरी कृपाकटाक्षवलित विक्रमोपार्ज्जित वारणाकर समुद्भू

त गजेन्द्रपति श्रीश्री जय जगज्जय मल्लदेव परम भट्टारकदेवानां सदा समर विजयी-नां प्रभु ठाकूलसन ।।

श्रीमत्कान्तिपूरमहानगरे जफेस चोङ विप्र श्री विश्वामित्र पाध्यानांम्ने प्रसादी कृतं ।। स्थानस्य यथादिशि प्रदेशे

जफे वू क्षत्रनाम संज्ञकं ।। श्रीराज्ञः क्षेतात्पूर्व दक्षिण पश्चिमतश्च नद्यायाः उत्तरतः ऐतेषां मध्ये ध्वते चात्रर्घा

तदू अष्टादश रोपनिकं क्षत्रांन्ततोपि वू रो १८ भूय कर्ष ६ भूय वूरो ११ भूय वुरो ३ देहिकर्ष २ वू ओनाप घ

ल्यालि कर्ष २ देवहरिया घल्यालि ओनापं ततः क्षेत्रस्य यथा देशकाल प्रवर्त्तमान संचारलेन सूवर्णमू

ल्य षच्छत श्री जगज्जयमल्ली टंका ६०० मादाय स्वाधिनेन वतुकं न्यायेन क्रिवि-क्रीतुं भवति ।। प्रात्तु रा मो

हो टंका ३०० परमान न काया ओ हातिखेलास खर्च्च विल भूय टंका २०० श्रीश्री नकासे विज्याङाओ परमानया

त विल वाविन्हि दवाल खर्च्च ।। अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्री जय जयप्रकाश मल्लदेव ।। सम्वत् ८५० फाल्गुण शुद्धि २ शुभ ।।

विषयः– राजा नारायणसिंहले मुकुन्दसिंह गोसाईंलाई खेत दिएको ।

ल. सं. ५४ मितिः– शाके १६५१ पौषकृष्ण चतुर्थि तिथी शनिवार

ॐ स्वस्ति ।। श्री शाके १६५१ पौषमासे कृष्णपक्षे चतुर्थां तिथो शनिवा
सरे धनेष्टानक्षत्रे श्री महाराजाधिराज नारायणसिंहपादाञ्चि
रं जयन्तु नारायणसिंह रजवारले मुकुटसिंह गोया (शा) इज्युले नालि ६
विर्कुलो रोरालि कुला उवोकाना गडाका कुला उनोनालि पस्यालि वा
डामित रतिष गिनी कोहुनोनालि ४ दुवालि मितरपुरन् विष्ट कोहु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नो मुधरञ्चाडो परिमल् ढाटकोहुनोप्रति माटो मयामै षडगुवगा
डिले देव्वगाडिले पायो ५५ माटाको डिगाको हाडमडाकोथे
कलोरजाइ शोप्रर्जाइ शोतीन्त्या त्यामेटिपायो उषेडा
का तीन्नालि मेटिपाया आडोउषेडा दिन् अत्र साक्षि सुर्या चंद्रमसौ
भुमंणालका साक्षि हीत्विजईसि साक्षि अदिकारी जैभान् विराल
शाक्षी विष्ट शंकरविष्ट साक्षि वजाल माधो उपाद्या गुणलरामपा
विक्रम जोइशि साक्षी तनपालि शिवा उपाद्या देउतलि शुन्नर उपाद्या
शाक्षि थलारी विछुचुलान– – –कडाइत् शाक्षि पिषेतिर्थरु रो
कायो शिउमल रोकायो शाक्षि अम्विश्याराम् रोकायो भडचु रोका
यो शाक्षि दीपीलो अमोग्रमणारि साक्षि सात चाकरका घरका वि
श्राम् मणारी शुन्ता थापो साक्षि माइलो शगुन्याविष्ट पच्गाइको सु
न्तान् विष्ट साक्षि डोग्डचाल् दुर्शासिह साक्षि णरिमल् सक्वोलि
साक्षि उषेडो सिगुत्वा उषेडो साक्षि लिखित साक्षि लक्ष्मिर जाइसि ।। स्वदत्ताम्पर-
दत्ताम्वा ये हरति वसुंधरा।। खष्टिवर्ष सहश्राणां विष्टायां जायते कृमि।। शुभमस्तु ।।
कर्णान्पा गुरुदता साउ ।। ।। ।।

विषय:– श्री महाराजा नारायणसिंह र मुकुन्दसिंह गोसाईंले जयराम दत्तलाई जग्गा दिई गरी दिएको ।

ल. सं. ५५ मिति– शाके १६४४ मंसीर ११ रोज ६

ॐ स्वस्ति ।। श्री शाके १६४४ मासे ८ तिथौ वारे ६ नक्षत्रे १५ श्रीमहा
राजाद्धिराज नारायणसिंहपादा श्चिरं जयंतु नारायणसिंह रजवा
रले मुक्कुर्टसिह गोशाइज्युले शोलनालि जैराम देव्व कोहुनो शुन्याल
वगइ शेरालागाउ विष्ट कोहुनो चउनालि तल्लो वगइरिया षेत ना
लिछज भुउविन्कठाइत कोहुनो आइ लंभुचितुकुव्वान कोहुनो
एति माटो ठाकुरले वक्स्यो ठाकुरकि संततिले मयाचितौंनु मा
नि कुंभाशुराले सुजान भासुराले पाया मानि कुंभाशुराकि सुजानभा
सुराकि संततिले पाउनु एइ माटाको फेरफार नगर्नु जो एइ माटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को फेरफार गरत गाइको मासु कागको षुट्टा षाजो एइ माटाका फेर
गरत तै सास्ति गन्निया रेषन र्हन्नि अत्र साक्षि सैपौ सूर्या चंड्रमसौ भूम
डलका साक्षि हितवि जईसिह नैव गणेस कार्कि साक्षि इंदुसिंई विस्रा
र्मसिह साक्षि कोइऱ्यालकोट जोगासिह साक्षि षुकुऱ्याषुलम माधो उपाद्या गुगु
इभट्टु पाणे साक्षि दुवाली निलकंठ जोइसी साक्षि जाङकुपाणे साक्षि तनपालिसी
लम्मुंहिको गोव्वो सुन्याल वगड कामीडो ठाकुरले मयामिइ सुजानी
सुराले पायो अत्र साक्षि हितवि जैइसींग साक्षी डया गोसाइ जैपाए चीरातसाक्षि
वाउ पाद्या साक्षि देउतलि हरिकेस गिरिधर उपाद्या साक्षि
थलारि भुस कशई तविछुचुहान साक्षि मज्यालि संग्राम कशइ त साक्षि पिषेति
भाउसिंग रोकायो विज्या रोकायो साक्षि आठ
विस वुशे थापो राम रोकायो विर्मानि रोकायो साक्षि दिविल
सुंनर पठालो साक्षि मोइलजजु विष्ट टुणा संग्राम विष्ट सा
क्षि थलारा पर्ताप भणारि तिषु थापा साक्षि रतन थापा रंजित पत्त्या
यि साक्षि परिमल सपकोलि जैभानचिराल साक्षि हिगाको हाइमशको
थेकलो रजाइ सोप्रजाइ सोचारज्याइत्या मेठिपायो रुपञा ९० मानि
कुमासुरा काचउ आगला रुपञा विसा सय सुजान भासुराका षेत मुहा
तियालो भाग मानि कुभासुराको उषेशेसि गुहा साक्षि लिषित साक्षि
विस षेत वासुदेव जोइसि ।। स्वदत्तं परदत्तं वा जे हरंति वसुंधरा ।। षष्टी
वर्ष सहश्राणी विष्टायां जायते क्रिमी ।। पत्र कणर्न्याहाठ गुरूदत्त साउ ।। सुभम्

विषयः– श्री राजा कृष्ण शाहिले रघुनाथ शाहिलाई रजवारको दिपो माफ गरी दिएको ।

ल. सं. ५६ मितिः– शाके १६८५ आश्विन शुदि १०

श्री साके १६८५ समयउगाश्चित सुदा००श्रीमहाराजाधिराज श्रीरैका
कीश्न साहीपादाश्चिरं जयंतु श्रीरैफज्यूपायत्ते मयाचीतो हुवीरका
ल्गेलुसोजोफाल रघुनाथ साइरै फाज्युका हजुरवसी जोनराइनसी
गरजवारले तैदीन जो पाये पत्रराषी हलीछत्यो रजवारको दीपो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वीमाफतैलपटी लुसालको पेच्यो छैथानीको सुदास वमातव गाई पृथ्थी
सींग रजपारले पायो कडाको अपनु रेषो पायो कडामै फलानसींग रजपार
का दीन जेले जसो पाइछ तैले तसो पाउनु फडालुसाकीघात कसैफीन मुंडी कदा
लुसाफीर क्षगंनी अत्र साछी चंद्र सूर्ज्य भूमंडलका साछी श्री दीपसाजु उसाइ
ज्यु देयान सगराम साइज्यु नेपजसु फठाईज्यु पुरोहीत जैदेव पनेरज्यू वरन
सार्ण्न भगीरत भडारी तामसींग देर्वा परताप वोगटी रजवार वैयाल फासीपीष्ट वो
च्यासेरालो लीषीत साछी लुछपज्यु लीवीतंपती जोइसी
स्वदत्तां परदत्तां वा ये हरति वसुंधरां ।। षष्टि वर्ष सहस्राणि विष्टायां जा
यते कृमि ।। अन्यथा न्नास्ति ।। सुभं भूयात् ।। श्री रक्षा ।।
फडारीतंपतु सुनार ।। ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा जगज्ज्योति मल्ल विरचित नीतिसार संग्रह एक अध्ययन

–डा. जनकलाल वैद्य

नेपाल संवत् ७३३–७५६ (वि. सं. १६७०–१६९३) तिरका भक्तपुरका राजा जगज्ज्योति मल्ल कवि, नीतिशास्त्रज्ञ, र विद्वान् थिए। उनका कृतिहरू संस्कृत, मैथिली र नेपालभाषामा लेखिएका देखिन्छन्। ती मध्ये केही ग्रन्थहरू राष्ट्रिय अभिलेखालय र आशा सफू कुथिमा सुरक्षित छन्। उनका दरवारी कवि तथा विद्वान् वंशमणि झासित मिली उनले **संगीतचन्द्र** नामक संगीतशास्त्र (द्वि० २२२, बी २८८/२२) अभिलेख ग्रन्थ मूल संस्कृत पाठ सहित नेपालभाषामा व्याख्यामय अनुवाद गरी वनाएका थिए। संस्कृतका **सप्तताल गीत** र **गीत पञ्चालिका** उनका अन्य कृति हुन्। **नाना पञ्च दश गीत** मा उनका नेपाल भाषाका शृङ्गारिक, उपदेशात्मक र व्यङ्ग्य गीतहरू छन्। प्रस्तुत लेखमा उनको **नीतिसार संग्रह** अभिलेख ग्रन्थको परिचय प्रस्तुत गरिन्छ।

मैले (यस पंक्ति लेखकले) वि. सं. २०४१ सालमा राष्ट्रिय अभिलेखालय स्थित नेपालभाषाका अभिलेख ग्रन्थका वर्णनात्मक सूची तयार गरेको थिएँ। त्यसै बेला जगज्ज्योति मल्ल विरचित **नीतिसार** ग्रन्थ राष्ट्रिय अभिलेखालयमा भेट्टाएँ। उक्त ग्रन्थको लगत नंवर पञ्चम ३४८१ औ माइक्रोफिल्म नंवर ए ३८४/३ रहेछ। उक्त ग्रन्थ २७.८×८.७ से. मि. नापको पाको नेपाली कागतमा नेवाराक्षर लिपिमा लेखिएको छ। त्यसका प्रत्येक पत्रमा ७।७ पंक्ति छन्। जम्मा ७३ पत्र छन्। अक्षर राम्रा छन्। भाषा सरल, स्पष्ट र वोधगम्य छन्।

त्यस ग्रन्थको शुरूमा ग्रन्थकारले आफ्नो इष्ट उपास्य गौरी शंकरलाई वन्दना गरेको देखिन्छ। साथै, उक्त ग्रन्थ लेख्नाको दुइ उद्देश्य– (१) वालकहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नैतिक उपदेश ज्ञान दिई उपकार गर्ने र (२) पण्डितजनलाई हर्षित गर्ने भनी उल्लेख गरेका छन् । त्यसैको समाप्ति वाक्य अनुसार त्यो ग्रन्थका मूल ग्रन्थकार जगज्ज्योति मल्ल हुन् भनी परिचित हुन आएको छ । जगज्ज्योति मल्ल विरचित **नीतिसार संग्रह** उनकै नाति उग्र मल्लको शासन कालमा ने. सं. ८३१ (वि. सं. १७६८) मा सारेर नयाँ ग्रन्थ बनाएको बुझिन्छ । यसरी जगज्ज्योति मल्लको **नीतिसार संग्रह** उनको शेष पछिको तेस्रो पुस्तासम्म पनि आदर साथ अध्ययन गरिने गरेको थाहा हुन्छ ।

यसो त नेपालभाषामा **हितोपदेश, तन्त्राख्यान, चाणक्य सार संग्रह** र **कुशोपदेश नीतिका** ग्रन्थहरूको टीका अनुवाद एवं स्वतन्त्र गद्य आख्यान जस्तो गरी (**तन्त्राख्यान**) लेख्ने, सार्ने, र संग्रह गर्ने लामो परम्परा रहिसकेको देखिन्छ । **चाणक्य सार संग्रह** अभिलेख ग्रन्थत नेवारहरूका घरैपिच्छे भने जस्तै पाइन्थ्यो । बौद्ध ग्रन्थकर्ताहरूले **बौद्ध चाणक्य नीति सार संग्रह** भन्ने शीर्षक दिएर मङ्गलाचरणमा बौद्ध उपास्यको स्तुति वन्दना गरिएको पाइन्छ त शैवमार्गीहरूले **बुद्धि चाणक्य संग्रह** अथवा **चाणक्य सार संग्रह** शीर्षकको नीति श्लोक ग्रन्थमा आफ्नै उपास्य देवदेवीको स्तुति गरिएका धेरै पाइन्छन् । **चाणक्य सार संग्रह** अभिलेख ग्रन्थहरूमा धेरैजसो १००/१०० नीति श्लोकको १/१ शतकमा विभाजन गरी ठ्याम्मै ३०० श्लोकहरू समावेश गरिएका हुन्छन् । जगज्ज्योति मल्लको प्रस्तुत **नीति सार संग्रह** अभिलेख ग्रन्थको समाप्ति वाक्यमा 'स्वर ७ रस ६ युग ४ (उल्टोबाट पढ्दा ४६७) थ्वते शिलोकया ल्याख' भनी श्लोकको संख्या ४६७ भनी उल्लेख गरिएको भएता पनि श्लोक गणना गरी हेर्दा जम्मा ४५० चारशय पचास मात्र देखिन्छन् । प्रस्तुत ग्रन्थमा समग्र श्लोकलाई १) **गुरु प्रशंसा** (पत्राङ्क १–४ सम्म), २) **गुण प्रशंसा** (पत्राङ्क ४–५ सम्म), ३) **विद्या प्रशंसा** (पत्राङ्क ५–७ सम्म), ४) **काय निन्दा** (पत्राङ्क ७–९ सम्म), ५) **काय प्रशंसा** (पत्राङ्क ९–११ सम्म), ६) **काय शिक्षा** (पत्राङ्क ११–२७), ७) **निश्चय** (पत्राङ्क २७–२९), ८) **राजा निन्दा** (पत्राङ्क २९–३०), ९) **राज गुण प्रशंसा** (पत्राङ्क ३०–३३), १०) **राजाया योग्य पनिस प्रशंसा** (पत्राङ्क ३४–४२), ११) **सन्धि** (पत्राङ्क ४२–४५), १२) **विग्रह** (पत्राङ्क ४६–४९), १३) **जयलपे गुण** (पत्राङ्क ४९–५१), १४) **मण्डल** (पत्राङ्क ५१–५४), १५) **रथ / यान** (पत्राङ्क ५४–५५), १६) **आसन** (पत्राङ्क ५५–५७), १७) **द्वैध भाव** (पत्राङ्क ५७), १८) **आश्रय** (पत्राङ्क ५७–५८), १९) **मिसा निन्दा** (पत्राङ्क ५८–६१), २०) **मिसाया गुण** (पत्राङ्क ६१–६४),

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२१) **द्रव्य दोष** (पत्राङ्क ६४-६५), २२) **द्रव्य गुण** (पत्राङ्क ६५-६८), २३) **मित्र दोष** (पत्राङ्क ६८-६९), २४) **मित्र गुण** (पत्राङ्क ६९-७१), २५) **दुर्ज्जन दोष** (पत्राङ्क ७१-७३), २६) **साधु गुण** (पत्राङ्क ७३-७४), शीर्षक समूहमा विभाजन गरिएका छन् । राजा जगज्ज्योति मल्लले उक्त **नीतिसार संग्रह** ग्रन्थ चाणक्य नीति, महारन र अन्य शास्त्र ग्रन्थहरूवाट समुद्र मथन गरे झैं सारभूत एवं जीवन व्यवहार उपयोगी नैतिक उपदेश मथेर संकलन सम्पादन गरिएको बुझिन्छ । ग्रन्थको शुरुमा उल्लेख भए अनुसार ग्रन्थकारले 'बालकहरूलाई उपकार गर्ने ध्येयले तयार गरिएको त्यस ग्रन्थमा बाल उपयोगी नैतिक ज्ञान उपदेश गुरु प्रशंसा, गुण प्रशंसा, विद्या प्रशंसा शीर्षक भित्र राखेका छन् त प्रौढहरूलाई व्यावहारिक क्षेत्रमा सुगमताका साथ कर्त्तव्य निर्वाह गर्न सक्ने हुनलाई आवश्यक नैतिक गुण सम्वन्धी उपदेशहरू 'काय प्रशंसा र निन्दा', 'द्रव्य दोष र गुण', 'मित्र दोष र गुण', 'दुर्जन दोष र साधु गुण' शीर्षक भित्र प्रस्तुत गरेका छन् । त्यस्तै यौवनावस्थामा पुग्दा हर्षित हुनलाई आवश्यक पर्ने उपदेशहरू 'स्त्री गुण-निन्दा', 'द्रव्य गुण-दोष', र 'मित्र गुण-दोष' शीर्षकहरू भित्र पारेका छन् । देशको राज्य शासन सुव्यवस्थित ढङ्गले संचालन गर्न सक्ने हुनलाई त्यस जमानाका शासकहरूलाई आवश्यक राजनीति उपदेशहरू 'राजाया योग्य पनिस गुण', 'सन्धी', 'विग्रह', 'जयलपे गुण', 'मण्डल, रथ, आसन, द्वैध भाव' शीर्षकहरू भित्र यथा प्रसङ्ग राखेका छन् । यसरी तत्कालीन जीवनका हरेका क्षेत्रका सवै उमेरका पाठकहरू निम्ति ज्ञानको दियो स्वरूपको उपर्युक्त ग्रन्थ राजा जगज्ज्योति मल्लको सुनियोजित संकलन सम्पादन मान्न सकिन्छ । साथै, उक्त ग्रन्थ नीति श्लोक संकलन र अर्थ लेख्ने परम्पराको अन्ध अनुकरण गरिएको कृति मात्र नभई वर्तमान नेपालको देशकाल परिस्थितिको खाँचो परिपूर्ति गर्ने अत्यन्त उपयोगी एवं ज्ञानवर्द्धक ग्रन्थको रूपमा कदर गर्न सकिन्छ । ग्रन्थको मूल संस्कृत पाठमा र नेपालभाषा अर्थ व्याख्या लेखनमा ग्रन्थकार जगज्ज्योति मल्लको विद्वत् व्यक्तित्व तथा सिर्जना रचना सक्रियता झल्किएका छन् । उनका त्यस्ता श्लोकहरू र नेपालभाषा अर्थ व्याख्या दृष्टान्तहरू केही यहाँ प्रस्तुत गरिन्छन्–

प्रसन्ने तु गुरौ सर्व्व सिद्धिरुवता मनीषिभिः ।
यथा शिवस्तथा विद्या यथा विद्या तथा गुरु ।। (पत्राङ्क २)

गुरु प्रसन्न जुल्ले समस्तं सिद्धि साधकं पण्डितसेन ल्हाला ।
गथे शिव अथे विद्या । गथे विद्या अथे गुरु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(सिद्धिसाधक पण्डितहरू भन्छन्– गुरु प्रशन्न भएमा समस्त कार्य सिद्ध हुन्छ। जस्तो शिव, त्यस्तै विद्या। जस्तो विद्या त्यस्तै गुरु। हुनुपर्छ)

गुणिभिः सह संपर्क्कं पण्डितै सह संकथा।
सुजनैः सह मित्रत्वं कुर्व्वाणे नावसीदति॥

संग [त] याय गुणिम्हं ओ, खं ल्हाय पण्डितम्हं ओ, मित्र याय सुजनम्हं ओ, थथे याकम्हयां अवसान मलाक।

(गुणीको संगत गर्नू, पण्डितसित विचार विमर्श गर्नू; सज्जनलाई मित्र वनाउनु। यस्तो गर्नेहरूको पतन हुँदैन)

स जीवति गुणो यस्य, यस्य धर्म्म स जीवति।
गुणधर्म्म (स्य) विहीनस्य, निस्फलं तस्य जीवनं॥

गोम्हंया गुण धर्म्म दता, ओम्हं म्वाङाया साफल्य जुला। गोम्हंया गुणं धर्म्मं मदता ओम्हं म्वाङाया निस्फल जुला

(गुणी र धर्मातमाको जीवन साफल्य हुन्छ। गुण पनि नहुने धर्म्म पनि नहुनेको जीवन साफल्य हुन्न।)

अनाभ्यासैर्हता विद्या, नित्यहासैर्हता स्त्रिया
कुवीर्य्यतं हतं क्षेत्रं, भृत्यदोषै हतो नृपः॥

अभ्यास मयातङाव विद्या फुता, न्हेंले यलङाव मिसा फुता, पुसा मभिङन मोङ बुं फुता, शे (से) वक पनि मभीङन राजा फुता।

(अभ्यास र प्रयोग नगरिएमा विद्या नाश हुन्छ। सँधैं हँसि ठट्टा गर्ने स्त्रीको चरित्र विग्रन्छ, कमसल वीउ लगाए अव्वल खेत पनि विग्रन्छ, सेवकहरू गतिला नभए राजाको पतन हुन्छ।)

निरुत्साहं निरानन्दं निर्व्वीर्य्यमरिनन्दनं
सास्मसीमन्तिनी काचिज्जनयेत्पुत्रमीदृशं॥

पुसमिन सिन्हा फासे साँ प्याचकं, तया मिसान थथीङ काय मबूयकव, उत्साह मथूल, आनन्द मथुल, वैरी मभोचकू अथिङम्हं।

(पतिले सिउँदोमा सिन्दुर चढाइएकी औ चुल्ठो बाटिएकी विवाहिता पत्नीले उत्साहहीन, आनन्दित नहुने औ शत्रुलाई जितन नसक्ने सन्तान जन्माउँदैन।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शर्व्वरीदीपकश्चन्द्रः, प्रभाते रवि दीपकः ।
त्रैलोक्यदीपको धर्म्मः सुपुत्रो कुलदीपकः ।।

चान्हँया मता चन्द्रमा, नासानङाव न्हिवा मता सूर्य, स्वगुलि लोकया मता धर्म्म, सुपुत्र काय कुलया मता ।

(चन्द्रमा रातको, सूर्य दिनको, तिनै लोकको धर्म्म बत्ती हुन् त असल सन्तान कुलकै बत्ती हुन् ।)

शनैरर्था शनैर्व्विद्या, शनै पर्व्वतमारुहा ।
शनै धर्म्मश्च कामश्च, व्यायामश्च शनैः शनैः ।।

थ्वले ज्यास, बुरुहुन याय माल, दाम दयकेश, विद्या सेनेस, पर्व्वत जायस. धर्म्म लायस, कार्य सिधयकेस, पुरुषार्थ, यायस थ्वते थास बुरुहुन माल ।

(धन कमाउने, विद्या सिक्ने, उकालो लाग्ने, धर्म लाभ गर्ने, काम सिद्ध गर्ने, पुरुषार्थ गर्ने जस्ता काम विस्तारै गर्नुपर्छ हडबडाउनु हुन्न ।)

रहस्यभेदं नैष्ठूर्य्यं, परदोषानुकीर्त्तनं ।
कलह प्रकृतिं चैव, दूरतः परिवर्ज्जयेत् ।।

रहस्य खान फाव, दया मदु, मेवया दोष ल्हाक, ल्वाययगु स्वभाव, थ्वते थ्वरम्हाजन तापारेन तोलते माल ।

(रहस्य भेदका कुरा गर्ने षड्यन्त्रकारीहरू निष्ठूर हुन्छन्, अर्काको दोष खोस्रन्छन्, झगडालु हुन्छन् । यस्ता व्यक्तिदेखि टाढै रहनु उत्तम ।)

अवज्ञानाद्राज्ञो भवति मतिहीनः परिजन,
स्ततस्तत्प्राधान्याद्व्रजति समीपे बुधजनः ।
बुधैस्त्यक्तै राज्ये भवतिन्नहि नीतिर्गुणवती,
विपन्नायां नीतौ सकलमवसं सीदति जगत् ।।

अन्हेलायाकेनान शे (से) वक पनि मति हीन जुयिव, थथे जुलङाव, राजाया थास ज्ञानिपनि मवानिव, पण्डितपनिसेन राज्यस तोलतलङाव, नीति गुण थुल मदयिव, मदतनाव, विपत्ति जुयिव, विपत्तिस समस्तया अवसान जुयिव ।

(अपमान गरिएमा सेवकहरू मतिहीन होलान् । त्यसो भएमा राजा कहाँ ज्ञानीहरू जाँदैनन् । पण्डितजनले राज्य देश छोडी अन्यत्र लागेमा, देशमा नीतिवान् गुणवान् सज्जन हुने छैनन् । त्यस्ता भद्रभलाद्मी नभएमा देशमा विपत्ति आइ लाग्छ । विपत्तिमा सबैको नाश हुन्छ ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पात्रापात्रविवेकज्ञो, गीतज्ञः शास्त्रतत्त्ववित् ।
कलासु निपुणो विद्वान्प्रियः स्वाधीन सेवकः ।

पात्र अपात्र विचाल सेव, राग मे सव, शास्त्रतत्त्व सेव, खुय पेता ६४ कला सव, पण्डित व थव अधीन सेवक ।

(पात्र अपात्र चिन्न सक्ने, विवेकवान्, राग संगीत जान्ने बुझ्ने, शास्त्रज्ञ, ६४ कलाका ज्ञाता, पण्डित र सेवक जन आफ्नो अनुकूल भएकाहरू नै राजाका निम्ति योग्य पात्र हुन् ।)

फलं धर्म्मस्य विभवो, विभवस्य फलं सुखं ।
सुखमूलानि नार्यश्च, कुतः सौख्यं स्त्रियं विना ।।

धर्म्मया से सम्पत्ति, सम्पत्तिया से सुख, सुखया हा मिसा, गणा (गना) सुख मिसा वाहिकन ।

(धर्मको फल सम्पत्ति, सम्पत्तिको फल सुख, सुखको मूलजरा स्त्री । स्त्री संयोग विना सुख कहाँ मिल्छ र ?)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा योगनरेन्द्र मल्लले सामाजिक व्यवस्था सम्बन्धमा गरिदिएको लालमोहर

-उद्धव आचार्य

फर्पिङ्ग हतलाछे लिपछे वन्तागृह बस्ने जगन्नाथ भारोले अरूको बच्चा अपनाउँदा बच्चाको जातिलाई लिएर उठेको विवाद अन्त्य गर्न ललितपुरका राजा योगनरेन्द्र मल्लले वि. सं. १७४८ फाल्गुण कृष्णपक्ष तृतीया तिथिमा रानी नरेन्द्र लक्ष्मीलाई साक्षी राखी 'कस्तूरिकोट' नामक विधि विधान सम्पन्न गरी बच्चा अपनाउने जगन्नाथ भारोकै जातमा मिलाई यो लालमोहर गरेको देखिन्छ। फर्पिङ्ग नारायण डवली निवासी गणेशलाल मानन्धरको संग्रहमा रहेको यो लालमोहर मल्लकालीन सामाजिक अवस्थाको सम्बन्धमा जानकारी दिने महत्त्वपूर्ण प्रमाणको रूपमा रहेको छ।

१. स्वस्ति ।। श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय योगनरेन्द्र-मल्लदेव प्रभु ठाकुलसन ।। फणपिदेश

२. हतलाछे लिपछे वन्तागृह जगन्नाथ भारोयात भासचोस्यं प्रसन्नजुरङाया भाषा थ्वते ।। भाषा थ्व जग

३. न्नाथ भारोन मोचा नालावयत धक दुर्ज्जन सज्जनं लावय याङनं थेङकुस. थन शोधय याङा व

४. कस्तूरिकोट दुंकास्य विज्याङन ओयावस्त्र तोडतस्यं प्रसन्नजुय धुंङ जुरो थ्व मोचाया अर्थन सुना

५. न जुरसनं अथ्य थथ्य धक लिह्मिन कावगववेलसं दुख वीय मदोजुरो. साक्षी श्रीराजपत्नी नरेन्द्र

६. लक्ष्मी देवीस लिखित नकवहार विश्वसिंह सम्वत् ८१२ फाल्गुनकृष्ण तृतीयायातिथौ ।। शुभ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



राजा योग नरेन्द्र मल्लले सामाजिक व्यवस्था सम्बन्धमा गरिदिएको लालमोहर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवाद

कल्याण होस् । श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय योगनरेन्द्र मल्लदेव प्रभु ठाकुरले फणपि (फर्पिङ्ग) देश हतलाछे लिपछेवन्तागृहका जगन्नाथ भारोलाई पत्र लेखी निगाह भएको व्यहोरा । यी जगन्नाथ भारोले वालकलाई अपनाई लग्यो भनी दुर्जन सज्जनहरूले वदनाम गरी राखेकोलाई यहाँ शोधन गरी 'कस्तूरिकोट' (?) नामक विधानमा भिल्याई अर्थात् कर्मक्रया गरी त्यसको वस्त्र फुकाली निगाह भयो । यस बालकको विषयमा कसैले पनि यसो उसो भनी होच्याई कहिल्यै पनि दु:ख दिन पाइँदैन । साक्षी राजपत्नी नरेन्द्रलक्ष्मी देवी लेखक नकवहालका विश्वसिंह सम्वत् ८१२ (वि. सं. १७४८) फाल्गुण कृष्ण तृतीया तिथि ।। शुभ ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The Tibetan Section of the Nepal–German Manuscript Preservation Project (NGMPP) in the Year 1992: Actual Achievements and Future Prospects

Franz-Karl Ehrhard

As the 5th phase of the activities of the NGMPP will end in February 1993, it is the right time to consider some results of the work done since the last project report[1] and give some perspectives for future activities as well. This can be seen as contributing to the discussion of a further extension of the agreement between His Majesty's Government of Nepal (Department of Archaeology) and the German Oriental Society, hopefully dispelling some of the doubts harboured against such a continuation.

Manusoripts filmed by the NGMPP (June 1991 to August 1992):

–	Sanskrit Section	7,666 MSS. with 20,892 fols.
–	Tibetan Section:	1,599 MSS. with 93,216 fols.
–	Total	9,265 MSS. with 114,108 fols.

The focus of the Sanskrit section on checking and filming the documents of the Guthisamsthan (Bhadrakali) can be aptly demonstrated by the number of Guthi documents, 6,913 (6,913 fols.) as against 753 Sanskri/Newari texts (13,979 fols.) dealing mainly with religious or philosophical subjects.

1. "Entering the 5th Phase of the Nepal–German Manuscript Preservation Project (NGMPP): New Accessions and Recent Findings in the Tibetan Collection of National Archives," Abhilekh, no. 9 (V. S. 2048), pp. 33–38.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The Tibetan material consists of texts microfilmed in the northern parts of Nepal and of documents provided by individuals to the project. Special mention must be made of the collection of Tibetan texts transferred from the National Museum (Chauni) to the National Archives recently,

Expeditions conducted by the NGMPP:

1. Muchu (Humla region):
   4 July to 1 August 1991
   131 MSS. with 18,734 fols.
   (Reel nos. L347–L375)
2. Ro (Nubri region):
   9 April to 8 May 1992
   205 MSS. with 16,009 fols.
   (Reel nos. L376–L400)
3. Tarap (Dolpo region):
   22 August to 13 September 1992
   135 MSS. with 11,415 fols.
   (Reel nos. L401–L417)

As can be noted from the target areas of the expeditions, the project is now concentrating on the newly opened restricted areas in the Tibetan-speaking regions of northern Nepal. Given the already existing contacts with officials and lamas in these areas and the good reputation of the Project with the local people, it is hoped that the work in this field can be intensified with the next extension of the agreement.

The filming of the Tibetan texts from the National Museum started in September 1991, and up to August 1992 the number of microfilmed texts was 869 with 39,371 folios (reel nos. AT50–AT123). By checking different documents it was possible to trace the origin of this collection to the monastery bDe-skyid chos-gling in northeastern Nepal; the spiritual lineage of this monastery goes back to Rig-'dzin Padma dband-rgyal rdo-rje (1779-1841), a representative of the sMin-grol gling tradition of the rNying-ma-pa school.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

I shall mention some of the interesting texts of these materials in order to document the value of this collection:

- *O rgyan gyi gu ru padma' byung gnas zhes bya ba yi / rnam thar bcu gnyis dri ma med*, 159 fols. (block print)

  A hithero unknown biography of Padmasambhava; discovered by the "treasure finder" sTag-sham Nus-ldan rdo-rje (17th cent.) in the Asura cave near Parphing.

- *Yongs 'dzin dam Pa rnams kyi drung du phul ba'i zhu yig dang / shal slob sbyin bdag dang bcas pa rnams la chos skyes su btsal ba'i bka' yi ge 'phreng ba kun khyab snyan pa'i ba dan*, 421 fols. (manuscript)

  A collection of letters from the hand of Lo-chen bSod-nam rgya-mtsho (1424-1482). The first three letters are written in Sanskrit and Tibetan and addressed to Vanaratna (1384-1468), the so-called "last pandit" to reach Tibet, his residence being the Gopichandra Mahavihara in Patan.

- *Chab shog skor*, 265 fols. (manuscript)

  Another collection of letters; the author is Brag-dkar rta-so sprul-sku chos-kyi dbang-phyug (1775-1837). This material contains valuable information on the cultural history of Mang-yul, the region north of Rasua.

- *Ma bcos gnyug mai' zog smyon gu yang blo bdi's shugs 'byung nyams glu'i 'phreng ba 'gag med rdo rje'i sgra dbyangs*, 149 fols. (manuscript)

  The spiritual songs of Phying-dkar Don-yod rdo-rje (18th/19th cent.), the First 'Khrul-zhig Rin-po-che. His sphere of activity was also in Mang-yul.

- *Zhi khro bka' brgyad gsang ba yongs rdzogs kyi las bzhi'i sbyin sreg ma 'dres yongs rdzogs gsal byed las kun myur 'grub*, 38 fols. and *Bla ma gsang ba 'dus pa'i las slob ma rjes gzung dbang gi sgom legs par bshad pa'i zin bris*, 31 fols. (manuscripts)

  Two works of a hitherto little known teacher of the Fifth Dalai Bla-ma (1617-1682); his name is Blo-mchog Rig-pa'i rdo-rje (1607-1671).

- *Pad dkar 'dzin pa ngur smrig gar rol lnga pa sdom brtson rgyal po'i tshul 'chang ba drug par 'phos pa'i gtam rna ba'i bcud len yid kyi kun dga'*, 110 fols. (block print)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

A rare work on the transference of the Fifth Dalai Bla-ma (1617-1682) to the Sixth Dalai Bla-ma (1683-1706); it was written by sDe-srid Sangs-rgyas rgya-mtsho (1653-1705).

Tuesday, the 11th of August 1992 was a happy day in the history of the project: the official opening of the Microfilm House, to which eminent figures of political and cultural life were invited. The programme, under the chairmanship of Mrs. S. M. Rana (chief, National Archives), included speeches by Dr. Saphalya Amatya (director, Depaitment of Archaeology), H E. Dr. Martin Schneller (German ambassador), H. E. Govinda Raj Joshi (minister of education and culture), and the representative of the NGMPP.

From all sides expectations were voiced that the building would fulfil not only its function as a depository for the films produced by the NGMPP from its inception in 1970, but that its completion would also mark a new stage in the cooperation between Germany and Nepal in the cultural field. Indeed, this is what the newly provided equipment (1 reader-printer, 2 readers, 1 developing machine, 1 copy machine) will serve to do, by enhancing accessibility of the microfilm collections of the National Archives.

There are plans that with the completion of the Project in Nepal (after its 6th phase of activity, the basis for which will hopefully be the next and final extension of the agreement) the NGMPP will publish a "Preliminary List of Titles of Manuscripts and Documents Microfilmed by the NGMPP", and the work of following up the NGMPP will be left to a second, newly defined project. For the purpose of preparing the groundwork for future research on individual manuscripts and documents, the Project has already published two reprints of important catalogues (one including a concordance with the films of the NGMPP),[2] and the first facsimile edition is under preparation.

2. Reinhold Grunendahl: A Concordance of H.P. Sastri's Catalogue of the Durbar Library and the Mircrofilms of the NGMPP; Hara Prasad Sastri: A Catalogue of Palm-Leaf and Selected Paper Mss. Belonging to the Durbar Library Nepal, Vol. I and II (reprint), Stuttgart 1989 (=Publications of the NGMPP, Vol. 1).

Cecil Bendall: Catalogue of the Buddhist Sanskrit Manuscripts in the University Library, Cambridge (reprint), Stuttgart 1992 (=Publications of the NGMPP, Vol. 2).

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

The plans for the immediate future concern the continuation of the above-mentioned work of the Sanskrit section in the Guthisamsthan and the activities of the Tibetan section in the northern parts of Nepal. As Dr. M. R. Pant was reappointed chief research scholar of the NGMPP from August 1992 onwards, the Sanskrit section will also resume its search for new manuscripts and documents, and expeditions out of the Kathmandu Valley are envisaged as well.

Finally it should be mentioned that an important element of the purpose of the Microfilm House will be to further the development of the National Archives from a manuscript library to what national archives all over the world are meant for, namely, to store and preserve official documents of governments and their administrations produced at various levels.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिसम्बन्धी केही ताडपत्र-तमसूक

–पूर्णरत्न बज्राचार्य

हाम्रा प्राचीन, इतिहास, धर्म, संस्कृति, आर्थिक एवं राजनैतिक व्यवस्था आदि जान्नलाई त्यस समयमा लेखिएका ग्रन्थ, अभिलेख, शिलापत्र, ताडपत्र, ताम्रपत्र लालमोहरहरूका अध्ययन, अनुसन्धान गर्न नितान्त आवश्यक छ। यस्ता कार्यको लागि सयौं वर्षदेखि राष्ट्रिय अभिलेखालयमा संग्रह गरी राखेका ग्रन्थ, ताडपत्र, शिलालेख, ताम्रपत्र, भूर्जपत्र लालमोहरमध्ये मल्लकालमा लेखिएका भूमिसम्बन्धी ताडपत्र तमसूकहरू मात्र १०८४ थान छन् । ती भूमिसम्बन्धी ताडपत्रहरूको सम्पादन भई राष्ट्रिय अभिलेखालयको वार्षिक पत्रिका 'अभिलेख'मा प्रत्येक वर्ष छापिंदै आएको पाठकहरूलाई विदितै भएको होला । यसै क्रममा यस वर्षको दशौं अंकमा पनि नेपाल सम्वत् ६७८ (वि. सं. १६१४) देखि लिएर नेपाल सम्वत् ८४७ (वि. सं. १७८३) सम्म लेखिएका प्रधान महापात्र एवं राजाहरूका नाम उल्लेख भएका ताडपत्र भक्तपुर र ललितपुरको मात्र ३० थान सम्पादन गरी प्रकाशनमा ल्याएको छु। ती ताडपत्र हुन्– ने. सं. ६७८ मा लेखिएको प्रधान महापात्रहरू– मेल्ववर्म, हृदयसिंह वर्म्म, ज्ञानसिंह वर्म, केशवसिंह वर्मका थान १। ने. सं. ६८० र ६९३ मा लेखिएका राजाहरू– नरसिंह देव, उद्धवसिंह देव, पुरन्दरसिंह देवका संयुक्त शासनकालका थान २। ने. सं. ६८६ मा लेखिएको राजा नरसिंह देवका थान १। ने. सं. ६८७ मा लेखिएको राजा पुरन्दरसिंहका थान १। ने. सं. ६९६ मा लेखिएको रानी गंगादेवी, राजाहरू– त्रैलोक्य मल्ल, त्रिभुवन मल्लका संयुक्त शासनकालका थान १। ने. सं. ७१४, ७१९, ७२२, ७२७ मा लेखिएका राजा शिवसिंह देवका थान ५। ने. सं. ७५२, ७५३, ७८० मा लेखिएका राजा सिद्धिनरसिंह मल्लका थान ४। ने. सं. ७८७ मा लेखिएको राजा श्री निवास मल्लका थान १। ने. सं. ८१८, ८१९, ८२१, ८२२ मा लेखिएका राजा योग-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नरेन्द्र मल्लका थान ५ । ने. सं. ८२६ मा लेखिएको राजा लोकप्रकाश मल्लका थान १ । ने. सं. ८२९ मा लेखिएको राजा वीर नरसिंह मल्लका थान १ । ने. सं. ८३६ मा लेखिएको राजा सिद्धिनरसिंह मल्लका थान १ । ने. सं. ८४०, ८४२ मा लेखिएका राजा महीन्द्रसिंह मल्लका थान २ । ने. सं. ८४६, ८४७, ८४८ मा लेखिएका राजा योगप्रकाश मल्लका थान ४ समेत गरी जम्मा ३० थान छन् ।

यी ताडपत्र तमसूकका साक्षीमा– द्विजवर श्री लोकदेव शर्मा, श्री समरसिंह वर्मा, जयराम मुल्मी, पात्रवंश राउत जय शंख भारो, श्री वितुजु, श्री कृष्णदेव, श्री श्री हरिहर सिंहदेव, श्री चैत्रमल्ल, श्री निवास मल्ल, श्री रूद्रमल्ल, श्री वोधमल्ल, श्री रूद्रेन्द्र मल्ल, श्री ऋद्धिनरसिंह मल्ल, श्री वीर नरसिंहदेव, श्री जगज्जय मल्ल, श्री विष्णु मल्ल, बसेका देखिन्छन् । लेखकमा– कायष्ठ हरि, कलन कायष्ठ चण्डीदास, दैवज्ञ सिद्धिराज, दैवज्ञ जगत्मोहन, राजदैवज्ञ मोतिराज, राजदैवज्ञ महेन्द्रराज, राजदैवज्ञ कीर्तिराज, राजदैवज्ञ जोगराज, राजदैवज्ञ कोटिराज, मत्सेन्द्रराज, राजदैवज्ञ नरेन्द्रराज आदिका नाम आउँछन् ।

यसरी राजाका नाम उल्लेख भएका र नभएका अन्य ताडपत्र तमसूकहरू प्रकाशन गर्न धेरै बाँकी छन् । तिनलाई क्रमशः सम्पादन गरी प्रकाशनमा ल्याउने कार्य भइरहेको छ । आशा छ– अनुसन्धाता एवं पाठकवृन्दलाई यसबाट केही सहयोग नै हुनेछ ।

ने. सं. ६७८

बट्टा नं. ४० दर्ता नं. ५९३

मूलपाठः–

१) **श्रेयोऽस्तु ॥ सम्वत् ६७८ चैत्रशुक्ल ॥ द्वितीयां तिथौ ॥ श्री ललितब्रुमायां श्री मानीग्लके दक्षिणविहार जेष्ठविहार वंकुलि कुतुम्वज प्रधान महापात्र श्री मेल्त्रवर्म्मनस, प्रधान महापात्र श्री हृदयसिंह वर्म्मनस, प्रधान महापात्र श्री केशवसिंह वर्म्मनस, एते सहानुमतेन प्रभेतन श्रीमत् श्री श्री वुगंन्हव श्रीमत् श्री श्री**

२) **चोवाहार न्हवन द्वय ग्वछिउसमूहस नाम्नेन प्रसादार्थेन शुक्रीयं स्वभुज्यमानिकं ॥ चनकितोलिके तव दुंच्छे वाहार गृह जकराज भारोस नाम्ना सकाशात ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वथं ग्वाच्छें न्होलच्छें योता लिफू न्हफू लिविसह गृहोस्थाप्न भूमिषा नाम-प्रदेशे, सयव ग्वाच्छें अमात्य लुंग्वभारोस भूमेन, उत्तरत ।। पूर्व्वत ।। दक्षिणत गृहाङ्गणस्य पश्चिमत ।। एतेषा म्मध्य

३) रथ्या मार्ग्गेन दक्षिणप्रवेश, न्होलच्छें गृहमण्डले पूर्व्वाभिमुख, पश्चिम प्रवेश गृहस्थाप्न भूमिका योता मूलद्वारमेकं द्वारच्छि १ लिफू, न्हफू, लिवि स्वसिमा सह ।। तत् भूमे गृहोस्थापनकाले, वाहिर द्वाराङ्गण स्यंदिनीका यक्षणी स्थाप्नन, प्लालस्ठँनादि सो सिमासह ।। सकर्षकं, समपरिभोज्ञं, तद्यथा नगरकाल प्रवर्त्त मानेन, संञ्चा

४) रार्घेन जथोचिचत मूलेमादाय, क्रेविक्री स्वादिनेन तेना निवर्त्तकं, न्यायेन क्रिविक्रीयतं भवति, यदि स्यादेविक राजिक विना शंकट व्यावादकाले तदा श्रीधार्ण्णकेन परिसोधनीयं, अत्र पत्रार्थे दृधिकरणाय साक्षि थवुवषनिह्मं द्विजवर श्री लोकदेव सर्म्मन समेकदृष्ट ।। थ्व गृहस्थाप्नभूमिकाया क्रोप्न सर्व्वं सोधान पुलन धुंग्व जुरो ।। ।। शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ६७८ चैत्र शुक्ल द्वितीयामा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६७ चौडाइ ४.२ से. मि. छ । यसमा माटोको सीलछाप छ । छापको बीचमा श्री अङ्कित भै बाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुर मंगलबजारको दक्षिण विहार, ज्येष्ठविहार वंकुलि कुटुम्वज प्रधान महापात्र श्री मेल्ववर्म, प्रधान महापात्र श्री हृदयसिंह वर्म, प्रधान महापात्र श्री ग्यानसिंह वर्म र प्रधान महापात्र श्री केशवसिंह वर्म, यी चारै जनाले आफूखुसी मिलोमतो गरी श्रीमत् श्री श्री वुंगन्हव व श्रीमत् चोवाहारन्हव ग्वष्ठि (श्री करुणामय मच्छिन्द्र र चोवाहारको आनन्दादि लोकेश्वरको स्नान गुठी) का लागि आफ्नो आफैले भोग गरिराखेको ललितपुर स्वथटोल ग्वाच्छें न्होलच्छेंको घरजग्गा लिगलगापात समेत चनकिटोल तवदुंच्छे वहाल वस्ने जनक भारोलाई विक्री गरी निगाह गरेको उल्लेख छ । घरजग्गाको मोल यत्ति उत्ति भन्ने लेखिएको छैन, केवल नगर काल चलन अनुसार यथोचित मूल्य लिई दिएको भनिएको छ । जग्गाको ४ किल्ला– उही ग्वाच्छेको अमात्य लुंग्व भारोका जग्गादेखि उत्तर पूर्व-दक्षिण र घर आगनदेखि पश्चिम देखाइएको छ । मूल सडकवाट दक्षिण प्रवेश गर्नुपर्ने न्होलछेवाट पूर्वाभिमुख गरी पश्चिम प्रवेश गर्नुपर्ने सो घर जग्गाको मूल ढोका १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समेत दिएको भनिएको छ। त्यस घरजग्गामा घर बनाई माथि उठाउने वेलामा वाहिरको ढोका र चोक स्यंदिनीका वार्दली यक्ष यक्षिणी समेत राख्न पाउने गरी दिएको छ। यदि यसमा दैवी र राजकीय वाधा वाहेक भै-झगडा पर्न आएमा धार्णकले नै बेहोर्नुपर्ने भनिएको छ। यस पत्रलाई पक्की गर्न साक्षीमा थवु वखनिह्मको द्विजवर श्री लोकदेव सर्मालाई राखिएको छ। अन्तमा यो घरजग्गाको मोल सबै चुक्ता भयो भन्ने पनि लेखी दिएको छ। पत्रमा उल्लिखित मच्छिन्द्रको स्नान गर्ने जात्रा चैत्र कृष्ण प्रतिपदामा र चोवाहारको लोकेश्वरको स्नान गर्ने जात्रा चैत्र शुक्ल प्रतिपदामा पर्दछ।

ने. सं. ६८०

वट्टा नं. ४० दर्ता नं. ५९०

मूलपाठः—

१) **स्वस्ति ।। सम्बत् ६८० आषाढ पूर्णमास्यां, श्री ललितभूम्यां श्री मनिगलाधिपतय श्री श्री जय नरसिंहदेव ठाकुरसन, श्री श्री जय पुरन्द्रसिंहदेव ठाकुरसन, श्री श्री उद्धवसिंहदेव ठाकुरसन, प्रसादरपा श्री वंदेग्रामनिवासि, लिपच्छं झोल येटाच्छं मिताजनाम्ने प्रसादीकृतं, श्री ववाया हाश्व गोष्ठी क्षेत्रात्पच्छिम दक्षिण पूर्व्वतश्च, क्षेत्रभूम्यां उत्तरत एतन्मध्ये**

२) **जलधुनिव्व क्षेत्र रोव नस्यं २, तत्क्षेत्र यथा देशकाल प्रवर्त्तमान स्तथा संचार्घेण सुवर्ण्णपुष्पमालार्घ प्रढोकीतमादाय ऋयविऋय स्वाद्दिनेन त्रयेन विक्रयतं भवति, यद्यस्यां देवीक राजीकादिषु श्री श्री धार्ण्णकैः परिसोढितव्यं, अत्र पत्रार्थे दृष्ट श्रुत साक्षी, श्री समरसिंहवर्म्मण प्रभृति सेष्टलोक समुच्चय, जय राजमुलमी प्रभृति मुल्मीलोकस शुभं ।। सर्व्वसोधन पाचकं दुंते धुंङ ।।**

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ६८० (वि. सं. १६१७) आषाढ पूर्णिमामा लेखिएको ताडपत्र तमसूक हुन्। यसको साइज लमाइमा ६०.२ र चौडाइमा ४.३ से. मि. छ। माटाको सीलछाप छ। छापको वीचमा श्री अङ्कित भै ५ थोप्ला मुनितिर देखिन्छ। बाहिर घेरामा बिन्दुबुट्टा छन्।

यसमा ललितपुरका राजाहरू नरसिंहदेव, पुरन्द्रसिंहदेव, उद्धवसिंहदेव यी ३ जनाले आफ्नो संयुक्त राज्यकालमा ल, पु. जि. वंदेगाउ लिपच्छ झोल येताछे वस्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिताजलाई जलधुनिक्व भन्ने खेत २ रोपनी निगाह गरी दिएको उल्लेख छ। यसको ४ किल्ला:– ववाहाको हाथ्व गुठिको खेतदेखि पूर्व, पश्चिम, दक्षिण र क्षेल भूमिदेखि उत्तर भनि देखाइएको छ। यसको मूल्य राजालाई देश काल चलन अनुसार सुवर्णमूल्य चढाएको छ भन्ने लेखिएको छ। दैवी र राजकीय बाधा परेमा ऋणीले बेहोर्नुपर्ने भनिएको छ। यस पत्रमा देखी सुन्ने साक्षीमा समरसिंह वर्म प्रभृति सेष्टलोक र जयराम मुल्मी प्रभृति मुल्मी लोक छन्।

ने. सं. ६८६

वट्टा नं. ४४ | दर्ता नं. ६५८

मूलपाठ:–

१) **श्रेयोऽस्तु ।। सम्वत ६८६ पौषकृष्ण एकादश्यां तिथौ श्री ललितब्रुमायां, श्री मानिगलके दक्षिणविहार: श्री जैष्ठविहार यंकुलि कुटुस्वज श्री मानिगलाधिपति श्री श्री जय नरसिंहदेव ठाकुरस नाम्नेण प्रसादार्थेन स्वकीयं, स्वभुज्यमानिकं श्री वुवाहार वज्राचार्ज्य श्री भीमजुस वो मानिगल पश्लच्छेंवाहार डोय भारोस उभे प्रभुषन श्री वुगंयात उभेषा हाथ्वं गुथि समहस नाम्ना शकासात् ।। गुलषुद्वह**

२) **द्वंको वाटिका नामप्रदेशे ।। वकु प्रजापतिपनिस वाटिकायां पश्चिम।।...... वाटिकायां उत्तरत ।। मार्गशीमायां, पूर्व्वत ।। हातिगल कनिककार हाकुभारोस वातिकाशीमायां दक्षिणत ।। एतेषाम्मधे ।। सार्द्ध मेकं ऋष प्रमान वाटिका ऋषच्छि १ पयि २ ता वाटिका सकषकं परिभोज्ञ ।। जथा नगल काल प्रवृत्तमान संचारार्घेण यथोश्चित मूल्यमादाय: क्रीविक्री**

३) **स्वाधिनत्वेना निवृत्तकं न्यायन क्रेण विक्रीयतं भवति ।। जदि श्याट् देविक राजिक विना शङ्कट व्यावादकाले तदा धार्ण्णकेन परिसोधनियं, प्रत्यशरस्बति पंवुया चेकन पेणुया ल्यास थ्वते वाटिका क्रीण प्रसादारपा जुरों, अत्र पत्रार्थे साक्षि टवङ्वाल (झ्याल) श्री पात्रवंश रावुत्त जय संघभारोस प्रमुषन श्रेष्ट लोक समूहस ।। दृष्ट ।।शुभ।।**

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ६८६ (वि. सं. १६२२) पौष कृष्ण एकादशीमा लेखिएको ललित-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ५७.५ चौडाइ ४.२ से. मि. छ। माटोको सीलछाप छ । छापको बीचमा श्री अङ्कित भै घेरामा विन्दुबट्टा छन् ।

यसमा ललितपुरका राजा श्री श्री जय नरसिंहदेवले आफ्नो आफैंले भोग गरिराखेको गुलखुद्वह द्वंको भन्ने बारी १।। रोपनी श्री वुवहालको वज्राचार्य श्री भीमजु र मानिगलपश्छछे वहाल वस्ने डोयभारो प्रमुख हाथ्वं गुठिसमूहलाई निगाह गरी दिएको उल्लेख छ । यसको ४ किल्ला वकु प्रजापतिको वारीदेखि पश्चिम ·· ······बारीदेखि उत्तर बाटोदेखि पूर्व र हौगल वस्ने कर्निकार हाकुभारोको खेतदेखि दक्षिण लेखिएको छ । धार्णकले ग्राहकसंग यथा नगर काल चलन अनुसार वारीको मूल्य यथोचित मूल्य लिई दिएको भनिएको छ । यस बारीमा दैवी राजकीय वाहेक शङ्कट झैझगडा परेमा विक्रेताले नै वेहोर्नुपर्ने लेखिएको छ। साथै यो वारी प्रत्यसरस्वतीलाई ४ दिनसंम तेल घस्नलाई समेत निगाह गरिएको छ भन्ने वाक्य पनि उल्लेख गरिएको छ । यस पत्रमा इष्ट साक्षी तवझालटोलको पात्रवंश राउत्त जय संखभारो प्रमुख श्रेष्ठ लोकलाई राखिएको छ। लेखकको नाम भने उल्लेख भएको छैन ।

ने. सं. ६८७

वट्टा नं. ४४ दर्ता नं. ६५४

मूलपाठः–

१) स्वस्ति ।। सम्वत् ६८७ चैत्रकृष्ण ५ श्री श्री जय पुरन्दरसिंहदेव ठाकुरसन प्रसादरपा, श्री गाडवाहार टोल श्री वुवाहार ननी वंटाःछं गृहाधिवासिन ग्राहक श्री हृदयकीत वंदेजुस नाम्ने प्रसादीकृतं, स्थानस्य दक्षिणप्रदेशे मार्गेन पच्छिमत श्री श्री······ल भूम्यां उत्तरत······

२) एततमध्ये, टुकवुनामसंज्ञकं ।। तस्याङ्क न्हसपेकर वसयेश्वदं नेदेक परिमानन रोव नस्यं २ प्रसादारपा जुरों तद्भूम्यां यथा देश काल प्रवर्त्तमान स्तथा संचार्घेण सुवर्ण्णपुष्पमालार्ध प्रढोकितमादाय क्रयविक्रय स्वाधिनेन प्रसादीकृतं अत्रार्थे दृष्ट साक्षी श्री गाडवाहार श्री विंतुजु प्रभृति सेष्टलोक समुच्चयस भर्ण्ण सुद्धकं दुंते धुङ जुरो ।।शुभं।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ६८७ (वि. सं. १६२३) चैत्रकृष्ण पंचमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् यसको साइज लमाइ ५० चौडाइ ४.५ से. मि. छ। माटोको सीलछाप छ। छापको बीचमा श्री अङ्कित छ। वाहिरको पहिलो घेरामा बिन्दुबट्टा र त्यसको बाहिर अर्को घेरामा अग्निज्वालाको र त्यसभन्दा वाहिर घेरामा बिन्दु बुट्टा छन्। छाप फुटिसकेको छ। ताडपत्रको माथिल्लो छेउ मूसाले काटी टुक्रा खसिसकेको छ,।

यसमा ललितपुरका राजा श्री श्री जय पुरन्दरसिंहदेवले श्री गावहाल टोल वुवहाल ननि वंटाच्छे वस्ने श्री हृदयकीतवंदेजुलाई टुकवु नामको खेत २ रोपनी निगाह गरी दिएको उल्लेख छ। यसको ४ किल्ला गावहालको दक्षिणपट्टि वाटो देखि पश्चिम, श्री श्री······को भूमिदेखि उत्तर भनी देखाइएको र पूर्व देखाइएको छैन। ग्राहकले राजालाई यथा नगर काल चलन अनुसार सुवर्णमूल्य चढाई लिएको भनिएको छ। यस पत्रमा दृष्ट साक्षी गावहालको श्री वितुजु प्रभृति सेष्टलोक समुच्चय छन्। अन्तमा यसको लेनदेन सबै सकिएको छ भन्ने पनि उल्लेख भएको देखिन्छ। लेखकको नाम भने उल्लेख भएको छैन।

ने. सं. ६९२

वट्टा नं. ४४ दर्ता नं. ६८४

मूलपाठ:–

१) **स्वस्ति ।। सम्वत ६९२ वैशाष शुक्ल २ श्री श्री जय नरसिंहदेव ठाकुर, श्री श्री जय पुरन्दरसिंहदेव ठाकुर श्री श्री जय उद्धवसिंहदेव ठाकुरसन प्रसादारपा, श्री चंपापुरी स्थाने येलषाटोल डोयचा नाम्ने प्रसादीकृतं, स्थानस्य नैऋत्य प्रदेशे जसराजस्य क्षत्रात्पच्छिमत, मार्गेन उत्तरत श्यालूकस्य क्षत्रेण पूर्व्वत, श्रीवाहार क्षत्रेण दच्छिणत एतन्मध्ये वालिदोल क्षत्र नामसंज्ञक क्षत्राङ्क सार्द्ध द्विरोपनिक रोव २× नेपेक्तया**

२) **तत्क्षत्र यथा देश काल प्रवर्त्तमान स्तथा संचारार्घेण सुवर्ण्ण पुष्पमालार्घ प्रढोकितमादाय, क्रयविक्रय स्वाधिनेन प्रसादीकृतं, अत्रार्थे साक्षी, श्री वितुजु प्रभृति सेष्टलोक समुच्चस, वचा प्रमान सकल भर्ण्ण दुंते धुंङ शुभ ।।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ६९२ (वि. सं. १८९९) वैशाख शुक्ल द्वितीयामा लेखिएको ललितपुर चंपापुरीको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ७१ चौडाइ ३.४ से. मि. छ । माटोको सीलछाप छ । छापको वीचमा श्री र श्री को पहिलो घेरामा विन्दुबुट्टा र त्यसवाहिर अर्को अग्निज्वालाको घेरा र तेस्रो घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजाहरू श्री जय नरसिंहदेव, श्री जय पुरन्दरसिंहदेव श्री जय उद्धवसिंहदेव ३ जनाले चंपापुरी स्थान (चापागाउँ) येलखा टोल वस्ने डोयचा भन्नेलाई थालिदोल नामको खेत २।। रोपनी निगाह गरी दिएको उल्लेख छ । यसको ४ किल्ला चंपापुरिको नैहृत्य दिशापट्टि जसरामको खेतदेखि पश्चिम वाटोदेखि उत्तर, भ्यालुकको खेतदेखि पूर्व, श्रीवाहालको खेतदेखि दक्षिण भन्ने देखाइएको छ । ग्राहकले राजाहरूलाई खेतको मूल्य यत्ति उत्ति दिएको भनिएको छैन केवल देश काल चलन अनुसार सुवर्ण मूल्य चढाइएको छ भन्ने लेखिएको छ । यस पत्रमा साक्षी श्री वितुंजु प्रभृति सेप्टलोक समुच्चय छन् भनी उल्लेख भएको छ । लेखकको भने नाम उल्लेख भएको छैन । साथै अन्तमा यसको लेनदेन सबै सकिएको छ भन्ने समेत लेखिदिएको छ । यस ताडपत्रको अध्ययनवाट ने. सं. ६९२ (वि. सं. १८९९) मा पाटनमा ३ जना राजाको संयुक्त राज्य भएको थियो भन्ने ज्ञात हुन आउँछ ।

ने. सं. ६९६

वट्टा नं. ३८ | दर्ता नं. ५६३

मूलपाठः–

१) स्वस्ति ।। श्री श्री जय गङ्गादेवि ठकूरिणीसन, श्री श्री जय त्रैलोक्यमल्लदेव प्रभु ठाकूरसन, श्री श्री जय त्रिभुवन मल्लदेव प्रभु ठाकूरसन, प्रसादारपा ग्यानकितवंडेकस्य, लेखमाकस्य, गृहभूमेण पछिमत, आग्र्गेण उत्तरत, पूर्व्वतौ श्री श्री राजभूमेण वेखापंडुकस्य गृहेण दक्षिणतश्च एतन्मध्ये ववथुटोल दंथु

२) ग्राम, केवाभूँ छनलि जुरों, भूय गाद्वलकेवा कर्षछि १ सहित जुरो तत्केवाभूं यथा देश काल प्रवर्त्तमान स्तथा संचारार्घेण सुवर्णपुष्पमालार्घ प्रढौकितमादाय क्रयविक्रय स्वाधिनेन क्रयेन विक्रीयतं भवति ।। श्री मध्यपुरीस्थाने ववथु-टोलकाधिवासिन, ग्यानक्तिवंडेनाम्नेन प्रसादीकृतं, अत्रपत्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) थें दृष्टसाक्षी, श्री कृष्णदेव लिखिति कायस्थ हरि ।। सम्वत् ६९६ चैत्र वद्धि ९ शुभ ।।

मूलपत्रको परिचय र सारांश:-

यो ने. सं. ६९६ (वि. सं. १६३२) चैत्रकृष्ण नवमीमा लेखिएको ताडपत्र तमसूक हुन् । यसको साइज लमाई ६० र चौडाइ ३.२ से. मि. छ । माटाको सील-छाप छ । छापको वीचमा फूलमाथि खड्ग छ । खड्गको दायाँ वायाँ श्री श्री अंकित छन् । श्रीको ठिक माथितिर दायाँ वायाँ चन्द्र सूर्य छन् । यसको वाहिर घेरामा अग्निज्वाला र त्यसभन्दा वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा भक्तपुरका राजा विश्वमल्लकी रानी गंगादेवी, उनका छोराहरू राजा त्रैलोक्य मल्ल, त्रिभुवन मल्ल संयुक्त रूपमा यी ३ जनाले भ. पु. जि. मध्यपुर क्वथुटोल वस्ने ग्यानकित वंदेलाई क्वथुटोल दुंथुग्रामको बारी जग्गा र गाद्वलको बारी जग्गा १ कर्ष निगाह गरी दिएको उल्लेख छ । जग्गाको मोल राजालाई ग्राहकले देश काल चलन अनुसार सुवर्णमूल्य चढाइलिएको भनिएको छ । जग्गाको चार किल्लामा गाद्वल बारी जग्गाको उल्लेख गरिएको छैन । क्वथुटोल दुंथुग्रामको वारी जग्गाको मात्र उल्लेख भएको यस प्रकार छ- पश्चिममा ग्राहक र लेखमाको घरजग्गा छ । उत्तर पूर्व वाटो छ र दक्षिणमा राजाको जग्गा र वेखापंडुको घर देखाइएको छ । यस पत्रमा दृष्ट साक्षी श्री कृष्णदेव र लेखकमा चाहिं कायस्थ हरि छ ।

ने. सं. ७१४

वट्टा नं. ३५

दर्ता नं. ५२३

मूलपाठ:-

१) स्वस्ति ।। सम्बत् ७१४ कार्तिक शुक्ल पञ्चम्यायां तिथौ श्री ललि(त)भुम्यायां श्री माणिगलाधिपति श्री श्री जय शिवसिंहदेव प्रभु ठाकुरसन प्रसादारपा, वंकुटोल श्री माहावुडननि, गृहनिवासि ग्राहक, तारवो वादे, भातृ जयदेव, भातृ अमृत, सह नाम्ने प्रसादीकृतं, स्थानस्य दक्षिणदिशप्रदेशे, कोराछे हनुमन्तछे हावव नायकया क्षत्रसिमायां पछिमत, तनिग्लदेवसिंह दुवारया क्षत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिमायां उत्तर श्री वाहारया क्षत्रसिमायां पूर्व्वत, दथराछ पश्ल जिवनसिंहया
२) दथराछ जुगिवो वुरो क्षत्रसिमायां, दक्षितश्च एतेषां मध्ये धूपदोरनामसंज्ञक क्षत्र सप्तरोपनिकं रोवाङ्क रोव ग्हस ७ प्रसादारपा, तत्सत्र जथा देशकार प्रवर्त्तमाने तथा संचालार्घ प्रढोकितमादाय क्रयविक्रय स्वाधिनेन क्रयनविक्रयतं भवति, यद्देश्या देवोक राजिक विना व्यावादकारे तदा श्री धाणकेण परिशोधनीयं, अत्रपत्रार्थे दृष्टज्ञतार श्रुत साक्षी श्री श्री हरिहरसिंहदेव ठाकुरस थ्व क्रिप्नया सर्व्व स्वधान शुद्धकं थुते धुंग्व जुरो शुभ ।।

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ७१४ (वि. सं. १६५०) कार्तिक शुक्लपंचमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६५.२ र चौडाइ २ से. मि. छ । माटाको सीलछाप टुक्रा भै खसिसकेको र अर्को १ टुक्रा ताडपत्रमा टाँसिएको माटाको साधारण सीलछाप छ । यसमा "श्री" अङ्कित छ । यो माटाको छाप यस ताडपत्रको नभइ अरू कुनैको सीलछाप टुक्रा ल्याइ साथमा राखिएको देखिन्छ ।

यसमा पाटनका राजा शिवसिंहले ल. पु. वंकुटोल महाबुद्धचोक बस्ने ताखो वादे, जयदेव, अमृत यी तीन दाजु भाइलाई धूपदोर नामको ७ रोपनि जग्गा निगाह गरिदिएको उल्लेख छ । ग्राहकले राजालाई देशकाल चलन अनुसार मूल्य चढाएको कुरो भनिएको छ । जग्गाको ४ किल्ला वकुटोलको दक्षिणतिर कोराच्छें, हनुमन्तछें र हाकुनायकको खेतदेखि पश्चिम, तनिग्लदेवसिंह दुवारको खेतदेखि उत्तर, श्रीवाहालको जग्गादेखि पूर्व र दथराछ पश्ल जीवनसिंहको दथराछ जुगिवोखेतदेखि दक्षिण भन्ने देखाएको छ । यदि यसमा दैवी र राजकीय वाहेक झैझगडा परेमा विक्रेताले नै मिलाई दिनुपर्ने भन्ने पनि उल्लेख भएको छ । यसपत्रको देखि सुन्ने साक्षीमा श्री श्री हरिहरसिंहदेव ठाकुर छन् । लेखकको नाम भने उल्लेख भएको छैन ।

ने. सं. ७१९

वट्टा नं. ४४ दर्ता नं. ६५५

मूलपाठ:–

१) श्रेयोऽस्तु ।। सम्वत् ७१९ भाद्रपद कृष्ण ।। एकादश्यां तिथौ ।। श्री मानि-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गलाधिप श्री श्री जय शिवसिंहदेव प्रभु ठाकुरस नाम्ने प्रसादार्थेन स्वकीयं स्वभुज्यमानिकं, श्री वुंगदेश देवलचोक योताच्छें नापित दोयचा ऋमिस नाम्ना सकाशात् ।। प्वंदोल क्षेत्र नामप्रदेशे हृदोमया क्षेत्र

२) शिमायां पश्चिमतः ।। मार्ग्गशिमायां उत्तरतः ।। धरशिमायां पूर्व्वतः ।। दक्षिणतः ।। एतेषाम्मधे ता क्षेत्र द्वयो रोपनिकं जत् क्षेत्र रोवाङ्क रोव नसि २ पूर्व्वदिश पुरुतवातिका प्न नसि २ सह ।। एते क्षेत्र सऋषर्क स्म परिभोज्ञ ।। यथा नगर काल प्रवर्त्तमानेन संचारार्घेन यथोचित मूल्य मादाय

३) क्रि विक्री स्वाधिनेन तेना निवर्त्तकं, न्यायेन ऋेण बिक्रीयम्भवति ।। यदि श्यात् देविक राजिक विना ता क्षेत्र शंकट व्यावादकाले तदा धार्ण्ण श्री श्री ठाकुरसन सुद्धकं, प्रसन जुयमाल, अत्र पत्रार्थे ।। साक्षि श्री श्री जय हरिहरसिंहदेव प्रभु ठाकुरस दृष्ट ।। ऋोपन सर्व्व सोधान द्वहरपं धुंगो जुरो ।।शुभं।।

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ७१९ (वि. सं. १६५६) भाद्र कृष्ण एकादशीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज ६१ लमाइ ३ चौडाइ से. मि. छ। माटोको सीलछाप छ । छापको बीचमा श्री र श्री को माथि एक विन्दु चिह्न अंकित छन् । वाहिर घेरामा विन्दुबट्टा छन् ।

यसमा ललितपुरका राजा श्री जय शिवसिंहदेवले श्री वुंगदेश देवलचोक योताच्छे बस्ने नापित दोयचालाई प्वदोल खेत भन्ने ठाउँमा २ रोपनी र पुरुतवातिका भन्ने बारीजग्गा २ समेत निगाह गरी दिएको उल्लेख छ। यसको ४ किल्ला हृदोमका खेतदेखि पश्चिम, बाटोदेखि उत्तर, कुलादेखि पूर्व र दक्षिण देखाइएको छ। जग्गाको मूल्य किटान गरिएको छैन। केवल राजाले ग्राहकसंग नगर काल अनुसार चलेको यथोचित मूल्य लिई दिएको भनिएको छ। यदि यसमा दैवी र राजकीय वाधा वाद्देक झैझगडा खिचौला भएमा राजाले नै वेहोरिदिने पनि लेखिएको छ। यस पत्रमा दृष्ट साक्षी श्री जय हरिहरसिंहदेव छन्। अन्तमा यसको खरीद विक्रीको लेनदेन सबै सकिएको छ भन्ने पनि उल्लेख भएको छ। लेखकमा कसैको नाम उल्लेख भएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३५ दर्ता नं. ५१६

मूलपाठः–

१) स्वस्ति ।। सम्वत् ७२२ आषाढ शुक्ल दशम्यायां तिथौ श्री ललितब्रुमायां श्री माणिगलाधिपति श्री श्री जय शिवसिंहदेव प्रभु ठाकुरसन प्रसादारपा क्वाठलंषुटोल यिनायलहननि येतामूल गृ (ह) निवासि ग्राहक वधव, वादे नाम्नो प्रसादीकृतं स्थानस्य पश्छिमदिश प्रदेशे ङाखाचोक ज्ञानवादेया क्षत्रेण पश्चिमत, पूर्णचोया ग्वस्थिस क्ष (त्र) सिमायां उत्तरत श्री श्री बाहारया क्षत्र……

२) मायां पूर्व्वत यिनायलन्हे सषलवादेकस्य क्षत्रसिमाया दक्षिणतश्च एतत्मध्ये वकोयितिनामसंज्ञक क्षत्र पादोन तिनिरोपनिकं रोवाङ्कु रो नसि २ जवस्व ३ ता क्षत्र यथा (न)गल काल प्रवर्त्तमान तथा संचालाघेणं सुवर्णपुष्पमालाघ प्रढौकितमादाय क्रयन स्वाधिनेन क्रयविक्रय स्वाधिनेन क्रयविक्रियतं भवति यदि स्याद्दैवीक राजीक………

३) धार्णकेण परिस्वधनियं, अत्र पत्रार्थे दृष्ट श्रुत ज्ञातार साक्षी श्री श्री जय हरिहरसिं देव ठाकुरस थ्व क्रिप्नया सर्व्वसोधान शुद्धकं दुंते धुंग्व जुरो शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ७२२ (वि. सं. १६५९) आषाढ शुक्ल दशमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६७ चौडाइ ३ से. मि. छ । माटोको सीलछाप छ । छापको बीचमा खड्ग र खड्गको दायाँ बायाँ फूलमाथिको आसनमा २ वटा सिंह छन् । खड्गको टुप्पो माथि छत्र र तल आसन फूलबुट्टा छ र खड्गको दायाँ बायाँ टुप्पोमाथि चन्द्र सूर्य र श्री अङ्कित छन् । छापको घेरामा बिन्दुबुट्टाहरू छन् ।

यसमा ललितपुरका राजा शिवसिंहले ल. पु. क्वाठलंखु टोल यिनायेलहेचोक येतामूल घर वस्ने वधव नामका वादेलाई वकोयिति भन्ने पाउने ३ रोपनी जग्गा निगाह गरिदिएको उल्लेख छ। मूल्य यत्ति उत्ति किटान भएको छैन । उनले राजालाई देश काल चलन अनुसार सुवर्णमूल्य चढाएको भनिएको छ । जग्गाको ४ किल्ला ललितपुर पश्चिमपट्टि ङाखाचोकको ज्ञानवादेको खेतदेखि पश्चिम, पूर्ण-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चोको ग्वस्थिको खेतदेखि उत्तर, श्री श्री वाहालको जग्गादेखि पूर्व, यिनायलन्हेका समल वादेको खेतदेखि दक्षिण देखाइएका छन् । यदि यसमा दैवी राजकीय बाहेक खिचौंला भएमा धार्णाकले वेहोर्ने भनिएको छ । यस पत्रमा देख्ने सुन्ने साक्षीमा हरिहरसिंह बसेका छन् । अन्तमा लेनदेन सबै सिधियो भन्ने समेत उल्लेख गरिएको छ ।

ने. सं. ७२२

वट्टा नं. ४४ | दर्ता नं. ६४७

मूलपाठः–

१) स्वस्ति ।। सम्बत् ७२२ मार्ग्गशिर कृष्ण त्रयोश्यायां तिथौ श्री ललितब्रुमायां श्री माणिगलाधिपति श्री श्री जय शिवसिंहदेब प्रभु ठाकुरसन प्रसादारपा, ववा देश येरखाटोल पाद्यनिच्छें निवासि ग्राहक दोयचा नाम्ने, नाम्ने प्रसादीकृतं वोसिदोर क्षत्र नाम प्रदेशे पुखुरिसि रूतयिरामया क्षक्षेण पश्चिमत उत्तरत येपटोल रूतायिचाया क्षत्रेण पूर्व्वत, श्री श्री वाहारया क्षत्रेण दक्षिणतश्च एतत्मध्य वोसिदोर क्षत्र साद्धाधिक

२) दोय रोपनिकं रोवाङ्क रो नसि २ पयि २ तत्क्षत्र जथानगलकार प्रव्वर्त्तमान तथा संचालाघेण सुवणपुष्पमालार्घ प्रढौकितमादाय क्रयविक्रय स्वाधिनेन क्रयेन व्यावादकारे, तदा श्री धार्ण्णकेण परिस्वधनियं अत्र पत्रार्थे दृष्टश्रुत ज्ञा(ता)र साक्षी श्री श्री जय हरिहरदेव ठाकुरस ।। थ्व क्रिप्नया सर्व्वस्वधान शुद्धकं दुंते धुंग्व जुरो शुभ ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ७२२ (वि. सं. १६५८) मार्गकृष्ण त्रयोदशीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ७१ चौडाइ २.७ से. मि. छ । माटोको सीलछाप छ । छापको बीचमा खड्ग र खड्गको दायाँपट्टि सिंह र बायाँपट्टि कमल जस्तो आकृति देखिन्छ । खड्गको माथि तल्लो भागमा दायाँ वायाँ श्री अङ्कित छन् । वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा शिवसिंहले पाटन ववादेश (चापागाउँ) येरखाटोल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पद्यनिच्छे बस्ने दोयचा भन्नेलाई वोसिदोल खेतजग्गा २।। रोपनी निगाह गरी दिएको उल्लेख छ। चारकिल्ला पुखुरिसि बस्ने रुतयिरामका खेतदेखि पश्चिम, उत्तर, येपटोलको रुतयिचाको खेतदेखि पूर्व, श्रीवाहालको खेतदेखि दक्षिण भन्ने देखाइको छ। जग्गाको मोल यत्ति उत्ति भन्ने लेखिएको छैन। केवल देश कालको चलन अनुसार सुवर्णमूल्य लिई दिइएको भन्ने उल्लेख भएको छ। यदि यसमा दैवी राजकीय वाहेक झैझगडा परेमा धार्णकले नै वेहोर्नुपर्ने भनिएको छ। यस पत्रमा देखि सुनी जान्ने साक्षी श्री जय हरिहरदेव छन् भने लेखकमा कसैको नाउँ उल्लेख भएको छैन। अन्त्यमा यसको लेनदेन सबै कारोबार सिद्धियो भन्ने पनि उल्लेख गरिएको छ।

ने. सं. ७२७

वट्टा नं. ४४ दर्ता नं. ६४९

मूलपाठः-

१) **स्वस्ति।। सम्वत् ७२७ माघ शुक्ल द्वितीयायां तिथौ श्री ललितब्रुमायां श्री माणिगलाधिपति श्री श्री जय शिवसिंहदेव प्रभु ठाकुरसन प्रसादारपा, चनकि अतखांवाहार कमरसिंह नाम्ने प्रसादारपा स्थानस्य पूर्व्वदिशप्रदेशे गुथिया क्षत्र सिमायां पच्छिमत दक्षिणत, मगरामयिया क्षत्रसिमायाः पूर्व्वत**

२) **श्री श्री राजया क्षत्रसिमायाः उत्तरत एतन्मध्ये मणिमगुर क्षत्र रोव ३ ज २ भुय फदोर नाम संज्ञक क्षत्र रो १ वाजो × जथा चत्राघात, तक्षत्र यथा नगल कार प्रवत्तमान तथा संचालाघेण सुवर्ण्णपुष्पमालार्घ प्रढौकित मादाय ऋय विक्रय स्वाधिनेन ऋयन विक्रियतं भवति यद्देरयां देवीक राजीक विना व्याघात परेण तदा श्री धार्ण्णकेण परि**

३) **स्वधनियं अत्र पत्रार्थे साक्षि श्री श्री जय हरिहरसिंहदेव ठाकुरस।। श्व क्रिप्नया सव सोधानं धुंग्व जुरो शुभ।।**

मूलपत्रको परिचय र सारांशः-

यो ने. सं. ७२७ (वि. सं. १६६३) माघ शुक्ल द्वितीयामा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन्। यसको साइज लमाइ ६५.५ चौडाइ २.३ से. मि. छ। माटोको सीलछाप छ। छापको बीचमा खड्ग र खड्गको दायाँ बायाँ कमलफूलको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आसनमाथि बसेका २ वटा सिंह अङ्कित छन्। सिंहमाथि दायाँ बायाँ श्री श्री र खड्गको टुप्पोमा छत्र अङ्कित भएको देखिन्छ र बाहिर घेरामा बिन्दुबुट्टा छन्।

यसमा ललितपुरका राजा श्री जय शिवसिंहदेवले ललितपुर चनकि अतखा-वहाल वस्ने कमरसिंहलाई मणि मगुर भन्ने खेत रोपनी ६ जवा २, फदोल नामको खेत रोपनी १ र आधा जवा निगाह गरी दिएको उल्लेख छ। खेतको ४ किल्ला अतखावाहालको पूर्वपट्टि गुठिको खेतदेखि पश्चिम, दक्षिण, मगलामयिको खेतदेखि पूर्व, श्री श्री राजाको खेतदेखि उत्तर भन्ने देखाइएको छ। खेतको मूल्य यत्ति उत्ति भन्ने किटान गरिएको छैन। केवल देश काल चलन अनुसार सुवर्णमूल्य लिई खरिद बिक्री भयो भन्ने लेखिएको छ। यदि यसमा दैवी र राजकीय बाहेक झैझगडा परेमा धार्णकले नै वेहोर्नुपर्ने पनि भनिएको छ। यस पत्रमा साक्षी श्री श्री जय हरिहर-सिंहदेव छन्। अन्तमा यसको लेनदेन सबै पूरा भयो भन्ने समेत लेखिएको छ। लेखकमा कसैको नाम उल्लेख भएको छैन।

ने. सं. ७४०

बट्टा नं. ४४ दर्ता नं. ६४६

मूलपाठः—

१) स्वस्ति ।। श्री श्री जय सिद्धिनरसिंह मल्ल प्रभु ठाकुरसन ।। चछ्बाच्छवाहार, राजकंवच्छ ननि यंतागृह निवासी ग्राहक देवसिंहबादे साके सह नाम्ने प्रसादी-कृतं, स एव, चछ्वाच्छवाहाल, रयितापलिको पाताल भु नाम प्रदेशे, श्री श्री राजया गृहशिमायां, पश्छिमत, उत्तरत, पूर्व्वत, मार्ग्गशिमायां, दक्षिणतश्च एतत्मध्ये चछ्वासवाहाल पालिको मार्ग्गेन दक्षिण प्रवेश ता पलिको पातार वन खा स्व ३ कु ५ तत्पलिको यथा नगल काल पर्व्वतमानेन सुवर्ण्णमूल मोहोल टंका

२) पिय ४० मादाय स्वादिनाम्नेन वतुकं न्यायन क्रय विक्रीयन प्रसादालपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षी श्री चैत्रमल्ल कुह्मलजुस ।। सम्वत् ७४० फाल्गुण शुद्धि पूर्णिमावाश्यां तिथौ ।। थ्व क्रीप्नया सर्व्व सोधान धुंग्व जुरो ।।

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ७४० (वि. सं. १६७६) फागुन शुक्ल पूर्णिमामा लेखिएको ललित-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

-पुरको ताडपत्र तमसूक हुन् । यसको लाइज लमाइ ६० चौडाइ २.५ से. मि. छ। माटोको सीलछाप छ । छापको बीचमा कलशमाथि खड्ग र त्यसमाथि छत्राकार अङ्कित छन् । खड्गको मध्यभाग दायाँ बायाँ मकरद्वय छन् । मकरद्वयको माथितिर श्री श्री अङ्कित छन् । श्रीको माथितिर दायाँ बायाँ चन्द्र अङ्कित भै बाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री सिद्धिनरसिंह मल्लले छ्वाच्छवहाल राजकेवच्छे चोक यंतागृह बस्ने देवसिंह शाक्यलाई त्यही छ्वाच्छवहाल रयितापलिको पाताल वन खा ३ (रोपनी) हात ५ जग्गा निगाह गरिदिएको उल्लेख छ। उनले राजालाई जग्गाको मोल सुवर्ण २० रूपैयाँ दिई सुक्री विक्री गरी लिएको भनिएको छ। पाताल जग्गाको ४ किल्ला– श्री राजगृहदेखि पश्चिम, उत्तर, पूर्व र बाटोदेखि दक्षिण भनी देखाएको छ। त्यस ठाउँमा जान छ्वाच्छवहाल पालिको वाटोबाट दक्षिण भई प्रवेश गर्नुपर्ने पनि देखाइदिएको छ। अन्त्यमा यसको कारोवार सबै सिद्धियो भन्ने समेत लेखिएको छ। यस पत्रमा दृष्ट साक्षी श्री चैत्रमल्ल छन् भने लेखकमा चाहिं कसैको नाम उल्लेख भएको देखिंदैन ।

ने. सं. ७५२

वट्टा नं. ४०

दर्ता नं. ५८७

मूलपाठः–

१) **स्वस्ति ।। श्री श्री जय सिद्धिनरसिंहमल्लदेव प्रभु ठाकुलसन ।। यम्वल मंण्डलटोल, वाकोटननि यितागृह निवासि, ग्राहक, रामदास नाम्ने प्रसादीकृतं, पोहोलदोल क्षत्रनाम प्रदेशे, तिलवंकशिमायां, पश्चिमत, हाथ्व गुठिया क्षत्र शिमायां, पूर्व्वत, दर्थलाच्छ जोतिचा बाबुया क्षत्रशिमायां, उत्तरत, दक्षीणतश्च एततमध्ये पोहोदोल क्षत्रनामसंज्ञक त्रय रोपनिकं रोवाङ्कः रोव स्व ३ तत्क्षत्र यथा नगल कार प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमारार्घ प्रढौकित मोहोल टंका**

२) **ङ्यपि ५४ मादाय स्वाधिनाम्नेन वतुकं न्यायन क्रयविक्रयन प्रसादालपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षी श्री चैत्रमल्ल कुमलजुल, लिखिति कलन कायष्ठ चण्डीदास ।। सम्वत् ७५२ भाद्रपद कृष्ण चतुर्दस्यां तिथौ ।। थ्व क्रीप्नया भर्ण्ण धुंग्व शुभ**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांश:-

यो ने. सं. ७५२ (वि. सं. १६८९) भाद्रकृष्ण चतुर्दशीमा लेखिएको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६४.५ र चौडाइ २.८ से. मि. छ । माटाको सीलछाप छ । छापको बीचमा खड्ग र खड्गको आसन कलश जस्तो देखिन्छ । खड्गको माथि दायाँ बायाँ टुप्पोमा मकरद्वय र माथितिर श्री श्री अङ्कित छन् । श्रीको माथितिर चन्द्रसूर्य र बाहिर घेरामा बिन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा सिद्धिनरसिंह मल्लले यम्वल (पाटन) मण्डलटोल वाकोटननि यितागृह बस्ने रामदासलाइ पोहोलदोल नामको खेत ३ रोपनी निगाह गरिदिएको उल्लेख छ । यसको चार किल्ला पोहोलदोल तिलम्वक सीमादेखि पश्चिम, ह्राथ्वगुथिको खेतदेखि पूर्व, दथलाच्छे जोतिजावाबुको खेतदेखिउत्तर र दक्षिण देखाइएको छ । ग्राहकले राजालाई देश काल चलन अनुसार सुवर्णमोहर रूपैयाँ ५४ चढाएको भनिएको छ । यस पत्रमा दृष्ट साक्षी श्री चैत्रमल्ल छन् । लेखकमा कलन कायष्ठ चण्डीदास छन् । अन्तमा यसको सबै कारोवार सकियो भन्ने पनि लेखिएको छ । यस पत्रमा उल्लिखित यम्वल शब्दवाट पाटनको प्राचीन नाउँ नेवारी भाषामा यम्वल पनि भन्दछन् भन्ने ज्ञात हुन्छ ।

ने. सं. ७५२

वट्टा नं. ४४ दर्ता नं. ६५७

मूलपाठ:-

१) **स्वस्ति ।। श्री श्री जय सिद्धिनरसिंहमल्लदेव प्रभु ठाकुलसन ।। च्छाचवाहाल टोल, लवंतागृह निवासि, ग्राहक, किर्त्तिसिंह वादे नाम्ने प्रसादीकृतं, सएव कोथ्वटोल पाताल नाम प्रदेशे ।। ग्राहकस्य पातालभुम्यां, पश्छिमत, श्री श्री राजया पातालभूम्यां, उत्त रत, पूर्व्वत, मार्ग्गशिमायां, दक्षीणतश्च, एतत्मध्ये कोथ्वटोल पाताल लं न दक्षीणप्रवेश, ता पाताल भुंखा २ पयि २ तद्भूम्यां यथा नगल काल प्रवर्त्तमानेन सु······**

२) **पुष्पमारार्घ प्रढौकित मोहोर टंका निय २० मादाय स्वाधिनामेन वटुकं न्यायन क्रय विक्रीयन प्रसादालपा जुरो, अत्रपत्रार्थे दृष्टसाक्षी श्री चैत्रमल्ल कमलजुस, लिखिति, कलन कायष्ठ चण्डीदास ।। सम्वत् ७५२ भाद्रपद कृष्ण षष्ठम्यां तिथौ ।। थ्व क्रीप्तया मर्ण्ण धुंग्व शुभ ।।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ७५२ (वि. सं. १६८९) भाद्र कृष्ण षष्ठीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६३ चौडाइ २.३ से. मि. छ। माटोको सीलछाप छ। छापको बीचमा कलशमाथि खड्ग र खड्गको टुप्पामा छत्राकार अङ्कित गरिएको छ। खड्गको दायाँ वायाँ मकरद्वय र मकरको माथि श्री श्री अक्षर अङ्कित छन् । छत्रको माथितिर दायाँ बायाँ चन्द्र अङ्कित भएको छ। बाहिर घेरामा विन्दुबुट्टा छन् । ताडपत्रको देब्रे पट्टि भाग भाँची टुक्रा खसिसकेको छ।

यसमा ललितपुरका राजा सिद्धिनरसिंह मल्लले ललितपुर छ्वाचवहाल टोल यन्तागृह बस्ने किर्तिसिंह वादेलाई कोथ्वटोल पाताल जग्गा खा २. पयि २ निगाह गरी दिएको उल्लेख छ। पाताल जग्गाको ४ किल्ला– ग्राहकको पाताल–जग्गादेखि पश्चिम, श्री श्री राजाको पाताल–जग्गादेखि उत्तर र पूर्व बाटोदेखि दक्षिण देखाइएको छ। राजाले ग्राहकसँग जग्गाको मूल्य नगर काल चलन अनुसार २० रूपैयाँ लिएर निगाह गरी दिएको भन्ने उल्लेख छ। यस पत्रमा दृष्ट साक्षी श्री चैत्रमल्ल र लेखकमा कलन कायष्ठ चण्डिदास छन् । अन्तमा यसको लेनदेन सबै पूरा भयो भन्ने समेत लेखिएको छ।

ने. सं. ७५३

वट्टा नं. ४० | दर्ता नं. ५९४

मूलपाठः—

१) स्वस्ति ।। श्री श्री जय सिद्धिनरसिंहमल्लदेव प्रभु ठाकुलसन, यषालंषुटोल, सांतच्छेलं यितागृह निवासि ग्राहक जिवराज नाम्ने प्रसादीकृतं, स एव, तवबोच्छे यंतागृहनामप्रदेशे, ग्राहकस्य गृहसिमायां पच्छिमत, स एव ग्राहकया च्छे व, ननि सिमावन उत्त रत, रूद्रसिंहस्य गृहसिमायां, पूर्व्वत, मार्ग्गशिमायां, दक्षीणतश्च, एतत्मध्ये, तवदोच्छेननिगृह, ननिन, उत्र प्रवेश, दक्षीणाभिमूख, ता गृह जाव स

२) खा नस २ कु २ पाताल खा १ कु ८४ × तद्गृह यथा नगल काल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमारार्घ प्रढौकित मोहोर टंका शलच्छि वं पियपि १४४ मादाय स्वाधिनामन वटुकं न्याययन क्रय विक्रीयन प्रसादारपा जुरो, अत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्रार्थे दृष्ट साक्षी श्री चैत्रमल्ल कमलजुस, लिखिति करन कायष्ठ चण्डीदास ।।
सम्वत् ७५३ पौष कृष्ण एकादस्यां तिथौ । भर्ण्ण शुद्धकं दुंते धुंग्व ।।शुभ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ७५३ (वि. सं. १६४९) पौष कृष्ण एकादशीमा लेखिएको ललित-पुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६२.५ र चौडाइ ३.७ से. मि. छ । माटाको सीलछाप छ । छापको बीचमा कलशमाथि खड्ग छ । खड्गको दायाँ बायाँ मकरद्वय छन् । मकरद्वयको ठिक माथि दायाँ बायाँ श्री श्री अङ्कित छन् । खड्गको टुप्पोमाथि छत्र र त्यसको दायाँ बायाँ चन्द्र सूर्य अङ्कित छन् । वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा सिद्धिनरसिंह मल्लले यखालंखुटोल सांतच्छेलं यितागृह बस्ने जिवराजलाई तवदोच्छे यन्तागृहको तयारी घर २ हात २ पाताल १ हात ८४।। सहित निगाह गरिदिएको उल्लेख छ । घरको चार किल्ला ग्राहकको घरदेखि पश्चिम र उही घर चोकदेखि उत्तर, रूद्रसिंहको घरदेखि पूर्व, वाटोदेखि दक्षिण, पर्छ भन्ने लेखिएको छ । दक्षिण मोहडा भएको सो घरमा उही तवदोच्छे चोकको उत्तरतिरबाट प्रवेश गर्नुपर्ने समेत देखाइएको छ । घर र पातालको मोल देश काल चलन अनुसार १४४ रूपैयाँ लिई निगाह गरी दिएको छ भन्ने पनि लेखिएको छ । यस पत्रको दृष्ट साक्षीमा श्री चैत्रमल्ल बसेका छन् भने लेखकमा करण कायष्ठ चण्डीदास छन् । अन्त्यमा यसको कारोवार सबै सिद्धियो भन्ने पनि उल्लेख गरिएको छ ।

ने. सं. ७८०

वट्टा नं. ४० दर्ता नं. ५९७

मूलपाठः–

१) **स्वस्ति ।। श्री श्री जय सिद्धिनरसिंह मल्लदेव प्रभु ठाकुरसन, ग्रोबादेश येलखा दुंथ्व पाघडि गृह निवासो ग्राहक वरुडकाल जेवनसिंह नाम्ने प्रसादीकृतं, वुंसिदोल वातिका, नाम प्रदेशे ग्राहकस्य क्षत्रात्पश्चिमत, म्हुकनसिंहया क्षत्रा-दुत्तरत, श्री श्री राजया क्षलभुमेन पूर्व्वत, दक्षिणतश्च एतन्मध्य तद्वातिका साद्धं सह**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) **द्वयो कर्षाङ्कः कर्ष नसि २ जव नसि २ तद्वातिका यथा यथा देश काल प्रवर्त्त-मानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका चयगु ८९ आदाय स्वाधिना वर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षी श्री श्री जय श्री निवासमल्लदेव प्रभुठाकुरस लिखित दैवज्ञ सिद्धिराज सम्वत् ७८०**

३) **नष्ट ज्येष्ठ शुक्लदशम्यां तिथौ भर्ण्ण शुद्धकं दुंते धुंङ, शुभ ।।**

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ७८० (वि. सं. १७१७) नष्ट ज्येष्ठ शुक्ल दशमीमा लेखिएको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ४७.२ चौडाइ २ से. मि. छ । माटोको सीलछाप छ । छापको बीचमा कलशमाथि खड्ग छ । खड्गको दायाँ वायाँ मकरद्वय छन् । मकरद्वयको ठिक माथि दायाँ बायाँ श्री श्री अङ्कित छन् । खड्गको टुप्पोमाथि छत्र र त्यसको दायाँ बायाँ चन्द्र सूर्य अङ्कित छन् । बाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा सिद्धिनरसिंहमल्लले ओवादेश (चापागाउँ) येरखा-टोल दुंथ्वपाघडि गृह बस्ने वरुडकाल जेवन सिंहलाई वुसिदोल बारी २ रोपनी २ जवा निगाह गरी दिएको उल्लेख छ । बारीको ४ किल्ला– ग्राहकको खेतदेखि पश्चिम, म्हुकनसिंहको खेतदेखि उत्तर, श्री श्री राजाको क्षलभूमिदेखि पूर्व र दक्षिण देखाइएको छ । यसको मूल्य राजाले देशकाल चलन अनुसार सुवर्णमोहर ८९ लिई बिक्री गरी निगाह गरिदिएको उल्लेख छ । यस पत्रमा दृष्ट साक्षी श्री श्री जय श्री निवासमल्ल छन् भने लेखकमा दैवज्ञ सिद्धिराज छन् । अन्त्यमा यसको कारोवार सिद्धियो भन्ने पनि लेखिएको छ ।

ताडपत्र अभिलेखमा प्रायः राजालाई श्री २ वटा र उत्तराधिकारीलाई १ वटा श्री लेख्ने चलन देखिनाले यस ताडपत्रमा पनि राजा सिद्धिनरसिंहलाई २ वटा श्री र छोरा श्री निवासलाई पनि २ वटा श्री लेखेबाट राजा सिद्धिनरसिंहले छोरालाई राज्य संचालन गर्न पूरा अधिकार सुम्पिदिएको देखिन्छ ।

ने. सं. ७८७

बट्टा नं. ३५ | दर्ता नं. ५२१

मूलपाठः–

१) **स्वस्ति ।। श्री श्री जय श्री निवासमल्लदेव प्रभु ठाकुलसन, ध्वप्वंगाडस सिडछे**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गृह निवासी ग्राहक, साक्यवंश जिनदेववादे नाम्ने प्रसादीकृतं, सरस्वतीक्षेत्र-नामप्रदेशे, श्री श्री राजया क्षेत्रशिमाया पश्चिमत, ग्राहकया क्षेत्रशिमाया उत्तरत, धल शिमायां पूर्व्वत. गुठिया क्षेत्रशिमाया दक्षिणतश्च एतन्मध्ये तत्क्षेत्र त्रयरोपनिकं रोवाङ्क रोवो स्व ३ वाजो मदंग्व जुरो, तत्क्षेत्र यथा नगर काल प्रवर्त्तमानेन सुवर्ण पुष्पमालार्घ प्रढौकित मोहोर टंका नेःल वो चयन्हस त्या वो २८७ × आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्र

२) सादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षी श्री रुद्रमल्ल कुल्मलजुस, लिखित दैवज्ञ जगत्मोहन सम्वत् ७८७ आषाढ शुक्ल एकादश्यां तिथौ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ७८७ (वि. सं. १७२४) आषाढ शुक्ल एकादशीमा लेखिएको ताडपत्र तमसूक हुन्। यसको साइज लमाइ ८२.५ र चौडाइ ३.३ से. मि. छ। माटाको सीलछाप छ। छापको वीच भागमा सिंहमाथि खड्ग छ। खड्गको दायाँ वायाँ २ वटा मकर छन्। मकरद्वयको ठिक माथितिर दायाँ वायाँ श्री श्री अङ्कित छन्। खड्गको टुप्पोमाथि दायाँ वायाँ चन्द्र सूर्य अङ्कित भई वाहिर घेरामा विन्दु-बुट्टाहरू छन्।

यसमा ललितपुरका राजा श्री निवासमल्लले ध्वप्वंगाड सिङ्छ्वस्ने शाक्यवंश जिनदेव वादेलाई सरस्वती क्षेत्र भन्ने ठाउँको जग्गा ३ रोपनी निगाह गरी दिएको उल्लेख छ। जग्गाको ४ किल्ला– श्री राजाको खेतदेखि पश्चिम, ग्राहकको खेतदेखि उत्तर, गुठिको खेतदेखि दक्षिण पर्दछ। राजालाई ग्राहकले देश काल चलन अनुसार २८७।। रूपैयाँ चढाएको भनिएको छ। यस पत्रको दृष्ट साक्षीमा श्री रुद्रमल्ल बसेका छन्। लेखकमा चाहिं दैवज्ञ जगतमोहन छन्।

ने. सं. ८१८

बट्टा नं. ४०　　　　　　　　　　　　　　　　दर्ता नं. ५८६

मूलपाठः–

१) स्वस्ति ।। श्री माणीग्लाधिपति संगीतार्ण्णव पारगः श्री जय योगनरेन्द्रमल्लदेव प्रभु ठाकुरसन, सिवाहार लं वन्तागृह निवासी ग्राहक शाक्यवंश श्री भादेवकुस नाम्ने प्रसादीकृतं, स्यालथं क्षेत्र नाम प्रदेशे …

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) मार्ग्गेणोत्तरतः दथलाच्छे मिलह्म भाजुस क्षत्रेण पूर्व्वतः...... एतन्मध्ये तत्क्षेत्र-सार्द्ध सप्तरोपनिकं रोव श्रंक रोव न्हस ७ जव नसि २ पुन थंसिक्षत्र स्त्रय-रोपनिकं रोव व पुन अफल क्षत्र सार्द्धमेक रोप

३) निकं रोवच्छि खा १ × यथा चतुराघाटेन परिवेष्ठितं, एते त्रिराशि क्षत्राः यथा नगरकार प्रवर्त्तमानेन सुवर्णपुष्पमालार्घ प्रढौकित मोहोर टंका प्तशस्र ङय ७५० आदाय स्वाधिनावर्त्त......

४) कं न्यायन क्रीविक्रीण प्रसादारपा जुरो, अत्र पत्रार्थे दृष्टसाक्षि श्री बोधमल्ल कुह्मरसजुस ८१८ माघशुक्ल द्वितीयान्तिथौ, श्री राजदैवज्ञ मोतिराजेन लिखितं ।।

५) एते क्षत्राणां यथोचित्मूल्यं प्रढौकयित्वा सिद्धपत्रमिदं ।।शुभं।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८१८ (वि. सं. १७५४) माघ शुक्ल द्वितीयामा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ४६.५ चौडाइ ३.७ से. मि. छ। माटोको सीलछाप छ । छापको बीचमा खड्ग छ । खड्गको माथि र दायाँ बायाँ 'श्री योग' अक्षर अङ्कित छन् । श्री को दायाँ बायाँ चन्द्र सूर्य अङ्कित भै बाहिर घेरामा विन्दुबुट्टा छन् । यस ताडपत्रको ७ ठाउँमा मसिले क्रस गरी लेखिराखेका छन् । तसर्थ यो विक्री गरी फिर्ता लिएको वा विक्री नै नभई रद्दि गरिएको जस्तो देखिन्छ ।

यसमा ललितपुरका राजा योगनरेन्द्र मल्लले सिवाहाल लं वन्तागृह बस्ने शाक्यवंश श्री भादेवकुसलाई म्यालथं भन्ने ठाउँको खेत ७।। साढेसात रोपनी, थसिखेत ३ रोपनी र अफल भने खेत १।। रोपनी गरी जम्मा १२ रोपनी खेत निगाह गरी दिएको उल्लेख छ । जग्गाको ४ किल्ला म्यालथंखेतको मात्र देखाइएको छ– वाटोदेखि उत्तर, दथलाच्छे वस्ने मिलह्म भारोको खेतदेखि पूर्व छन् भने दक्षिण र पश्चिम ठाउँमा खाली भएकोले उल्लेख भएको छैन । थसिखेत र अफल चारैतर्फवाट घेरिएको छ भन्ने मात्र लेखिएको छ । राजाले ग्राहकसंग यथा नगर काल चलन अनुसार ७५० रुपैया लिई दिएको देखिन्छ । पत्रमा दृष्ट साक्षी श्री बोधमल्ल छन् भने लेखकमा श्री राजदैवज्ञ मोतीराज छन् । यस पत्रमा पनि योगनरेन्द्र मल्ललाई संगीतार्णवपारग भनी लेखिएवाट यिनी संगीतशास्त्रका महान् ज्ञाता छन् भन्ने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८१९

बट्टा नं. ४० दर्ता नं. ५८५

मूलपाठ:–

१) ………।। श्री श्री जय योगनरेन्द्रमल्लदेव प्रभु ठाकुरसन, महापाल चाकलं यन्तागृह निवासी ग्राहक, अमात्य राजाराम भारो नाम्ने प्रसादीकृतं, काच-ग्रन्थि ननि यन्तागृह नाम प्रदेशे, ग्राहकस सीमायाष्पश्चिमतः

२) …ण पूर्व्वतः एतत्मध्ये ननिन उत्तरप्रवेश दक्षिणाभिमुख तद्‌गृह जाव खा चिछ १ तद्‌गृह यथा नगरकार प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका पीय ४० आदाय स्वाधिनावर्त्तकं न्याये

३) …दृष्ट साक्षि श्री रुद्रेन्द्रमल्ल थाकुरस, सम्वत् ८१९ फाल्गुण कृष्ण, प्रतिपद्या-यान्तिथौ, श्री राजदैवज्ञ महेन्द्रराजेन लिखितं ।। एतद् गृहस्य यथोचित्मूल्यं प्रढौकयित्वा सिद्धपत्रमिदं ।।शुभ।।

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ८१९ (वि. सं. १७५२) फागुन कृष्ण प्रतिपदामा लेखिएको ताड-पत्र तमसूक हुन् । यसको साइज लमाइ ३५.५ र चौडाइ मध्य भागदेखि ४–५ संम र प्रारम्भमा ३ से. मि. छ । शुरूको दायाँपट्टि भाग ३ लाइनमा मूसाले खाई टुक्रा खसिसकेकोले सीलछाप छैन ।

यसमा ललितपुरका राजा योगनरेन्द्र मल्लले ल. पु. महापाल चाकलं यन्तागृह बस्ने अमात्य राजाराम भारोलाई काचग्रन्थि ननिचोकको घर १ निगाह गरिदिएको उल्लेख छ । यसको ४ किल्ला ग्राहकको सीमादेखि पश्चिम, दक्षिण, पूर्व र चोक-देखि उत्तर पस्ने दक्षिण मोहडा देखाएको छ । ग्राहकले राजालाई देश काल चलन अनुसार मोहर रूपैयाँ ४० चढाएको भनिएको छ । यस पत्रमा दृष्ट साक्षी श्री रुद्रेन्द्रमल्ल छन् । यिनी श्रीनिवासका छोरी रूद्रमतीका छोरा हुन् । रोखकमा राज-ज्योतिषी महेन्द्रराज छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थट्टा नं. ४० दर्ता नं. ५९६

मूलपाठः–

१) स्वस्ति ।। श्री माणिग्लाधिपति संगीतार्ण्णव पारग श्री श्री वीर जय योगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन, ववथ्व तवङ्याल लं येतागृह निवासी ग्राहक पात्रवंश राउत्त भाजुदेव वाबु भ्रात्ते सह नाम्ने प्र

२) सादीकृतं ।। भलसिक्व क्षेत्रनाम प्रदेशे, श्री ३ गलवव माहादेवस क्षत्रेण पश्चिमतः श्री श्री राजया क्षेत्रेणत्तरतः स्वल्पमार्गेन पूर्व्वतः फनपिया, वसुभावोया क्षत्रेण दक्षिणतश्च, एतन्मध्ये

३) तत्क्षेत्र पादोन त्रय रोपनीकं रोव नसि २ जव स्व ३ पुन मनोजसिंह भारोस क्षत्रेण पश्चिमतः मार्ग्गेणोत्तरतः श्री गोवर्द्धन शर्म्मणस क्षत्रेण दक्षिणतश्च, एतन्मध्ये ल्हंक्वक्षत्र सार्द्धाधिक मेक रोपनी

४) कं रोव च्छित्या १ × पुन मनोजसिंह भारोस क्षत्रेण पश्चिमतः दक्षिणतः मार्ग्गेणोत्तरतः पूर्व्वतः एतन्मध्ये सलगाक्षेत्रमेक रोपनीकं रोव च्छि १ जव च्छि १ एते त्रय रासि क्षत्राणां यथा न

५) गर काल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमार्घ प्रढौकृत मोहोर टंका १ शलच्छि गूयनसि १६२ शुकि नसि २ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो, अत्र पत्रार्थे दृष्टसाक्षी श्री रू

६) द्रमल्ल ठाकुरस, सम्वत् ८२१ माघ कृष्ण, दशम्यान्तिथौ ।। श्री राजदैवज्ञ कीर्तिराजेन लिखितं ।। थ्वते वुया भर्ण्ण शुद्धकं दुन्ते धुंग्व जुरो ।।शुभ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८२१ (वि. सं. १७५७) माघ कृष्ण दशमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ३५.२ चौडाइ से. मि. छ । माटोको सीलछाप छ । छापको वीचमा कच्छप र त्यसमाथि श्री अक्षर अङ्कित छ । श्रीको दायाँ वायाँ चन्द्र सूर्य अङ्कित भै बाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा योगनरेन्द्र मल्लले ववथ्व तवङ्याल येतागृह बस्ने पात्रवंश राउत भाजुदेव र उनका भाइहरूलाई समेत भलसिक्व क्षेत्र भन्ने खेत २।।। पाउने ३ रोपनी ल्हक्व नामको खेत १।। रोपनी र सलगानामको खेत २ खा रोपनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११ गरी जंमा ५।।। पाउने ६ रोपनी जग्गा निगाह गरी दिएको उल्लेख छ। यी जग्गाको ४ किल्ला यस प्रकार छन्–

भलसिक्व खेतको– श्री ३ गलक्क महादेवको खेतदेखि पश्चिम, फर्पिङ वस्ने वसुभावोको खेतदेखि दक्षिण, श्री राजाको खेतदेखि उत्तर, सानो वाटोदेखि पूर्व देखाइएको छ।

ल्हक्व क्षेत्रको ४ किल्ला– मनोजसिंह भारोको खेतदेखि पश्चिम, बाटोदेखि उत्तर, गोबर्द्धन शर्माको खेतदेखि दक्षिण छन् भने पूर्व सिमाना देखाइएको छैन।

सलगा खेतको ४ किल्ला– मनोजसिंह भारोको खेतदेखि पश्चिम. दक्षिण, वाटोदेखि उत्तर, र पूर्व देखाइएको छ।

राजाले ग्राहकसंग नगर काल चलन अनुसार १९२ रूपैयाँ सुकी २ लिई दिएको उल्लेख छ। यस पत्रमा दृष्ट साक्षी श्री रूद्रमल्ल छन् भने लेखकमा राज-दैवज्ञ कीर्तिराज छन्। जग्गाको लेनदेन सबै सकियो भन्ने पनि अन्तमा उल्लेख भएको छ। यसमा योगनरेन्द्र मल्ललाई वीर संगीतार्णवपारग भन्ने लेखिएवाट यिनी संगीतशास्त्रका महान् ज्ञाता छन् भन्ने पनि देखिन्छ।

ने. सं. ८२२

बट्टा नं. ४४ दर्ता नं. ६५३

मूलपाठः–

१) स्वस्ति ।। श्री माणीग्लाधिपति संगीतार्णवपारग वीर श्री श्री जय योगनरेन्द्र मल्लदेव ठाकुरसन, वंध्वाखा महापाल चाकलं यन्तागृहनिवासी ग्राहक अमात्त राजारा

२) म भारो नाम्ने प्रसादीकृतं, नखिलंक्व जलधुनि पलिवु क्षेत्रनामप्रदेशे मार्गेण पश्चिमतः श्री श्री राजया अो गुठिया अो द्रयो क्षेत्रेणोत्तरतः स एव श्री श्री राजया क्षेत्रेण पूर्व्वतः

३) स एव श्री श्री राजाया अो, क्षेल अो, वोगाड अो एते सिमाया दक्षिणतश्च, एतन्मध्ये तत्क्षेत्र नव रोपनिकं रोवाङ्कु रोव गु ६ पुन श्री श्री राजया भूमेण पश्चिमतः······

४) ······गुठिया क्षेत्रेण दक्षिगतः एतन्मध्ये साखाजोल क्षेतम्त्रय रोपनीकं रोव स्व ३ नेवातलं न जुरो, पुन ग्राहकया क्षेत्रेण पश्चिमतः श्री ३ भीमेश्वर भट्टार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) कास क्षेत्रणोत्तरतः श्री श्री राजया भूमेण दक्षिणतः एतन्मध्ये दुंगमक्षेत्र पादाधिक मेकरोपनीकं रोवच्छि १ जवच्छि १ एते त्रयरासि क्षेत्राणां यथा नगर काल प्रवर्त्तमानेन सुव

६) र्ण्ण पुष्पमालार्घ प्रढौकृत मोहोर टंका पेश्ल चयन्हस ४८७ शुकि नसि २ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षी श्री रूद्रेन्द्रमल्ल

७) ठाकुरस, सम्वत् ८२२ फाल्गुण शुक्ल, द्वितीयान्तिथौ ।। श्री राजदैवज्ञ कीर्तिराजेन लिखितं ।। थ्व स्वं खण्ड वुया भर्ण्ण शुद्धकं दुंन्ते धुंग्व जुरो ।।शुभ।।

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ८२२ (वि. सं. १७५८) फागुन शुक्ल द्वितीयामा लेखिएको ललितपुरको ताडपत्र तमसुक हुन् । यसको साइज लमाइ ३५ चौडाइ ५.५ से. मि. छ। माटोको सीलछाप छ । छापको बीचमा कच्छप र माथि श्री अङ्कित छ । श्रीको दायाँ बायाँ चन्द्र अङ्कित भई वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री योगनरेन्द्र मल्लले ललितपुर वध्वाका महापाल चाकलं यन्तागृह वस्ने अमात्य राजारामलाई नखिलंक्व जलधुनि पलिवु नामको खेत ९ रोपनी, साखाजोल नामको खेत ३ रोपनी र दुंगाम क्षेत्र नामको खेत १। रोपनी गरी जंमा १३। सवा तेह्र रोपनी खेत निगाह गरी दिएको उल्लेख छ ।

जलधुनि पलिवुको चार किल्ला बाटोदेखि पश्चिम श्री श्री राजाको र गुठिको खेतदेखि उत्तर, उही श्री श्री राजाको खेतदेखि पूर्व उही श्री श्री राजाको क्षेलको र वोगाडको सिमादेखि दक्षिण देखाइएको छ ।

शाखाजोलको ४ किल्ला— श्री श्री राजाको जग्गादेखि पश्चिम······ गुठिको खेतदेखि दक्षिण यस्तै पूर्व र उत्तर ठाउँ खाली राखी लेखिएको छैन ।

दुंगाम क्षेत्रको ४ किल्ला— ग्राहकको खेतदेखि पश्चिम, श्री ३ भीमेश्वर भट्टारकको खेतदेखि उत्तर, श्री श्री राजाको खेतदेखि दक्षिण देखाइएको छ। तर पूर्व भने उल्लेख गरेको देखिदैन । राजाले ग्राहकसंग यसको मूल्य नगर काल चलन अनुसार ४८७ रूपैयाँ र मोहर १ लिई दिएको भनिएको छ । यस पत्रमा दृष्ट साक्षी श्री रूद्रेन्द्रमल्ल छन् भने लेखकमा श्री राजदैवज्ञ कीर्तिराज छन् । अन्तमा यी तिनै कित्ताको मूल्य सबै चुक्ता भयो भन्ने पनि लेखिएको छ। यसमा राजा योगनरेन्द्र मल्ललाई संगीतार्णवपारग वीर भन्ने प्रशस्ति समेत लेखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८२६

बट्टा नं. ४४ दर्ता नं. ६५१

मूलपाठः–

१) स्वस्ति ।। श्री मानीग्लाधिपति श्री श्री जय लोकप्रकाशमल्लदेव प्रभु ठाकुरसन, लोहोकोटखाप्वसि ताहावक्षेल गृह निवासी ग्राहक विप्र श्री तुलाराम नाम्ने प्रसादीकृतं, लखुताक्षेत्रनाम प्रदेशे, धलसीमाया पश्चिमतः श्री श्री राज्ञो क्षेत्र-णोत्तरतः धर श्रो, मार्ग्ग

२) श्रो सीमाया पूर्व्वतः कीर्त्तिपुरमिया श्रो, लोहोकोटखाया भुवनसिंह भारोया श्रो द्वयो × २ क्षेत्रेण दक्षिणतः एतत्मध्ये तत्क्षेत्र सप्त रोपनीकं रोव न्हस ७ पुन पश्चिमदिशे, खोचायिता क्षेत्रम्त्रय रोपनिकं रोव स्वं ३ यथा चतुराघातेन परिवेष्ठितं, तत् लखुता क्षेत्र यथा नगर कार प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घं मोहोर

३) टंका प्यश्ल ४०० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रयविक्रयेण प्रसादारपा कृता, अत्र पत्रार्थे दृष्ट साक्षी श्री इन्द्रमल्ल ठाकुरस, सम्वत् ८२६ आश्विणी कृष्ण षष्ठयान्तिथौ, श्री राजदैवज्ञ मोतिराजेन लिखितं ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८२६ (वि. सं. १७६३) आश्विन कृष्ण षष्ठीमा लेखिएको ललित-पुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ५०.५ चौडाइ ४.२ से. मि. छ । माटोको सीलछाप छ । छापको बीचमा कच्छप र, माथि श्री र श्रीको दायाँ बायाँ चन्द्रद्वय छन् । वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री लोकप्रकाश मल्लले लोहकोट खाप्वसि ताहाव-क्षेल गृह वस्ने विप्रश्री तुलारामलाई लखुता क्षेत्र भन्ने ठाउँको खेत ७ रोपनी र खोचायिताक्षेत्र भन्ने खेत ३ रोपनी गरी जंमा १० रोपनी खेत निगाह गरिदिएको उल्लेख छ । लखुताक्षेत्रको ४ किल्ला– कुलोदेखि पश्चिम, श्री राजाको खेतदेखि उत्तर, कुलो र वाटोदेखि पूर्व, कीर्तिपुरमिया र लोहकोट वस्ने भुवनसिंह भारोको खेतदेखि दक्षिण भन्ने देखाइएको छ । खोचायिता खेतको भने ४ किल्ला देखाइएको छैन, केवल चारैतर्फ घेरिएको भन्ने मात्र लेखिएको छ । राजाले ग्राहकसंग नगर काल चलन अनुसार खेतको मूल्य ४०० रुपैयाँ लिई दिएको छ भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उल्लेख भएको छ । यस पत्रमा दृष्ट साक्षी श्री इन्द्रमल्ल छन् भने लेखकमा श्री राजदैवज्ञ मोतिराज छन् ।

ने. सं. ८२९

बट्टा नं. ४४ दर्ता नं. ६५०

मूलपाठः–

१) स्वस्ति ।। श्री माणीग्लाधिपति श्री श्री जय वीर नरसिंहमल्लदेव प्रभु ठाकुरसन पश्लछेलं वन्तागृह निवासी ग्राहक मेलु भारो नाम्ने प्रसादीकृतं तदववुक्षत्र नाम प्रदेशे, घङसिया

२) धोकह्मपनिस··· क्षत्रेण पश्चिमतः श्री ३ जतलंदेबया क्षत्रेणोत्तरतः धलमीमाया पूर्व्वतः मार्गेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र पादाधिक स्त्रयरोपनिकं रोव स्वं ३ जव च्छि १ पु

३) म्हुसखो वातिका द्वयो कर्षाङ्क कर्ष नसि २ यथा चतुराघाटेन परिवेष्टितं, एतौ द्वौ क्षत्रौ यथा नगर कार प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ मोहोर टंका नेश्ल नसि २०२ शुकि २ म्रा

४) दाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादीकृता, अत्र पतार्थे दृष्ट साक्षी श्री ऋद्धिनरसिंहमल्ल थाकुरस, सं ८२९ वैशाष शुक्ल तृतीयान्तिथौ, श्री राजदै

पछाडीपट्टि लेखिएको–

५) वज्ञ महेन्द्रराजेन लिखितं ।। तत्मूल्यं प्रढौकयिसिद्धपत्रं ।।शुभं।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८२९ (वि. सं. १७६६) वैशाख शुक्ल तृतीयामा लेखिएको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ३४.७ र चौडाइ ३.८ से. मि. छ । माटाको सीलछाप छ । छापको बीचमा मकर माथि खड्ग छ । खड्गको दायाँ बायाँ श्री अङ्कित छन् । वाहिर घेरामा विन्दुबुट्टा छन् । अगाडि ठाउँ लेख्न नपुगी पछाडिपट्टि १ पङक्ति लेखिएको छ ।

यसमा ललितपुरका राजा श्री वीर नरसिंह मल्लले पश्लछे वन्तागृह वस्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेलुभारोलाई तक्वबु नामको खेत ३ रोपनी १ जवा र पुम्हुमखो नामको वारी २ कर्ष निगाह गरी दिएको उल्लेख छ। जग्गाको ४ किल्ला घाङसिको धोकह्मको खेतदेखि पश्चिम, श्री ३ जतलंदेवको खेतदेखि उत्तर, कुलोदेखि पूर्व र वाटोदेखि दक्षिण भनी देखाइएको छ। तर वारीको भने ४ किल्ला देखाइएको छैन, केवल चारैतर्फ घेरिएको छ भन्ने मात्र लेखिएको छ। राजाले ग्राहकसंग यथा नगर काल चलन अनुसार रूपैयाँ २०२ र सुकी २ लिएर दिएको छ भन्ने उल्लेख गरिएको छ। यस पत्रमा दृष्ट साक्षी श्री ऋद्धिनरसिंह मल्ल छन् भने लेखकमा दैवज्ञ महेन्द्र-राज छन्। अन्तमा यसको लेनदेन सबै सिध्याई पास गरिएको छ भन्ने समेत लेखी दिएको छ।

ने. सं. ८३६

बट्टा नं. ४४

दर्ता नं. ६५६

मूलपाठः–

१) स्वस्ति ।। श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय वीर ऋद्धिनरसिंह मल्लदेव प्रभु थाकुरसन, महापाल चाकल येता गृह, निवाशि, अमात्ते राजाराम भारोस नाम्ने प्रसादीकृतं, गोदाउलिक्षेल वाटिका नाम प्रदेशे श्री श्री राजया क्षेल शिमायां पश्चिम

२) त श्री श्री राजया ओ, ललितसिंह भारोस व वाटिकायाया उत्तरत, ग्राहकस वाटिकायां पूर्व्वत, स्वलपनदी शिमाया दक्षिणतश्च एतन्मध्ये तद्वाटिका चारीश कर्षाङ्क कर्ष पीय ४० पुन फनपिगुन्तो वाटिका वारह कर्षाङ्क कर्ष १ श्लंनसि १२ नेचा तरं जुरो, पुन थंथच्छे बातिका

३) पञ्च कर्षाङ्क कर्षङाः पुन पालाकशिको वाटिका द्वयो कर्षाङ्क कर्ष नसि २ पुन ध्वपागामवाटिका सार्द्धमेक कर्षाङ्क कर्षच्छि त्या १ × पुन तववपाख द्वयो जवाङ्क जव नसि २ यथा चतुलाघातेन पलिवेष्ठितं, एते वाटिका यथा नगल काल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमा

४) रार्घ प्रढौकृत मोहोर टंका स्वले ङ्यषु ३५६ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्ट साक्षी श्री वीर नरसिंह थाकुलस सं ८३६ आषाढ कृष्ण चतुर्थ्यान्तिथौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) श्री राजदैवज्ञ जोगराजेन लिखितं ।। वपिजालधर व, जालषुघरया दलंख काय दु जुरो ।। भर्ण्ण सुद्धकं दुन्ते धुङ जुरो ।।शुभ।।

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ८३६ (वि. सं. १७७३) आषाढ कृष्ण चतुर्थीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज ४१.५ लमाइ र चौडाइ ३ से. मि. छ। माटोको सीलछाप छ। छापको वीचमा गोलाकार रेखाभित्र सिंह अङ्कित छ। गोलाकार रेखा वाहिर श्री ऋद्धिनर अक्षर र अक्षरको वीच वीचमा फूलबुट्टा अंकित छन् । वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री ऋद्धिनरसिंहमल्लले ललितपुर महापाल चाक्ल येतागृह वस्ने अमात्य राजाराम भारोलाई गोदावरी क्षेल वाटिका ४० कर्ष, फनपि गुन्तो वाटिका १२ कर्ष, थंथच्छे वाटिका ५ कर्ष, पालाकसिको वाटिका २ कर्ष, ध्वपागाम वाटिका १।। कर्ष, तक्वपाख २ जवा गरी जंमा ६०।। कर्ष २ जवा (६१ रोपनी) वारी निगाह गरी दिएको उल्लेख छ। गोदावरी क्षेलवाटिकाको ४ किल्ला श्री श्री राजाको क्षेत्रदेखि पश्चिम, श्री श्री राजाको र ललितभारोको बारीदेखि उत्तर, ग्राहकको बारीदेखि पूर्व र सानो खोला (खोल्सो) देखि दक्षिण भनी देखाइएको छ। अरू ४ कित्ता वारीका ४ किल्ला भने उल्लेख गरिएको छैन। राजाले ग्राहकसंग नगर काल चलन अनुसार बारीको मूल्य रू. ३५६ लिई दिएको भन्ने लेखेको देखिन्छ। यस पत्रमा दृष्ट साक्षी श्री वीर नरसिंह छन् भने लेखकमा राजदैवज्ञ जोगराज छन् । पत्रमा 'वपि जालघर व जालपु घरया व लंख काय दु जुरो' भन्ने वाक्य पनि लेखिएको छ। अन्तमा यस जग्गाको लेनदेन सकियो भन्ने पनि उल्लेख भएको छ।

ने. सं. ८४०

वट्टा नं. ४० दर्ता नं. ५९१

मूलपाठ:–

१) स्वस्ति ।। श्री माणीग्लाधिपति महाराजाधिराज श्री श्री जय गजपति महीन्द्रसिंह देव प्रभु थाकुरसन, श्री कान्तिपुर देश वतुत्वाल वोहोलसि को लं यौता गृह निवासि ग्राहक धर्म्मसिंह भावो नाम्ने प्रसादीकृतं ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) तेस्त क्षेलक क्षेत्र नाम प्रदेशे ।। श्री श्री राज्ञो क्षेत्रात्पश्चिमतश्च, मार्गेणोत्तरतः राजाराम भारोस क्षेत्रात्पूर्वतः एतत्मध्ये तत्क्षेत्र सार्द्ध दशरोपनीकं रोव सान्हत्या १० × भूय च्याका अफल पंच रो

३) पनीकं रोव ङा ५ भूय वितोद्वयो रोपनीकं रोव नसि २ भूय प्यंग्वङलुखा सार्द्धमेक रोपनीकं रोव च्छि त्या १ × भूय द्वंग्रोल मेक रोपनीकं रोव च्छि १ एते क्षेत्र यथा नगर काल प्रवर्त्तमानेन सुवर्णपु

४) ष्पमालार्घ प्रढौकृत मोहोर टंका ङश्ल पोयत्या ५४० × आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादीकृता अत्र पत्रार्थे दृष्ट साक्षी श्री जगतजयमल्ल थाकुर, सं ८४० आश्विण शुद्धि ७ राजदैवज्ञ कीर्तिराज

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ८४० (१७७७ वि. सं.) आश्विन शुक्ल सप्तमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ३७ चौडाइ ३.८ से. मि. छ । माटाको सीलछाप छ । छापको बीचमा कमलको फूलको आसन र त्यसमाथि सिंह र यसको वरिपरि श्री महीन्द्र अक्षर अङ्कित छन् । श्री महीन्द्र अक्षरको दायाँ वायाँ चन्द्र सूर्य अङ्कित र वाहिर घेरामा विन्दुबट्टा छन् ।

यसमा ललितपुरका राजा महीन्द्रसिंह देवले कान्तिपुर वटुत्वाल वोहोर्लसिंको लं योतागृह वस्ने धर्मसिंह भारोलाई तेस्त क्षलवु भन्ने खेत साढे दश रोपनी च्याका अफल भन्ने खेत रोपनी ५, वितो भन्ने खेत रोपनी २, प्यंग्वडलुखा भन्ने खेत १।। रोपनी द्वंग्रोल भन्ने खेत रोपनी १ गरी जंमा १९ रोपनी खेत निगाह गरिदिएको उल्लेख छ । यी सबै खेतको ४ किल्ला खुलाई दिएको छैन, केवल १०।। रोपनी तेस्त क्षलवुको मात्र देखाई दिएको छ । यसको ४ किल्ला श्री श्री राजाको खेतदेखि पश्चिम, बाटोदेखि उत्तर, राजाराम भारोको खेतदेखि पूर्व लेखिएको छ तर दक्षिण भने खुलाइएको छैन । राजाले ग्राहकलाई रूपैयाँ ५४० लिएर निगाह गरिदिएको भनिएको छ । यस पत्रको दृष्ट साक्षीमा श्री जगज्जयमल्ल छन् भने लेखकमा राजदैवज्ञ कीर्तिराज छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ४४ दर्ता नं. ६५२

मूलपाठः—

१) स्वस्ति ।। श्री माणीग्लाधिपति महाराजाधिराज श्री श्री जय गजपति महीन्द्र-सिंहदेव प्रभु ठाकुरसन, दथलाच्छलं येतागृह ललितसिंह भारो नाम्ने प्रसादी-कृतं ।। धतक्वबातिका नाम प्रदेशे ।। स्वल्पनदीसिमाया पश्चिमतः

२) श्री राज्ञसिमाया पूर्व्वोत्तरतः दक्षिणतश्च, एतन्मध्ये तद्वातिका दश कर्षाङ्क कर्ष सान्ह १० भूय ग्वातक्व वातिका अष्ट कर्षाङ्क कर्ष त्या ८ तौ वातिका यथा नगर काल प्रवर्त्तमानेन सुवर्णपुष्पमालार्घ प्रढौकृत मोहोर

३) टंका न्हयनसि ७२ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षी श्री जगतजयमल्ल थाकुरस, सं ८४२ आषाढ शुद्धि ८ राजदैवज्ञ कोटिराजेन लिखितं ।।

मूलपत्रको परिचय र सारांशः—

यो ने. सं. ८४२ (वि. सं. १६७९) आषाढ शुक्ल अष्टमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज ३८ लमाइ चौडाइ ३.२ से. मि. छ । माटोको सीलछाप छ । छापको वीचमा कमलासनमा सिंह छ । सिंहको वरिपरि 'श्री महीन्द्र' अक्षर अङ्कित छ । श्रीको दायाँ सूर्य र मको बायाँ चन्द्र अङ्कित भै वीच वीचमा फूलबुट्टा छन् । बाहिर घेरामा विन्दुबुट्टा पनि छन् ।

यसमा ललितपुरका राजा श्री महीन्द्रसिंह देवले दथ्वलाच्छे येतागृह वस्ने ललितसिंह भारोलाई धतक्व वातिका भन्ने वारी दश कर्ष (२।। रोपनी) र ग्वातक्व वातिका भन्ने वारी ८ कर्ष (२ रोपनी) समेत निगाह गरी दिएको उल्लेख छ । धतक्व वारीको चार किल्ला— सानो खोलो (खोल्सा) देखि पश्चिम, श्री राजाको बारीदेखि पूर्व, उत्तर र दक्षिण भनी देखाइएको छ । ग्वातक्व वातिकाको ४ किल्ला भने देखाइएको छैन । राजाले ग्राहकसंग यथा नगर काल चलन अनुसार रूपैयाँ ७२ लिएर दिएको भनिएको छ । यस पत्रमा दृष्ट साक्षी श्री जगज्जयमल्ल छन् भने लेखकमा राजदैवज्ञ कोटिराज छन् । यस पत्रमा राजा महीन्द्र सिंहलाई महाराजाधिराज गजपति भन्ने प्रशस्ति समेत लेखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८४६

वट्टा नं. ४०

दर्ता नं. ५९२

मूलपाठः–

१) स्वस्ति ।। श्री मानीग्लाधिपति श्री श्री जय योगप्रकाश मल्लदेव प्रभु ठाकुरसन, नकत्वाल चाकलं येताक्वाठ गृह शाक्यवंश श्री रायजुस नाम्ने प्रसादीकृतं ।। काचग्रन्थि गृहपाताल नाम प्रदेशे, त्यमात्य महादेवया गृहेण पश्चिमतः हरिनाथ १ श्रो जयकृष्णजु श्रो १ हे

२) ण पूर्व्वतः ग्वपिनाथजुया व, ननि व सीमाया पूर्व्वतः······गृहेण दक्षिणतः एतत्मध्ये तद्गृह ननि दक्षिण प्रवेश जाव पाताल न खा स्व ३ १८ श्रोंकुवाहार गृह जाव कु षुय ६० यन्तालिवि पाताल कु सूय ३० एतद्गृह भूम्यां

३) यथा नगर काल प्रवर्त्तमानेन सुवर्ण्ण पुष्पमाराघं मोहोर टंका षुय न्हसत्या ६७× श्रादाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादीकृता, अत्र पत्रार्थे दृष्ट साक्षी श्री विष्णुमल्ल थाकुरस, सं ८४६ माघ शुद्धि ६ मत्सेन्द्रराजेन लिखितं ।।

मूलपत्रको परिचय र सारांशः–

यो ने. सं. ८४६ (वि. सं. १७८२) माघ शुक्ल षष्ठीमा लेखिएको ललितपुरका ताडपत्र तमसूक हुन् । यसको साइज, ४५.५ लमाइ चौडाइ ३.५ से. मि. छ । माटोको सीलछाप छ । छापको बीचमा कच्छप आसनमाथि खड्ग र खड्गको दायाँ बायाँ श्री श्री लोक अक्षर अङ्कित छन् । वाहिर घेरामा विन्दुबट्टा छन् ।

यसमा ललितपुरका राजा श्री योगप्रकाश मल्लले नकटोल चाकलं येताक्वाठगृह वस्ने शाक्यवंश श्री रायजुलाई काचग्रन्थि गृहपाताल जग्गा खा ३ हात १८ उकुवहालको घर ६० हातको र यन्तालिवि पाताल जग्गा हात ३० निगाह गरी दिएको उल्लेख छ । काचग्रन्ठि पाताल जग्गाको ४ किल्ला– त्यमात्य महादेवको घरदेखि पश्चिम, हरिनाथ र जय कृष्णजुको घरदेखि पूर्व, ग्वपिनाथ र ननिदेखि पूर्व र ··· देखि दक्षिण छन् भने ॐकुबहालको घर र यन्तालिवि पातालको ४ किल्ला देखाइएको छैन । यसमा काचग्रन्थि पातालको ४ किल्लामा पूर्व २ ठाउँमा देखिएकोले लेखकले भूलवाट उत्तर लेख्नुपर्नेमा पूर्व लेखिएको देखिन्छ । राजाले ग्राहकसंग यथा नगर काल चलन अनुसार ६७।। रूपैयाँ लिई दिएको देखिन्छ । यस पत्रमा दृष्ट साक्षी श्री विष्णुमल्ल छन् भने लेखकमा मत्स्येन्द्रराज छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८४७

बट्टा नं. ४०　　　　　　　　　　　　　　　　　　　　　　　　दर्ता नं. ५८८

मूलपाठः—

१) स्वस्ति ।। श्री मणीग्लाधिपति महाराजाधिराज श्री श्री जय योगप्रकाश मल्लदेव प्रभु थाकुरसन महापाल चाकलं यन्तागृह अमात्य महादेव भारो नाम्ने प्रसादीकृतं ।। पनु

२) भुति ववलि विवुक्षेत्र नाम प्रदेशे ।। मार्ग्ग व, श्री राज्ञो क्षेत्र श्रोन पश्चिमतः नद्यादुत्तरतः गुथिया क्षेत्रात्पूर्व्वतः मार्ग्गेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र वारह रोपनोकं रोव शलं नसि १२

३) वातिका सह, तत्क्षेत्र यथा नगर काल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका नेश्ल पीयङा २४५ शुकि चिछ १ आदाय स्वाधिनावर्त्तकं न्यायेन कोविक्रीण प्रसादा

४) रपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षो श्री विष्णुमल्ल थाकुरस, सं ८४७ चैत्रवद्धि ११ राजदैवज्ञ कोटिराजेन लिखितं ।।

मूलपत्रको परिचय र सारांशः—

यो. ने. सं. ८४७ (वि. सं. १७८३) चैत्रकृष्ण एकादशीमा लेखिएको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ३७, चौडाई ३.९ से. मि. छ । माटोको सीलछाप छ । छापको वीचमा खड्ग र खड्गको मुनि कच्छप अङ्कित छ । खड्गको दायाँ वायाँ माथितिर श्री श्री द्वय र त्यसको मुनि दायाँ बायाँ लोक अक्षर छन् । वाहिर घेरामा बिन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री जय योगप्रकाश मल्लले ल. पु महापाल चाकलं यन्तागृह बस्ने अमात्य महादेव भारोलाई पनभुतिवव लिविवु भन्ने खेतबारी १२ रोपनी निगाह गरिदिएको उल्लेख छ । यसको चार किल्ला— वाटो र राजाको खेतदेखि पश्चिम, खोलादेखि उत्तर, गुठिको खेतदेखि पूर्व, वाटोदेखि दक्षिण देखाइएको छ । उनले राजालाई यसको मूल्य मोहरू २४५ र सुका १ चढाएको देखिन्छ । यस पत्रमा दृष्ट साक्षी श्री विष्णु मल्ल छन् भने लेखकमा चाहिं राजदैवज्ञ कोटिराज छन् । यस ताडपत्रको माटोको छापमा श्री श्री लोक अक्षरांकित गरिएकोले यिनी श्री लोकनाथ मच्छिन्द्रको भवत रहेछन् भन्ने पनि देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ४०

दर्ता नं. ५९५

मूलपाठः-

१) स्वस्ति ।। मानिग्लाधिपति श्री श्री जय योगप्रकाश मल्लदेव प्रभु थाकुलसन, शलको मेतखावाहार ननि येतागृह निवासी ग्राहक, कल्यानसिंह भारो, दोपात ननि येतागृह, रत्नसिंह भारो, स्वह्ल निह्म मेतखावाहार यौकूलि दुंदुगृह शिवराम भारो, ध्वपंगाड लं येतागृह लक्ष भारो, एतेस नाम्ने प्रसा

२) दीकृतं ।। वलवुसिपाताल क्षेत्रनाम्न प्रदेशे ।।...... मार्ग्गेणोत्तरत, धलसिमायां पूर्व्वत...... दक्षिणतश्च एतन्मध्ये तत्क्षेत्र पादोन षड्रोपनिकं रोव ङा ५ जव स्वं ३ तत्क्षेत्र यथा नगल काल प्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौक्(त) मोहोर टं

३) नेशल चय न्हसत्या २८७× आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीन प्रसादारपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षी, श्री विष्णुमल्ल थाकुरस, सम्वत् ८४७ भाद्रपद कृष्ण, सप्तम्यान्तिथौ, राजदैवज्ञ नरेन्द्रराजेन लिखितं ।।

मूलपत्रको परिचय र सारांश:-

यो ने. सं. ८४७ (वि. सं. १७८४) भाद्र कृष्ण सप्तमीमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ५५.८, चौडाइ ३.७ से. मि. छ । माटोको सीलछाप छ । छापको वीचमा कच्छपको आसनमाथि खड्ग र त्यसलाई जपमालाले घेरिएको छ । खड्गको दायाँ बायाँ श्री श्री लोक अक्षर अङ्कित छन् । खड्गको टुप्पोमाथि चन्द्र सूर्य अङ्कित भै वाहिर घेरामा विन्दुबुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री जय योगप्रकाश मल्लले शलको मेतखावहाल ननि येतागृह बस्ने कल्याणसिंह भारो, दोपातननि येतागृह बस्ने रत्नसिंह भारो, स्वहलनिह्म मेतखावहाल यौकुलि दुंदुगृह वस्ने शिवराम भारो, ध्वपंगाड लं येतागृह वस्ने लक्ष भारो यी ४ जनालाई वलवुसिपाताल क्षेत्र नामको खेत पाउने ६ रोपनी जवा ३ निगाह गरी दिएको उल्लेख छ । खेतको ४ किल्ला ......(देखि पश्चिम) वाटोदेखि उत्तर कुलोदेखि पूर्व......देखि दक्षिण देखाई दिएको छ । २ ठाउँमा अक्षर नलेखी खाली छोडिएकोले पश्चिम खुलाइएको छैन । राजाले यी ग्राहकहरूसंग देश काल चलन अनुसार रुपैयाँ २८७।। लिई सुक्रीविक्री गरी निगाह गरी दिएको उल्लेख छ । यस पत्रमा दृष्टसाक्षी श्री विष्णुमल्ल छन् भने लेखकमा राजदैवज्ञ नरेन्द्रराज छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने. सं. ८४८

बट्टा नं.४४ दर्ता नं. ६५९

मूलपाठः–

१) स्वस्ति ।। श्री मानिग्लाधिपति श्री श्री जय योगप्रकाश मल्लदेव प्रभु ठाकुलसन, पलुदेश······ गृह निवासि ग्राहक दातिह्म भारोसनाग्ने प्रसादीकृतं ।। पुराम-ग्राम वातिका नाम्न प्रदेशे ।। प्रपातशिमाया पश्चिमत, मार्ग्ग शिमा

२) या दुर्त्त रतं, श्री श्री राजया भूम्या पूर्व्वत, ग्राहकया वातिकाया दक्षिणतश्च एतन्मध्ये तद्वाटिका एकतीस कर्षाङ्क कर्ष शूय च्छि ३१ नेचातल लं न जुरो, तद्वाटिका यथा नगर काल प्रवर्त्त मानेन सुवर्णपुष्पमारार्घ प्रढौकृत मो

३) होर टंका श्लंच्छि ङ्यङा १५५ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीबिक्रीन प्रसादालपा जुरो, अत्र पत्रार्थे दृष्ट साक्षी श्री विष्णुमल्ल थाकुरस, सम्वत् ८४८ नष्ट वैशाष कृष्ण, द्वितीयायाग्तिथौ,

मूलपत्रको परिचय र सारांश:–

यो ने. सं. ८४८ (वि. सं. १७८५) नष्ट वैशाख कृष्ण द्वितीयामा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ४३.५, चौडाइ ४.१ से.मि. छ । माटोको सीलछाप छ । छापको वीचमा कच्छप आसनमाथि खड्ग छ । खड्गको दायाँ बायाँ श्री श्री लोक अक्षर अङ्कित छ । बाहिर घेरामा विन्दुबुट्टा छन् । छापको माथिल्लो भाग सानो टुक्रा फुटी खसिसकेको छ ।

यसमा ललितपुरका राजा श्री योगप्रकाश मल्लले पलुदेश··· गृहवस्ने दातिह्म भारोलाई पुराम ग्रामवाटिका भन्ने वारी ३१ कर्ष (७।।। रोपनी) निगाह गरी दिएको उल्लेख छ । यसको ४ किल्ला– झरनाकुलोदेखि पश्चिम, वाटोदेखि उत्तर, श्री श्री राजाको जग्गादेखि पूर्व ग्राहककै वारीदेखि पूर्व भनी देखाइएको छ । राजाले ग्राहकसंग बारीको मूल्य नगर काल चलन अनुसार रूपैयाँ १५५ लिई दिएको भनिएको छ'। यस पत्रमा दृष्ट साक्षी श्री विष्णु मल्ल छन् भने लेखकमा कसैको नाम उल्लेख भएको छैन । पत्रमा भएको माटोको छापमा "श्री श्री लोक" अङ्कित भएकोले यिनी लोकनाथ श्री मच्छिन्द्रको पनि भक्त रहेछ भन्ने थाहा पाउन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कोलिग्राम (कान्तिपुर) केही अध्ययन

-तीर्थलाल न:घ:भनी (राजभण्डारी)

नेपाल उपत्यका चार भञ्ज्याङ्ग भित्रका तीनवटा ठूलठूला प्रमुख शहरलाई नेवारी भाषाबाट समष्टिरूपमा "स्वनिगल" भन्दछन् "स्वनिगल"का अर्थ "तीन शहर" भनेका हुन् । ती शहर ललितपुर, भक्तपुर र कान्तिपुर हुन् ।

यी तीन शहर मध्ये यहाँ कान्तिपुर सम्बन्धी केही चर्चा गर्न प्रयास गरिएको छ । यी शहरलाई उस वखत "दक्षिण कोलिग्राम" र "कोलिग्राम" नामवाट पुकारिन्छ । यसबाट यहाँ दुईवटा गाउँ छन् भन्ने बुझिन्छ । यी गाउँ मध्ये तल्लो गाउँ काठमाडौं भुतिसल भन्दा मुनी दक्षिण तर्फलाई "दक्षिण कोलिग्राम" भनिन्थ्यो । यसको उल्लेख लगन हिउमत टोलमा अवस्थित मीननारायण स्थानमा राखिएको शिलालेखमा यसरी गरिएको छ-

> "... (महा)राज श्री ध्रुवदेव पुरस्सर......श्री जिष्णुगुप्त कुशली दक्षिण कोलीग्रामे गीता पाञ्चालिक......"[१]

यस्तै यंगाल (गैरीधारा) दुगांहिटीमा राखिएको शिलालेखमा यसरी लेखिएको छ-

> "......महाराज श्री भीमार्जुनदेव .....श्री जिष्णुगुप्त कुशली दक्षिण कोलिग्रामनिवासिनो ब्राह्मण प्रधान......"[२]

यी दुबै अभिलेख पूर्णिमा पत्रिकामा संक्षेप रूपमा उल्लेख गरिएको छ । पूरै अभिलेख श्री धनवज्र वज्राचार्यज्यूले "लिच्छविकालका अभिलेख" भन्ने पुस्तकमा

---

१. कान्तिपुर शिलालेख सूची पृष्ठ २२
२. " " " पृष्ठ २५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र श्री हरिराम जोशीज्यूले "प्राचीन अभिलेख" भन्ने पुस्तकमा प्रकाशित गरेका छन् । यी शिलालेख लगन हिउमत र यंगाल टोलमा राखिएको हुँदा भुतिसल भन्दा मुनी तल्लो भागमा पर्न आउँछ । यसकारण तल्लो भागलाई "दक्षिण कोलिग्राम" भनिन्छ भन्ने स्पष्ट हुन आउँदछ ।

यस्तै नै भुतिसल भन्दा माथिल्लो भागलाई "कोलिग्राम" भन्दछन् । ने. सं. ५९० मा लेखिएको "पञ्चरक्षा" भन्ने पुस्तकको पुष्पिका वाक्यमा यसरी लेखिएको छ–

"राजाधिराज परमेश्वर परमभट्टारक श्री श्री यक्षमल्लदेवस्य विजयराज्ये । श्रयोस्तु सम्वत ५९० श्रावण शुक्ल प्रतिपद्यां तिथौ मघानक्षत्र..... कसिक कोलिग्राम श्री जमलगंठी......"[१]

रोलम्वमा प्रकाशित एउटा अभिलेखमा यसरी उल्लेख गरिएको छ–

सम्वत ४७८ भाद्रव शुद्धि १० लक्षा भगवती संपूर्ण दिवस महायानयायिन परम धार्मिक परम सर्वज्ञ शासनिक श्री कोलिगामिय श्री भास्करदेव संस्कारित इति केशव चन्द्रकृत..... ।"[२]

यसको अतिरिक्त जयप्रकाश मल्लको पालाका अभिलेखमा यसरी लेखिएको छ–

सं ८७६ कोलिग्राम यम्वुक्रमायां गागुरत ओकद्व तोर व्रह्मपुरी तवधन चुक यिता छें......"

यी तीनवटै अभिलेखमा उल्लेख भएका "जमलगंठी", "ओकोद्व", "ब्रह्मपुरी", "तवधन चुक" भन्ने टोल तथा ठाउँका नामहरू माथिल्लो भागमा परेका छन् । यसबाट पनि माथिल्लो भागलाई "कोलिग्राम" भनिन्छ भन्ने स्पष्ट हुन आउँदछ । पछि यी दुबै ग्राम शहर र नगरको नामवाट प्रसिद्ध हुन गए ।

जव "दक्षिण कोलिग्राम" र "कोलिग्राम"को दुई साँधको बीच भुतिसलमा ने. सं. २४० ताका राजा जयसिंहदेवका पालामा "काष्ठमण्डप"को निर्माण भयो त्यहाँदेखि स्थानको नाम पनि "काष्ठमण्डप" नै रहन गयो । हुनत "काष्ठमण्डप" निर्माण हुनुभन्दा अगाडि यस स्थानलाई "यङ्गल" पनि भनिन्थ्यो । यसको केही अभिलेखहरूमा यसरी उल्लेख गरिएको छ–

१) श्रयोस्तु सम्वत ६९९ फागुण शुदि १ थ्व दिन खुन्हु उपानओस आकार्खन याङ्ग राजाधिराज......श्री शिवसिंहदेवस्य विजयराज्ये ...... श्री काष्ठमण्डपनगरे श्री यंगर तवविहार ...... ।"

---

१. रोलम्व भोलम ३ नंवर ४ पृष्ठ

२. हनुमान ढोका राजदरबार पृष्ठ ४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

' श्रीमतकान्तिपुरमहानगरे श्री यंगलसंज्ञके श्री ३ लिच्छकेश्वर नारायण भट्टारक संस्थान काष्ठमण्डपस्थाने ।[1]

यी अभिलेखहरूबाट यस स्थानलाई "यङ्गल" भनिन्छ भन्ने स्पष्ट देखिन्छ। यसै स्थानमा निर्माण गरिएको यस मण्डप भएकोले नै तथा सोही सतलमा रहेको तामापत्रमा पनि "यङ्गल मण्डप" भनी लेखिएको देखिन्छ। ती तामापत्र अभिलेख-संग्रहमा "अभिलेख" संख्या ६२ "मेडिइभल नेपाल" भन्ने पुस्तकको तेश्रो भागको ३६ पृष्ठमा प्रकाशित भएको छ।

यस अतिरिक्त यस स्थानलाई 'मदु' पनि भन्दछन्। भीमसेनस्थान जानेबाटो छेउमै अवस्थित चैत्यसंगै रहेको अभिलेखमा यसरी लेखिएको छ–

ॐ नमो श्रीबज्रधातुचैत्यरूपाय ... कविन्द्र जय प्रतापमल्ल ... विजयराज्ये। दानपति काष्ठमण्डपमहानगरे माण्डुतोरके ।[2]

यस अभिलेखमा यसरी "माण्डु तोरके" भनी स्पष्ट उल्लेख भएकाले यस स्थानको नाउँ पहिले "माण्डु" थियो भन्ने ज्ञात हुनआउँदछ। परन्तु यसभन्दा पहिले "माण्डु" भन्ने उल्लेख भएका अभिलेखहरू पाइएका छैनन्। तर "माण्डु" कसरी हुनगयो भनी बिचार गर्दा "काष्ठमण्डप"को "काष्ठ" र "यङ्गल मण्डप"को 'यङ्गल' लोप गरी खाली 'मण्डप' मात्र भन्न थालियो। पछि 'मण्डप'को 'मण्डो' हुन गई 'मण्डो'को 'माण्डु' हुनगएको हुनसक्छ। यसैको आधारमा टोलको नाम पनि 'माण्डु' नै कहलिन गई केही कालपछि 'माण्डु'को 'मदु' हुन गयो। यसरी पछि 'काष्ठमण्डप'लाई 'मदुसतल' भन्न थालियो। यस अतिरिक्त 'मदु' तथा 'मरू' भनेको एक अर्को कारण पनि यहाँ विचारणीय छ। जुन यस प्रकार छः–

नेवारी भाषावाट 'मदु' वा 'मरू' भनेकोको अर्थ 'छैन' भनेको हो। अत एव त्यहाँ कुन कुरा शोचनु परेको छ। यसो नियालेर हेर्दा त्यहाँ अवस्थित अशोक विनायकका मन्दिरमा 'गजूर' छैन। यसै कारणले 'मदु' (छैन) भनेको हुनसक्छ। यसरी गणेशको मन्दिरमा गजूर नहुनाको कारण के हो? किन राखिएन? यस सम्बन्धमा अनुसन्धान गर्न बाँकी नै छ।

पुनश्चः अशोक विनायकको मूर्तिमा एउटा हात देखिदैन। दायाँ तीनवटा बायाँ दुइवटा हात मात्र स्पष्ट देखिन्छन्। एउटा अस्पष्ट छ। ढोका माथि

---

* कान्तिपुर शिलालेख सूची ६३ पृष्ठ
१. " " " ६६ "
२. " " " ६४ "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको तोरणमा छवटा बाहु भएका मूर्ति राखिएको छ। यसबाट शिलामूर्तिमा छवटै बाहु हुनुपर्ने स्पष्ट छ। तर वायाँपट्टि एउटा अदृश्य छ। मूर्तिकारले कुंडिन छुटाएका हुन् कि खण्डित भएर गएका हुन् प्रष्ट छैन। यो पनि एउटा अध्ययन गर्नु पर्ने विषय बनेको छ।

यसरी गणेशको मन्दिरमा गजूर नहुनु र मूर्तिमा हात नभएकाले नै यी अशोक-विनायकलाई नेवारी भाषावाट 'मद्गगणेद्य:' भन्दछन्। यी गणेशकै नामबाट यस टोलको नाउ पनि 'मदु' हुनगएको हो भन्न सकिन्छ। यसरी यस टोलमा निर्माण गरिएको 'काष्ठ मण्डप' हुनाले यसको नाम 'मदुसतल' भनिएको होला। जे होस् यस सम्वन्धमा विस्तृत अध्ययन गर्न वाँकी नै छ।

प्रारम्भमा यस मण्डप (सतल) को नाम 'काष्ठमण्डप'वाट प्रख्यात भई पछि शहरको नाम नै 'काष्ठमण्डप' महानगर हुनपुगे। यसको उल्लेख निम्न अभिलेखमा यसरी भएको देखिन्छ–

······राजाधिराज···श्री शिवसिंहदेवस्य विजयराज्ये श्री काष्ठमण्डप महानगरे यंगल तहविहार······।[1]

······राजा······कविन्द्र जय प्रतापमल्ल······विजयराज्ये······दानपति काष्ठमण्डपमहानगरे माण्डतोरके···।[2]

······महाराजाधिराज···श्री जय सिंहदेवस्य विजयराज्ये ··दानपति······ श्री काष्ठमण्डपमहानगरे चियमकुटीतोरके······मञ्जुश्री कनकविहारावस्थित······।[3]

यस्ता अभिलेखहरू धेरै पाइन्छन्। प्रस्तुत अभिलेखमा उल्लेख भएका 'यङ्गल' 'माण्डू' र चियमकुटी कनकविहार आदि तल्लो भागमा परेकोले तल्लो भागलाई मात्र 'काष्ठमण्डप महानगर' भनेका हुन् भन्ने स्पष्ट हुन आउँदछ।

यस अतिरिक्त माथिल्लो भाग 'कोलीग्राम'लाई पनि 'काष्टमण्डप' भन्न थालियो। यस सम्वन्धमा एउटा अभिलेखमा यसरी लेखेको पाइएको छ–

··· श्री प्रतापमल्ल देव थाकुरस्य विजयराज्ये। दानपति श्री यम्बु काष्ठमण्डप महानगरे······।[4]

---

१. कान्तिपुर शिलालेख सूची ६३ पृष्ट
२. " " " ६४ "
३. रोलम्व भोलम ३ नं. ४ २२ पृष्ठ
४. कान्तिपुर शिलालेख सूची ६६ "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस अभिलेखमा उल्लेख भएका 'यम्बु' भनेको माथिल्लो भाग 'कोलीग्राम' लाई भनिएको छ । तल्लो भाग 'दक्षिण कोलीग्राम'लाई 'यम्बु' भनी आएको देखिँदैन । यस आधारबाट कालान्तरमा गएर 'कोलीग्राम'लाई पनि 'काष्ठ मण्डप' महानगर भन्न थालेका हुन् भन्ने स्पष्ट बुझिन आउँदछ । यसरी यी दुबै ग्राम नै 'काष्ठमण्डप' तथा 'काठमाडौं' नामबाट प्रसिद्ध हुन गए ।

यस अतिरिक्त यी माथिल्लो भाग 'कोलीग्राम'लाई पनि 'यम्वु', 'गागुलि', कान्तिपुर र सुवर्ण प्रणाली महानगर आदि विभिन्न नामबाट पुकारिंदै आएको पाइएको छ । यसरी विभिन्न तरिकाबाट शहरको नामाकरण कसरी भयो र कुन आधारमा गरियो केही बिचार गरिन्छ ।

पहिले 'यम्वु' भन्ने नामको सम्बन्धमा चर्चा गरिन्छ । 'यम्बु क्रमायां', 'यम्वु ब्रुमायां' र 'यम्वु' भन्ने उल्लेख भएको धेरै अभिलेखमा पाइन्छ । 'यम्वु'को अर्थ के हो ? केलाई भनिन्छ ? किन भनेका हुन् ? थाहा हुन सकेको छैन । तथापि यही 'यम्वु' भन्ने शब्द विकृति भइ 'यँ' मात्र हुन गएको हुनसक्छ । नेवारी भाषावाट अद्यापि 'यँ' 'येँ' भन्ने कान्तिपुरलाई भनी आएका छन् । ती हुन्–

> सम्वत २८० पौष कृष्ण चतुर्दश्यां श्री यम्वु क्रमायां श्री वनगल दलको ······श्री आनन्ददेव विजय राज्य····· ।[1]
>
> सम्वत ३२३ आषाढ पूर्णमास्यां·····श्री लक्ष्मीकामदेवस्य विजयराज्ये । श्री यम्वुक्रमायां मखनटोल ·····।[2]
>
> ······श्री नरेन्द्रमल्लदेव······विजयराज्य । यम्वु तेदोवहार····।[3]
>
> श्री····· कविन्द्र प्रतापमल्ल······विजयराज्ये······कान्तिपुर । महानगल्य श्री यम्वुक्रमायां काष्ठमण्डप ·····।[4]
>
> श्री · पार्थिवेन्द्रमल्ल···विजयराज्ये । दानपति···यम्वु यतखा तोल ।[5]
> ····· सम्वत ८१९ फागुण····· श्री यंवु सुवर्णपनारि महास्थान श्री सातिगुरके······।[6]

---

१. रोलम्व भोलम ५, नं. ३ पृष्ठ ३६
२. क. ट्. ने. ७ठ भोलम १, नं. २ पृष्ठ ६४
३. कान्तिपुर शिलालेख सूची पृष्ठ ४६
४. ,, ,, ,, पृष्ठ ६३
५. ,, ,, ,, पृष्ठ १३३
६. अभिलेख वर्ष ६ अङ्क ६ पृष्ठ १३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

·· ···श्री जय जगज्जयमल्ल······यंवुभूमौ नवघल तोल······।[१]

······सम्वत ६०२ चैत्रकृष्ण पञ्चम्यां तिथौ २······श्री (य) म्वु व्रुमायां श्री गागुलके···श्री यितुंवाहार···श्री यंवुमहानगरे तवलाछि तोल ··।[२]

यी अभिलेखहरूमा उल्लेख भएका 'वनगल', 'मखन', 'तेदोवहार' (टेवहाल) 'काष्ठमण्डप (मदु)' 'यतखा', 'सान्तिगुर', (श्रीघल) 'नवघल' र 'यितुंवहार' टोलहरू माथिल्लो भाग कोलीग्राममा पर्छ र उपरोक्त अभिलेखवाट 'कोलीग्राम' लाई नै यम्वु भनेका हुन् भनी स्पष्ट बुझीन आएको छ।

यसपछि कोलीग्रामको दोश्रो नाम 'कान्तिपुर' रहन गएको सन्दर्भमा केही विचार गरिन्छ। यहाँ 'कान्तिपुर' नाम उल्लेख भएका केही अभिलेखहरू प्रस्तुत गरिन्छन्–

स्वस्ति वैशावंशावतार श्री एकजटि चरण शेवक कान्तिवरलब्ध······महामन्त्री जयसिंहरामवर्द्धनस्य······।[३]

····· नरेन्द्रमल्लदेवस्य तनय श्री जय महेन्द्रमल्लदेवस्य विजयराज्ये। श्री कान्तिपुरमहानगरी वंतुतोलके······।[४]

······सम्वत ७६४ फागुण···श्री २ प्रतामल्लदेवस्य···। दानपति कान्तिपुर महानगरे······केशवचन्द्रकृत····।[५]

श्री कान्तिपुरीमहानिगले श्री ३ कनकचैत्यमहाविहारे जमलेश्वरस्थाने···।[६]
श्रीमत् कान्तिपुरमहानगरे श्री स्वर्णप्रणालीमहास्थाने ···। संवत ३२७ वैशाख····।[७]

······श्री कान्तिपुरी महानगल्य······काष्ठमण्डपनगरे······।[८]
संवत ८२३ चैत्रमासे······श्रीमतकान्तिपुरमहानगरे सुवर्णप्रणालीमहास्थाने थयन्ति तोरके ····।[९]

---

१. अभिलेख वर्ष ९ अङ्क ९ पृष्ठ १३४
२. " वर्ष ६ अङ्क ६ " ८३
३. कान्तिपुर शिलालेख सूची पृष्ठ ३८
४. " " " पृष्ठ ५४
५. " " " पृष्ठ ६७
६. " " " पृष्ठ ८९
७. नेपाल भाषा साहित्यया जात पृष्ठ ३
८. कान्तिपुर शिलालेख सूची पृष्ठ ९३
९. कन्ट्रिब्यूसन टु नेपाल एटडिज पृष्ठ ९४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी अभिलेखहरूमा उल्लेख भएका टोल स्थानहरू माथिल्लो कोलीग्राममा परेका छन् । ने. सं. ३२७ भन्दा अघि 'कान्तिपुर' भनी उल्लेख भएको अभिलेख भेटिएको छैन । साथै तल्लो भागलाई कान्तिपुर भनेको अभिलेख पनि पाइएको छैन । यस तथ्यबाट माथिल्लो भाग कोलीग्रामलाई मात्र 'कान्तिपुर' भनी भन्ने गरी आएको स्पष्ट देखिन्छ ।

कान्तिपुर किन भनियो भन्ने सन्दर्भमा केही आधारशिला पाइएको छ । जसबाट केही थाहा पाउन सकिन्छ । पहिलेका 'वनगल'लाई हाल इन्द्रचोक भनिन्छ। यो इन्द्रचोक नाम अंकित भएको हालसम्म कुनै अभिलेख पाइएको छैन । भाषा वंशावलीमा इन्द्रचोक निर्माण सम्बन्धी लेखिएको सर्वथा मिल्दैन ।

हाल इन्द्रचोकको मध्यभागमा आकाश भैरवको ठीक सामुने एउटा महादेव छन् । यी महादेव भौतिक दृष्टिकोणले पछि राखिएको देखिन्छ । यसको मुनि अर्को शिवलिंग अवश्यमेव हुनुपर्दछ । यहाँ ठूलो शिवलिंग छ भन्ने जनश्रुति पनि छ । हुन त माथिका महादेवलाई पनि ठूलो शिलाले छोपिएको थियो । हाल उघारिएका ती शिला इन्द्रजात्रामा लिंगो उभ्याउने खाल्टानिर अद्यापि छन् । यी महादेवलाई 'कान्तेश्वर' भनी पुकारिन्छ । अहिले त्यो महादेवलाई फलामे बार लगाई सुन्दर बनाएको छ । ती बारमा पनि 'कान्तेश्वर' भन्ने लेखिएको छ । यस महादेवको नामबाट 'कान्तिपुर' हुनगएको हो भन्ने पनि स्पष्ट हुन आउँदछ ।

अब 'गांगुल' भन्ने सम्बन्धमा छोटो चर्चा गरिन्छ । गांगुल भन्ने उल्लेख भएको अभिलेख धेरै पाइएको छैन । यहाँ केही मात्र दिइएको छ–

……सम्वत ६०२ चैत्र … श्री गांगुलके यितुंवहार ……।[1]

संवत ८७६ कोलीग्राम यम्वु क्रमायां गागुरत ओकोद्वतोर…।[2]

यस अभिलेखमा उल्लेख भएको यितुंवहाल ओकोद्व भन्ने कोलीग्राममा नै छ भनी अभिलेखबाटै स्पष्ट बताएको छ । यसैले कोलीग्रामलाई नै गांगुल भनेका हुन् भनी स्पष्ट बुझीन सकिन्छ । परन्तु 'गांगुल'को अर्थ के हो ? किन भनिएका हुन् ? कुन आधारमा राखिएको हो ज्ञात हुन सकेको छैन । अन्वेषण गर्न बाँकी नै छ ।

यस अतिरिक्त चौथो नाम 'सुवर्ण प्रणाली महानगर' भन्ने सम्बन्धमा केही चर्चा गरिन्छ । यो 'सुवर्ण प्रणाली महानगर' भन्ने उल्लेख भएका अभिलेखहरू धेरै पाइएका छन् । तर यहाँ केही मात्र प्रस्तुत गरिन्छ–

---

१. अभिलेख वर्ष ६ अङ्क ६ पृष्ठ

२. हनुमानढोका राजदरबार "

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमत कान्तिपुरीमहानगरे श्री स्वर्णप्रणालीमहास्थाने श्री शान्तिगलक्ये ······सं ३२७ वैशाख······।[१]

श्री प्रतापमल्लदेवस्य ·····सुवर्णपनाली महानगरे मैत्रीपूर्ण महाविहार···।[२]

श्री प्रतापमल्लदेव···सुवर्णप्रणालीमहानगरे ध्वाकाबाहाल···।[३]

श्री जय प्रतापमल्लदेवस्य···सुवर्णप्रणालीमहानगरे तवलाछि तोर···।[४]

सं ८२३ चैत्र···श्रीमत कान्तिपुरमहानगरे श्री यम्वुसुवर्णप्रणालीमहास्थाने थयन्तितोरके ·।[५]

······दानपति सुवर्णप्रणालीमहानगरे रत्नकेतुमहाविहार···।[६]

यी अभिलेखहरूमा उल्लेख भएका स्थान टोलहरू माथिल्लो भाग कोलीग्राममा नै छन्। यही कोलीग्रामलाई नै सुवर्णप्रणाली महानगर भनेका हुन् भन्ने माथि दिइएको ने. सं. ८२३ को अभिलेखले स्पष्ट बताएको छ। परन्तु दक्षिण कोली-ग्रामलाई "सुवर्णप्रणाली नगर" भनी उल्लेख भएकौ अभिलेख पाइएको छैन। यस उसले यम्वु, गांगुल, कान्तिपुर तथा सुवर्णप्रणाली महानगर भनी जुनसुकै नामबाट प्रख्यात भएतापनि आखिर ती 'कोलीग्राम' नै हुन् भन्ने स्पष्ट छ।

यहाँ सुन्धारा भएकोले नै शहरको नाम पनि सुवर्णप्रणालीनगर भनेका हुन्। हुनत सुन्धारा धेरै स्थानमा छन्। तर ती स्थानहरूलाई 'सुवर्णप्रणालीनगर' भनी कहलिएको पाइँदैन। यही कोलीग्रामलाई मात्र भन्ने गरेको पाइएको छ। परन्तु यहाँ सुन्धारा देखिंदैन। कहाँ कुन स्थान छन् भनी विचार गर्दा माथि प्रस्तुत गरिएको ने. सं. ८२३ को अभिलेखमा 'सुवर्णप्रणाली महास्थाने थयन्ति टोलके' भनी उल्लेख भएकोले सुन्धारा थहिटी टोलमा नै अवस्थित छन् भन्ने आधार मिलेको छ।

परन्तु धारा देखिंदैन। तापनि वस्तुस्थिति अध्ययन गरी हेर्दा थहिटी टोलमा अवस्थित ठूलो चैत्यमा रहेको एउटा शिलालेखमा यसरी लेखिएको छ—

" न्हापा सुवर्णपनारि थहिति तोक पुयोगु सम्वत ५५२ भिति वैशाख शुक्र रोहिणी नक्षत्र सुकर्म जोग बुधवारकुन्हु पात्र महिन्द्रराजया पर्यस

१. नेपाल भाषा साहित्यया जात पृष्ठ ३
२. कान्तिपुर शिलालेख सूची पृष्ठ ७३
३. " " " पृष्ठ ७५
४. " " " पृष्ठ ९७
५. कन्ट्रिब्यूसन टु नेपाल स्टडिज पृष्ठ ९४
६. बांगेमुढा न्हूबहालको शिलालेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थहिति त्वा विजापूतसां सिल्पकार मेघराज वंशि खल अतपानं चैत्यदयकाओ तोकपुल जुल। थ्वंलि ल्वहतं तोकपुयोगुया पुस्ता…नाम…थुम्हसिनं जय सूर्यमल्लदेव राजाया पर्यंस अतपाया चैत्ययां पिने लोहंतं भुनाओ दयेकाओ तवग् सम्वत ६४४ बैशाख शुक्ल १२ शुक्रवारखुन्हु प्रतिष्ठा यानाओ तओगु दिन जुल …..।"

(**अर्थः-** पहिलेका सुन्धारा पुरी ने. सं. ५५२ वैशाख शुक्ल रोहिणी नक्षत्र सुकर्मयोग बुधवारका दिन पात्र महिन्द्र राजाका पालामा ठहिटी बिज्या-पूतका सिल्पकार मेघराज वंशी खलकले इँटाको चैत्य बनाई छोपियो। पछि यिनैका सन्तानका नाम….. हरूले राजा सूर्यमल्लदेवका पालामा इँटाको चैत्य बाहिर प्रष्टरका चैत्य बनाई छोपी ने. सं. ६४४ वैशाख शुक्ल १२ शुक्रबारका दिन प्रतिष्ठा गरियो……।

यो शिलापत्र ने. सं. १००१ वि. सं. १९३८ मा उक्त चैत्य जीर्णोद्धार गरी राखिएको हो। परन्तु सुन्धारा छोपी इँटाको चैत्य बनाएको मूल शिलापत्र कहाँ छन्? चैत्यको गर्भमै छन् कि थाहा हुन सकेको छैन। तापनि यस शिलालेख-वाट 'थँहिटी' भन्ने नै सुन्धारा हुन् भनी स्पष्ट थाहा पाउन सकिन्छ। अतएव यस 'सुन्धारा'को नामवाटै शहरको नाम पनि 'सुवर्णप्रणालीमहानगर' भनी राखिएको हो भन्ने पुष्टि हुन आउँदछ।

यसरी माथिल्लो भागलाई पहिले 'कोलीग्राम' भन्ने नामवाट प्रख्यात थियो। पछि 'यम्वु', 'काष्ठमण्डप', 'गागुल', 'कान्तिपुर', 'सुवर्णप्रणाली महानगर' भन्ने नामवाट विख्यात भए। अहिले यी सबै नाम लोप भइ उपत्यकाभरलाई नै 'काष्ठ-मण्डप' (काठमाडौं) भन्न थालियो। तर तीन शहरमध्ये यस शहरलाई मात्र छुट्याउन परेमा 'कान्तिपुर' भन्ने गर्दथे। नेवारी भाषावाट अद्यापि 'यें' नै भनी आएका छन्। यी हुन् 'कोलीग्राम'लाई विभिन्न नामाकरण भएको कुरा।

सिमानाः- अब यस शहर कति क्षेत्रसम्म फैलिएको छ? यसको कुन कुन वस्तुले सिमाना निर्धारित गरिएको छ? पत्ता लगाउन मुश्किल भइसकेको छ। तैपनि साधारणत: विचार गरी हेर्दा केही कुराहरूवाट पहिल्याउन सकिने आधार पाइएका छन्। ती मध्ये पहिलो भैरव र पीठ, दोश्रो डबली र मण्डपलाई लिन सकिन्छ। भैरवलाई नेवारी भाषावाट 'भल' र 'भेलू' भनिन्छ। पीठलाई 'पीगं' भनिन्छ। यी भैरव र पीठले कोलीग्राम शहरलाई घेरी सिमाना निर्धारित गरेको प्रतीत हुन आउँछ। ती भैरव पीठ यसरी प्रतिस्थापित भएका छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. असं भलू र पीठ

असनबाट न्हैकंतला जानेबाटो फेदैमा बायाँपट्टि एउटा खाल्डो (असं भलू र पीठ) मा सानो प्रष्टरका तोरण छन् । त्यसको मुनि एउटा सानो शिला गाडिएको छ । यसैलाई 'असं भलू' भनिन्छ ।

यसको पीठ असनबाट त्यौड जाने बाटोको फेदैमा एउटा सानो मन्दिर पछाडी अवस्थित छ । यहाँ इन्द्रजात्रामा पीठपूजा गरी सम्हेबजी (स्याबजी, च्यूरा, कालो भटमास, अदुवा, माछा-मासु राखिएकोलाई भनिन्छ) बाँडिन्छ । यो कुन पीठ हो थाहा हुन सकेको छैन ।

२. किसि भलू

असनबाट अलि तल तछँबहालको हातालाई किसिध्वाका भनिन्छ । यहींका भैरव भएकोले 'किसि भलू' भनेका हुन् । यो भैरव अहिले देखिंदैन ।

यस्तै यहाँको पीठ पनि लोप भइसकेको छ । हुनत तछँबहाल जानेबाटोको छेउमै कुनामा बत्ती बाल्ने दियो (जा:देवा) तीन तह गरी गारोसंगै राखिएको पाइन्छ । यहाँ पनि पीठ पूजा गरी सम्हे बाँड्ने प्रचलन छ ।

३. लुचु भलू

केलटोलमा आलमोनियम भाडा पसल अगाडी टोपीपसलको दायाँ लुचु भलू अजिमाको मन्दिर ठीक सामुन्ने ठूलो शिला छन् । यसैलाई स्थानीय वासीले 'लुचु भलू' भन्दछन् ।

यसको सामुन्ने तीनतले भव्य मन्दिर छन् । यस मन्दिरका देवीलाई 'लुचु भलू अजिमा' भन्छन् । यस नामबाटै यसको पीठ यी नै हुन् भन्ने स्पष्ट छ ।

४. वंघः भलू

इन्द्रचोकमा वंघल (राकेबजार) जाने गल्लीका अगाडी चुरा धागो पसलसंगै एउटा लामो शिला गाडिएको छ । यसैलाई 'वंघ: भलू' भन्दछन् ।

यसको पीठ नजीकै छन् । ती भैरबलाई पछाडी पारी गल्लीभित्र पस्दा एउटा चोक आउँछ । त्यस चोकमा एउटा खाल्डो छ । सो खाल्डोमा तीनवटा घडा छन् । यस अलावा विभिन्न देवताहरू छन् । यही पीठ हुन् भनी अनुमान गर्न सकिन्छ ।

५. मखं भलू

मखन सिंहढोकाबाट नयाँ सडक निस्कने मखन गल्लीको बीच बाटैमा एउटा शिला तेर्सी रहेको छ । यसलाई स्थानीय वासिन्दाहरूले भैरव भनी पूजा अर्चना गरी आएका छन् । यही 'मखं भलू' हुन् भनी थम्याउन सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको पीठ भन्ने फेला पार्न सकेको छैन। अनुसन्धान गर्न बाँकी नै छ।

६. मदु भलू

काष्ठमण्डप अगाडि दुइटा खाल्टो छ। एउटा भुतिसल हुन्। अर्को भैरवका हुन्। पचली भैरव बाह्रवर्षे नाचका भैरवले यसै खाल्डामा बसी राजासँग खड्ग साट्छन्। यसतथ्यबाट "मदु भलू" यी नै हुन् भन्न सकिन्छ।

यसको पीठ पनि नजिकै पाइन्छ। काष्ठमण्डपको पछाडि पीगंननी भन्ने चोकमा अवस्थित छ। यसलाई स्थानीय वासिन्दाले योगाम्बर भनी पूजी आएको छ। यही पीठ हुन् भन्ने स्पष्ट देखिन्छ।

७. प्याफल भलू

प्याफलमा जोशीहरूका आगम मन्दिरको बायाँ पट्टि गल्ली छेडो अगाडि पसलकै कुनामा एउटा खाल्डो छ। हाल पुरिएको छ। यसलाई स्थानीय मानिसले भैरव भनी पूजन गरी आएको छ भन्ने भनाइ सुनिन्छ। यस कुराबाट प्याफः भलू यी नै हुन् भनी थाहा पाउन सकिन्छ।

यसको पीठ हाराहारमै अवस्थित छन्। त्यस पीठको पछाडि भित्तामा एउटा ढलौटका मूर्ति टाँसिएको छ। यसमाथि "कंकेश्वरी" लेखिराखेको पाइन्छ। यस तथ्यबाट पीठ यी नै हुन् भन्न सकिन्छ।

८. द्वकादः भलू

कोटबाट पच्छिम निस्कदा दोकादह (ढोकाटोल) आउँछ। यहाँ पहिले "द्वकादहः" भन्ने एउटा पोखरी थियो। नवरथ मेलामा दहमा मेला भरी भैरव र पीठको पूजा गर्ने प्रचलन थियो। अहिले अरू दहः लोप भैसकेको छ। साथै भैरवस्थान पनि अलप भएको देखिन्छ।

यसको पीठ हाल गुरुज्यूको घडेरीभित्र अवस्थित छ। सबैले यीनलाई कुमारी भनी पूजन गरी आएको ज्ञात हुन आएको छ।

९. यतखा भलू

यतखामा मूलसडकको बायाँ एउटा तीन कवले पाटी छन्। यसैको ठीक कुनामा सडकैनिर भैरव अवस्थित छन्। यसैलाई "यतखा भलू" भनी पूजा अर्चना गरी आएको पाइन्छ।

यसको पीठ संगै छन्। हाल फलामको बार लगाई सुन्दर बनाइएको छ। यसलाई कुमारी भनी पूजन गरी आएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०. नेत भलू

नरदेवीका मन्दिरको दायाँपट्टि तीनतल्ले छाना भएको "भुलखा देग:" भन्ने एउटा मन्दिर छ। यस मन्दिर हातामै ठूलो शिला गाडिएको छ। यसलाई हाल फलामको दण्डीले वार लगाई राम्रो बनाएको छ। यही नै "नेत भलू" हुन्।

यसको पीठ नरदेवीका मन्दिर हुन्। यस मन्दिरका देवतालाई नेवारी भाषा-बाट "नेत भलू अजिमा" भन्दछन्। यस नामबाटै पीठ हुन् भनी स्पष्ट थाहा पाउन सकिन्छ।

११. कुलां भलू

टेंगलवाट अलि पछिमलाई 'कुलां भलू' भन्दछन्। यहाँको भैरव चार दुवाटैमा इनारको समीप कुनामा अवस्थित छन्।

यसको पीठ रक्तकाली नै हुन् भन्न सकिन्छ। किन भने यस रक्तकालीलाई नेवारी भाषावाट "कुलां भलू अजिमा" भन्दछन्। यसैबाट स्वत: सिद्ध हुनआउँछ।

१२. इखा भलू

छत्रपाटीको पुरानो नाम इखा हुन्। यहाँ तीनतल्ले सानो भैरवको मन्दिर छ। यी नै "इखा भलू" हुन्।

यसको पीठ हाराहारीमै पाइन्छ। यस मन्दिरको पछाडिबाट क्वाद्बं आउने वाटोको दायाँपट्टि घरको भित्तामा मूर्ति लेखी पूजा गरी आएको पाइन्छ। "इखा भलू अजिमा" पहिले यहाँनिरै छन् भन्ने अनुमान गर्न सकिन्छ।

१३. क्वाद्बं भलू

क्वाद्बंमा चपली (स्वांछापु) गणेशको दुइतले भव्य मन्दिर छ। यसको ठीक पछाडि महांकालको मूर्ति छ। यसैको मुनि एउटा गोलाकार शिला छन्। यसलाई कसैले भैरव, कसैले महादेव भनी पूजा गर्दै आएको छ। यही नै 'क्वाद्बं भलू' हुन् भनी अनुमान गर्न सकिन्छ।

यसको पीठ दाहिनेपट्टि अवस्थित छन्। वृषभमाथि आरूढ भएका देवीको मूर्ति छन्। यी माहेश्वरीका मन्दिरको तोरण भएकोले यही नै पीठ हुन् भनी थाहा पाउन सकिन्छ।

१४. थँहिटी भलू

थँहिटीबाट क्वावहाल जाने वाटोको कुनैमा भैरवस्थान अवस्थित छ। यसै-लाई पूजा अर्चना गरी आएको पाइन्छ। 'थँहिटी भलू' यीनै हुन्।

यसको पीठ हाराहारीमा कतै पाइएको छैन। यस सम्वन्धमा अन्वेषण गर्न बाँकी नै छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१५. ज्याथा भलू

ज्याथाको चौवाटोबाट दक्षिण लाग्दा गणेशको मन्दिर आउँछ। उक्त मन्दिरको अगाडि तीनकवले पाटीको कुनैमा एउटा शिला अडयाई राखेको छ। स्थानीय वासिन्दाले यसलाई भैरव मानी पूजा गरी आएको छ। यस तथ्यवाट 'ज्याथा भलू' यी नै हुन् भनी थाहा पाउन सकिन्छ।

यसको पीठ पनि नजीकै छन्। नानीबाहा जाने गल्लीको कुनैमा अवस्थित छन्। यसलाई कुमारी भनी पुकारी आएको पाइन्छ।

१६. त्यौड भलू

त्यौडमा पहिले "तेउदह:" नामक एक ठूलो पोखरी थियो। यी पोखरी म्हासिंदै अवशेषको रूपमा श्री नारायण महर्जनका घरभित्र चोकमा एउटा सानो खाल्डाको रूपमा बाँकी छ। यस दहको महिमा धेरै सुन्नमा आउँछ। यस सन्दर्भमा पछि प्रस्तुत गरिनेछ। यही दहको नामवाट टोलका नाउँ पनि 'त्यौड' हुन गएको हो भन्ने जनधारणा छ।

यो दह: ज्वालामाईको मन्दिरदेखि पूर्वपट्टि पर्छ। यहाँ कमलादि गणेशको सत्तल (द्यःछेँ) छन्। यसैको मुनिबाट उत्तर लागी दायाँतर्फ सडक बीचमा एउटा खाल्डा छन्। यसैलाई भैरव भनी पूजा गरी आएको पाइन्छ। यस आधारमा 'त्यौड भलू' यी नै हुन् भनी अडकल गर्न सकिन्छ।

यसको पीठ पनि हाराहारीमा पाइन्छ। यहाँदेखि चार घर जति पर वायाँपट्टि चोकमा अवस्थित छ। यी चोकलाई पीगंचोक भनिन्छ। यस पीठलाई भैरवाष्टमीका दिन पूजा गरी सम्हेवजि बाँडिन्छ। यस तथ्यवाट पीठ यी नै हुन् भन्ने ज्ञात हुन आउँछ।

यसरी कोलीग्राम (यम्वु, कान्तिपुर तथा सुवर्णप्रणाली महानगर) लाई षोडश भैरव र पीठले घेरिएको छ।

यसपछि दबुली (डबली)हरू निर्माण भए। दबुलीहरू पनि यसै क्रमवाट निर्माण भएको देखिन्छ। असन दबुली, केल दबुली, इन्द्रचोक दबुली, मखन दबुली, मदु दबुली, प्याफल दबुली, यतखा दबुली, नेत दबुली, तेंगल दबुली, इखा दबुली, थँहिटी दबुली र त्यौद दबुली हुन्। यी मध्ये कतिपय दबुलीको अस्तित्व नै मेटिसकेको देखिन्छ। यसवाट पनि कोलीग्रामको क्षेत्र निर्धारित गरेको देखिन्छ।

यस अतिरिक्त मण्डपहरू निर्माण भए। यी मण्डपहरू कुन ताका कस्ले निर्माण गरेका हुन्? थाहा पाउन सकेको छैन। काष्ठमण्डप राजा शिव सिंहदेवका पालामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ने.सं. २४० ताका निर्माण भएको प्रतीत हुन आएको कुरा माथि उल्लेख गरिसकेको छ ।त्यहाँबाट "प्याफल मण्डप" लोप भइसकेको छ । यसपछि "नेत मण्डप" अद्यापि नरदेवीको मन्दिर सामुन्ने अवस्थित छ । "तेगल मण्डप" लोप भइसके । यताबाट "लुतिमण्डप"को नाम निसाना नै हराईसके । असन मण्डप अन्नपूर्णको मन्दिर सामू अवस्थित छ । "केल मण्डप र वंघल मण्डप" लोप भई हराईसके । मखन मण्डप नाम मात्र बाँकी छ । यी मण्डपहरूले पनि कोलीग्रामको क्षेत्र तथा सिमानालाई पुष्टि गरेको देखिन्छ ।

दक्षिण कोलीग्राम:- यस विषयमा लेखको प्रारम्भमा नै छोटकरी चर्चा गरिसकेको छ । साधारणत: कोलीग्रामबाट बस्ती सर्दैगए । अन्तबाट बसाइ सर्दैआए । घना वस्ती भएपछि एउटा गाउँको रूप लिए । अनि पछि 'दक्षिण कोलीग्राम' भनी नामाकरण भएको हुनसक्छ । किन भने दक्षिण कोलीग्राम शहर व्यवस्थित रूपबाट निर्माण भएको देखिदैन । साथै भैरव, पीठ, दबुली, मण्डप आदिबाट निर्धारित सिमाना तथा क्षेत्र पाइएको छैन । तसर्थ यसको विस्तृत अध्ययन अनुसन्धान गरी पछि प्रकाशमा ल्याउनेछु । अस्तु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष २०४८।४९ मा राष्ट्रिय अभिलेखालयको वार्षिक गतिविधि

राष्ट्रिय अभिलेखालयको मुखपत्र "अभिलेख"को माध्यमबाट राष्ट्रिय अभिलेखालयको वार्षिक गतिविधि जनसमक्ष पुऱ्याउन पाउँदा अभिलेखालय परिवारलाई हर्ष लाग्नु स्वभाविकै हुन्छ ।

प्रत्येक वर्ष झैं यस वर्ष पनि अभिलेखालयको उद्देश्यअनुरूप ने. ज. ह. ग्र. सं. परियोजनाका डा. एयरहार्ड र राष्ट्रिय अभिलेखालयका रिप्रोग्राफर श्री वसन्त कुमार चित्रकारद्वारा डोल्पा जिल्लाको भ्रमण गरिएको थियो । यस भ्रमणवाट १३५ थान तिब्बती पुस्तकहरूको १७ रिल माइक्रोफिल्म संकलनमा आएको छ ।

राष्ट्रिय अभिलेखालय तथा अन्यत्र माइक्रोफिल्म गरिएका पुस्तकहरूको तेरिज निम्न बमोजिम छ–

माइक्रोफिल्म भएका रिल र पुस्तक

एल ३७३, के १८३–२५६	= ७४ रिल	जम्मा पुस्तक थान	६०००
ई २६८४–२७२२	= ३९ रिल	" "	४२६
ए. टी. ५१–११३	= ६३ रिल	" "	७८५
ए १३९८–१४००	= ३ रिल		

खर्च भएको माइक्रोफिल्म रिल

फिट १६३०+२२३३ = जम्मा ३८६३ फिट

माइक्रोफिल्म कपी भएको

जम्मा पुस्तक	२९७ थान
तमसुक	२४८ थान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुसन्धान गर्ने व्यक्तिको विवरण

१) मूलग्रन्थबाट

शाखा	अनुसन्धाताको संख्या	पुस्तक संख्या
(क) ज्योतिष	४०	९५
(ख) अभिलेख	१०	५०
(ग) धर्मशास्त्र	६	२३
(घ) तन्त्र	३७	८५
(ङ) दर्शन	३१	५२
(च) मुद्रित	३५	९६

२) माइक्रोफिलमबाट

स्वदेशी – १० विदेशी – ३ जम्मा रिल १५६

यसबाट श्री ५ को सरकारलाई जम्मा रु. ८४,५७८।२८ राजस्व आम्दानी हुन आएको छ। अभिलेखालयमा विभिन्न श्रोतबाट संकलन भएका ग्रन्थहरूको तेरिज:–

खरीद गरिएका मुद्रित पुस्तक ८६ थान

विभिन्न कार्यालय वा सरकारी कार्यालयबाट प्राप्त

१.	संविधान सुझाव आयोगको प्रतिवेदन र मस्यौदा	–	१+१ थान
२.	शाही नेपाली सैनिक निशान छाप (शा. ने. सै.)	–	२ थान
३.	नेपालमा न्यायिक विकासको इतिहास	–	१ थान
४.	किताबखानावाट कर्मचारीको वैयक्तिक विवरण २००२ सालसम्मको		१३ थान
५.	नेपाल अधिराज्यका विभूषण	–	२ थान
६.	राष्ट्रिय पंचायतको बैठकको कारवाहीको विवरण	–	४२ थान
७.	नेपाल तिव्वत मैत्रीसंघद्वारा प्रकाशित कार्यपत्र संग्रह	–	१ थान
			जम्मा ६३ थान

भौतिक सुविधा बढाउनेतर्फ यस आर्थिक वर्षमा जर्मनी सरकारको सहयोगबाट दुई तले माइक्रोफिलम भवन तयार भएको छ।

दक्ष जनशक्ति वृद्धि गर्ने क्रममा मलेशिया सरकारवाट प्राप्त संरक्षणसम्बन्धी छात्रवृत्तिमा तालिमको लागि कारवाही भइरहेको छ। हरेक ४ वर्षमा सम्पन्न हुने अन्तर्राष्ट्रिय अभिलेख संघको अभिलेख विशेषज्ञहरूको भेला यस वर्ष क्यानाडाको मोनट्रेलमा "The Progession of the Archivist in the Information Age" विषयमा वरिष्ठ अभिलेख विशेषज्ञ श्रीमती सानीमैयाँ राणाले भाग लिनुभएको थियो। यस प्रकार आगामी वर्षमा पनि राष्ट्रिय अभिलेखालयको प्रगतिमा तीव्रता आउने आशा राख्दै आर्थिक वर्ष ०४८।४९ को गतिविधि जनसमक्ष प्रस्तुत गरिएको छ। अस्तु।

★

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुद्रक:- संकटा प्रेस, ख १-८३ टेबहाल, काठमाडौं-३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection